सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ पुस २०८०, मंगलबार (19 Dec 2023, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

विश्वविद्यालयमा भागबन्डा अन्त्य गर्ने प्रधानमन्त्रीको घोषणा



त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजित त्रिभुवन विश्वविद्यालयको ४९औं दीक्षान्त समारोह। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

शिवहरि धिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वविद्यालयहरूमा हुने गरेको राजनीतिक भागबन्डाको अन्त्य गर्ने घोषणा गरेका छन्। त्रिभुवन विश्वविद्यालयको ४९औं दीक्षान्त समारोहलाई सोमबार सम्बोधन गर्दै उनले अन्य दलहरूलाई पनि भागबन्डाका आधारमा नभएर मेरिटको आधार उपकुलपतिलगायतका पदाधिकारी नियुक्तिका लागि अग्रसर हुन अपिल गरेका छन्।

'आजको यो दीक्षान्त समारोह नेपालको इतिहासमा मात्रै ऐतिहासिक बनेन, विश्वइतिहासमा नै दीक्षान्त समारोहको तमाम शृंखलामा एउटा रेकर्ड हुन गयो, आज म यस अवसरमा त्रिभुवन विश्वविद्यालयबाट नै राजनीतिक भागबन्डाको अन्त्य गर्ने, मेरिटको आधारमा उपकुलपतिलगायतका पदाधिकारी नियुक्ति गर्ने प्रतिबद्धता तपाईंहरूको अगाडि व्यक्त गर्दछु,' त्रिविका कुलपतिसमेत रहेका प्रधानमन्त्री प्रचण्डले भने, 'यसका निम्ति खुला प्राज्ञिक प्रतिस्पर्धामा आउन देशभित्र र विश्वभर रहेका विज्ञ नेपालीलाई विशेष आह्वान पनि गर्दछु, राजनीतिक दलहरूलाई त्रिभुवन विश्वविद्यालयमा भागबन्डा होइन, मेरिटको आधारमा नियुक्ति गर्नका लागि अग्रसर हुन अपिल गर्दछु।'



खुला प्राज्ञिक प्रतिस्पर्धामा आउन देशभित्र र विश्वभर रहेका विज्ञ नेपालीलाई विशेष आह्वान पनि गर्दछु, राजनीतिक दलहरूलाई त्रिभुवन विश्वविद्यालयमा भागबन्डा होइन, मेरिटको आधारमा नियुक्ति गर्नका लागि अग्रसर हुन अपिल गर्दछु।

त्रिविमा हालसम्मकै धेरै विद्यार्थी दीक्षित

सोमबार त्रिविबाट ७३ हजार ७४९ विद्यार्थी दीक्षित भएका छन्। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजित दीक्षान्त समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल पनि उपस्थित थिए। समारोहमा १२ हजार ४१५ विद्यार्थी सहभागी भए।

चार गुणाले बढाइयो वैदेशिक रोजगारीमा जाने श्रमिकको तालिम शुल्क

सात सय रहेको तालिम शुल्कलाई श्रम मन्त्रालयले कार्यविधि संशोधन गरेर अनलाइन परीक्षा शुल्कसहित २८ सय पुऱ्यायो, ९०% कामदार तालिमविनै बिदेसिने तथ्य सार्वजनिक भएको अवस्थामा तालिमअवधि पनि थपेर प्रक्रिया थप झन्झटिलो बनाइयो

● **केवलप्रसाद भण्डारी**
सचिव, श्रम मन्त्रालय
अहिलेको शुल्कले तालिम दिन नसक्ने अवस्था भयो। त्यसैले तालिम शुल्क वृद्धि गरिएको हो। तालिम शुल्कको साथमा समय पनि थप गरिएको छ।

● **डा. द्वारिका उप्रेती**, कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड
मन्त्रालयले निर्देशन दिए निःशुल्क तालिम उपलब्ध गराउन बोर्ड तयार छ।

मुना कुँवर/नयाँ पत्रिका

सरकारले वैदेशिक रोजगारीमा जानुअघि श्रमिकले लिनुपर्ने अभिमुखीकरण तालिम शुल्क चार गुणा बढाएको छ। यसअघि सात सय मात्रै शुल्क तोकिएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ संशोधन (पहिलो) गरी अनलाइन परीक्षासमेत दिनुपर्ने व्यवस्था थपेर दुई हजार आठ सय पुऱ्याएको हो।

संशोधित कार्यविधिमा तालिम शुल्क दुई हजार एक सय र परीक्षा शुल्क सात सय तोकिएको छ। यसअघि तालिम शुल्क सात सय मात्रै थियो, परीक्षाको व्यवस्था थिएन। वैदेशिक रोजगारीमा जाने कामदारलाई अभिमुखीकरण तालिमअन्तर्गत गन्तव्य मुलुकमा जाँदा हवाईजहाजमा सिटबेल्ट बाँध्नेदेखि त्यहाँको भाषा, संस्कृति, रोजगारीको प्रक्रिया, सुरक्षा, प्रहरी नियम, मानसिक स्वास्थ्य समस्या हुँदा अपनाउनुपर्ने प्राथमिक उपचार र रोजगारदाताबाट कुनै समस्या भएमा अपनाउनुपर्ने कानुनी उपचारसम्म जानकारी दिइन्छ।

» पृष्ठ ११ मा क्रमशः



■ अनलाइन परीक्षामा ५० अंक ल्याउनुपर्ने

संशोधित कार्यविधिको दफा ५ मा वैदेशिक रोजगारमा जाने प्रत्येक कामदारले अनलाइनबाट परीक्षा दिई कम्तीमा ५० अंक प्राप्त गर्नुपर्ने व्यवस्था छ। कामदार आफैंले वा तालिम केन्द्रले अनलाइन परीक्षा दिन वा दिलाउन सक्नेछ। कामदारले तालिम केन्द्रमा गई रेटिना रजिस्ट्रार गरेपछि मात्र परीक्षा दिन योग्य हुनेछ। परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था तालिम महासंघले प्रक्रिया पूरा गरी आफैंले वा सहकार्य गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ। परीक्षाको व्यवस्था नहुँदै प्रमाणपत्र खरिद-बिक्री हुने बजारमा परीक्षा प्रणालीले भनै घुसपैठ मौलाउने प्रवासी नेपाली समन्वय समितिका पूर्वअध्यक्ष कुलबहादुर कार्कीले बताए।

■ दुई दिनको तालिम सफल नहुँदै तीन दिन बनाइयो

श्रम मन्त्रालयले अनिवार्य गरेको दुईदिने पूर्वप्रस्थान अभिमुखीकरण तालिम असफल प्रायः भइसकेको छ। वैदेशिक रोजगारीमा जाने ९० प्रतिशत कामदारले तालिम नलिईकन नै विदेश जाने गरेको अध्ययन नै सार्वजनिक भएका छन्। कामदारले दुई दिनको तालिम पनि लिन नसकेका वेला मन्त्रालयले भने तालिमको अवधिलाई बढाएर तीन दिन बनाएको छ। मन्त्रालयले गरेको नयाँ व्यवस्थाअनुसार तालिम सञ्चालन अवधि दैनिक ६ कार्य घन्टाको दरले लगातार तीन दिन (१८ घन्टा) हुनेछ। प्रत्येक तीन घन्टाको दरले जम्मा नौ घन्टा प्रारम्भिक भाषा कक्षा, प्रत्येक दिन तीन घन्टाको दरले नौ घन्टा पूर्वप्रस्थान अभिमुखीकरणसहित गन्तव्य मुलुकको भूगोल, धर्म, संस्कृति, सामाजिक मूल्य मान्यताबारे जानकारी दिइनेछ।

सरकारले चलखेल गर्ने अवस्था बनाइदिएको छ, कामदार झनै ठगिनेछन्

कुलबहादुर कार्की, पूर्वअध्यक्ष
प्रवासी नेपाली समन्वय समिति



शुल्क वृद्धि गर्दैमा श्रमिकले अनिवार्य तालिम लिने सुनिश्चित हुँदैन। तसर्थ, पहिला तालिमलाई नियमन गर्नुपर्‍यो। शुल्क मात्रै वृद्धि गरेर सरकारले चलखेल गर्ने अवस्था सिर्जना गरिदिएको छ। यो व्यवस्थाले कामदार झनै ठगिनेछन्। सरकारले श्रीमकलाई अभिमुखीकरण तालिम दिने जिम्मा नै व्यवसायीको हातमा दिएको छ। कतिपय म्यानपावर कम्पनीले नै त्यस्तो तालिम केन्द्र चलाएका छन्। अनि त्यस्ता व्यवसायी आफैंले सही जानकारी दिन सक्लान् त ? यसमाथि तालिम शुल्क वृद्धि गर्नु भनेको कामदारलाई थप शोषण गर्नु हो।

म्यानपावरले रकम असुल्छन् र तालिम केन्द्रको सेटिङमा प्रमाणपत्र दिन्छन्

राजाराम गौतम, अध्यक्ष,
वैदेशिक रोजगार अभिमुखीकरण तालिम व्यवसाय महासंघ



म्यानपावर कम्पनीले नै कामदारलाई अभिमुखीकरण तालिममा पठाउँदैनन्। उनीहरूले कामदारबाट रकम असुल्छन् र तालिम केन्द्रमा सेटिङ मिलाएर प्रमाण निकाल्छन्।

■ मेलम्चीको पानी माग्दै रित्ता भाँडा लिएर सडकमा



काठमाडौं उपत्यकामा खानेपानीको अभाव भएको भन्दै काठमाडौंवासीले रित्तो गाग्री बोकेर प्रदर्शन गरेका छन्। कोटेश्वरवासी र काठमाडौं उपत्यका मेलम्ची खानेपानी संघर्ष समितिले सोमबार रित्ता भाँडा बोकेर कोटेश्वर, तीनकुने हुँदै मीनभवनसम्म प्रदर्शन गरेका हुन्। प्रदर्शनका क्रममा उनीहरूले उपत्यकावासीलाई सहज र नियमित रूपमा खानेपानी वितरण गर्नुपर्नेलगायत माग गरेका थिए। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ त्रिवि टपरहरू भन्छन्- देशमै केही गर्छौं



त्रिभुवन विश्वविद्यालयका विभिन्न संकाय तथा विभागका हरेक वर्ष २७ जना विद्यार्थी गोल्ड मेडलिस्ट बन्छन् भने हजारौं विद्यार्थी दीक्षित हुन्छन्। सोमबार त्रिविबाट दीक्षित भएका र उत्कृष्ट अंक ल्याउन सफल विद्यार्थीले भने स्वदेशमै बस्ने र केही गर्ने योजना सुनाए।

(विस्तृत पृष्ठ ३)

■ भिजिट भिसामा सेटिङ
दैनिक करिब एक करोड घुस लेनदेन

अध्यागमनका कर्मचारीलाई हरेक हप्ता नयाँ मोबाइल

नवराज मैनाली/नयाँ पत्रिका



भिजिट भिसामा हुने मानवतस्करीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको संस्थागत संलग्नता देखिएको छ। पक्राउ परेका एक अध्यागमन अधिकृत र एजेन्टहरूमाथिको अनुसन्धानले दैनिक करिब एक करोड रुपैयाँ घुस लेनदेन हुने गरेको उजागर गरेको छ।

प्रहरीले नक्कली कागजपत्र बनाउने र भिजिट भिसामा विदेश पठाउने ३४ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ, जसमा अध्यागमन अधिकृत नरवीर खड्कासमेत छन्। एजेन्टसँग दुई लाख रुपैयाँ लिँदै गर्दा प्रहरीले उनलाई रंगेहात पक्राउ गरेको थियो। प्रहरीको सोधपुछमा उनले अध्यागमन कार्यालयभित्र संस्थागत रूपमै पैसा लेनदेन हुने गरेको स्वीकार गरेका हुन्। अध्यागमनका अन्य कर्मचारीविरुद्ध प्रहरीले प्रमाण संकलन गरिरहेको छ।

प्रहरीका अनुसार दैनिक सेटिङमा दुई सयदेखि तीन सयजना भिजिट भिसामा रोजगारीका लागि विदेश जाने गर्दथे। उनीहरूसँग ३० हजारदेखि ५० हजार रुपैयाँ एजेन्टमार्फत अध्यागमनका कर्मचारीले घुस लिन्थे। यसअनुसार औसतमा दैनिक करोड रुपैयाँ घुस लेनदेन हुने गरेको प्रहरी अधिकारी बताउँछन्।

पक्राउ परेका एजेन्ट मनोज लामाले मात्र पछिल्लो तीन महिनामा अध्यागमन कर्मचारीलाई दुई करोड रुपैयाँ बुझाइसकेको बताएका छन्। उनीजस्ता दर्जनौं एजेन्ट अध्यागमनमा सेटिङ मिलाउँथे। खासगरी कुवेत र संयुक्त अरब इमिरेट्समा भिजिट भिसामा पठाउन यस्तो सेटिङ हुने गरेको थियो। त्यसरी गएकाहरू कतिपय बेचिएका छन् भने केही बिचल्लीमा परेर फर्किएका छन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले भिजिट भिसामा मानवतस्करी गर्ने चारवटा समूहलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। प्रारम्भिक अनुसन्धानमा भिजिट भिसामा हुने मानवतस्करीमा अध्यागमनका कर्मचारीको पनि मिलेमतो देखिएको र यसमा विस्तृत अनुसन्धान भइरहेको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सुन तस्करीमा नागरिक उड्डयनकै कर्मचारीको संलग्नता

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन तस्करीमा नागरिक उड्डयन कार्यालयकै कर्मचारीको पनि संलग्नता पुष्टि भएको छ। त्यहाँका चार कर्मचारीलाई भन्सारले पक्राउ गरेको छ। उनीहरूले विगतमा पटक-पटक सुन पास गरेकोसमेत अनुसन्धानबाट पुष्टि भएको छ। दुईजना स्थायी र दुईजना करारका कर्मचारीलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको विमानस्थलस्थित भन्सार कार्यालयका प्रमुख डा. टोकराज पाण्डेले बताए। उनले भने, 'नागरिक उड्डयनका चार कर्मचारी नियन्त्रणमा छन्, उनीहरूको संलग्नताबारे विस्तृत अनुसन्धान भइरहेको छ।'

नागरिक उड्डयनका कर्मचारी सुन तस्करीमा पक्राउ परेको पहिलोपटक हो। भन्सार, एयरलाइन्स र प्रहरीका कर्मचारी भने विगतमा पनि पक्राउ परेका थिए।

पक्राउ परेकाहरू तल्लो तहका कर्मचारी हुन्। पक्राउ पर्नेमा प्लम्बर, सुरक्षागार्ड तथा अप्रेटरहरू रहेको भन्सार स्रोत बताउँछ। उनीहरूले विमानस्थलको सुरक्षा कमजोरी पत्ता लगाई सुन पास गराउने गरेका थिए। विमानस्थलमा सरसफाइको काम गर्ने तीन कर्मचारी पनि पक्राउ परिसकेका छन्। विदेशबाट आउनेसँग शौचालयमा सुन लिने र उनीहरूले फोहोरभित्र राखेर पास गराउँदै आएका थिए। यसरी लामो समयदेखि सयौं केजी सुन तस्करी भइसकेको आशंका गरिएको छ।

गत २२ मंसिरमा भन्सारले १४ किलो सुन बरामद गरेपछि यसमा छानबिन सुरु भएको हो। दुबईबाट आएका मीनबहादुर घले १४ किलो सुनसहित पक्राउ परेका थिए। उनीजस्तै विगतमा सुन ल्याउने श्रीकृष्ण श्रेष्ठ पनि पक्राउ परेका छन्। तस्करीको व्यवस्थापनमा संलग्न चन्द्र घलेसहित १० जना पक्राउ परिसकेका छन्।

सुन तस्करी गर्ने भरियाहरूले पाँच रुपैयाँको नोट लिएर जाने, सो नोट दुबईका एजेन्टलाई दिने गर्दथे। ती एजेन्टहरूले उनीहरूलाई सुन दिएर पठाउने गरेको खुलेको छ। 'एक तहबाट अर्को तहबीच सम्बन्ध टुटाएर संगठित रूपमा तस्करी हुने गरेको देखिन्छ,' भन्सार प्रमुख पाण्डेले भने।

६५ वर्षमा नेपालले पठायो राष्ट्रसंघीय मिसनमा एक लाख ४७ हजार ७४० सैनिक

धेरै फौज पठाउनेमा नेपाल दोस्रो स्थानमै, बंगलादेशलाई उछिनेर भारत पहिलो स्थानमा उक्लिँदै

मालीमा शान्ति मिसन बन्द, १६ नेपाली सैनिक मात्रै फर्किन बाँकी

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा सहभागिता जनाउन थालेको ६५ वर्षमा एक लाख ४७ हजार सात सय ४० नेपाली सैनिकले विभिन्न देशमा शान्ति स्थापनार्थ काम गरेका छन्। मिसनहरूमा कर्तव्य पूरा गर्ने सिलसिलामा ६५ सैनिकले ज्यान गुमाएका छन् भने ६६ जना घाइते भएका छन्।

■ बहुराष्ट्रिय शान्ति अभ्यास
नेपालमा २२ देशका सैनिक आउँदै

नेपाल सन् १९५५ मा राष्ट्रसंघको सदस्य भएको थियो। १९५८ देखि नेपाली सेना

» पृष्ठ ११ मा क्रमशः



■ महिला सैनिक थप्ने योजना नेपालले संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा १० हजार सेना पठाउने प्रतिबद्धता जनाएको छ। सेनाको पछिल्लो तथ्यांकअनुसार शान्ति स्थापक मिसनमा पाँच सय ७३ जना महिला सैनिक कार्यरत छन्। हालसम्म दुई हजार तीन सय ७६ महिला सैनिकले मिसनमा काम गरेका छन्। सन् २०२८ सम्म मिसनमा फौजी महिलाको संख्या १५ प्रतिशत तथा सैन्य पर्यवेक्षक तथा स्टाफ अफिसरको संख्या २५ प्रतिशत पुऱ्याउने लक्ष्य राष्ट्रसंघले लिएको छ। सैनिक प्रवक्ता कृष्णप्रसाद भण्डारीले नेपाली सेना क्रमिक रूपमा महिलाको संख्या बढाउने पक्षमा रहेको बताए। 'क्रमिक रूपमा महिला सैनिकको सहभागिता बढाउन हामी प्रयासरत छौं,' उनले भने।

कहाँ कति शान्ति सैनिक ?

संयुक्त राष्ट्रसंघ मुख्यालय	६
माली	१६
कंगो-	११५२
दक्षिण सुडान	१७५९
लेबनान	८७४
सिरिया	४११
सेन्ट्रल अफ्रिकन रिपब्लिक	१२४२
इराक	८८
लिबिया	२३५
इजरायल	१
यमन	३
अबेई सुडान	१०५
वेस्टर्न सहारा	५
कुल	**५८९७**

(स्रोत : नेपाली सेना)

सालकको खपडासहित तीनजना पक्राउ

काठमाडौं/ दुर्लभ वन्यजन्तु सालकको खपडासहित तीनजनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूलाई काठमाठौं महानगरपालिका-३२, पेप्सीकोलाबाट सालकको खपडासहित पक्राउ गरिएको हो। पक्राउ पर्नेमा दोलखा गौरीशंकर गाउँपालिका-१ का २० वर्षीय अमृत लामा, दोलखा जिरी नगरपालिका-३ का २५ वर्षीय विशाल बस्नेत र जिरी नगरपालिका-४ का २७ वर्षीय सुकवीर तामाङ रहेका छन्। खपडा बेचबिखन भइरहेको भन्ने सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उनीहरूको साथबाट ४४ इन्च लम्बाइ, २१ इन्च चौडाइ भएको खुट्टाको नंग्रा, छालासहित पक्राउ गरिएको हो।

वीरमा सुरु भयो टोमोथेरापी सेवा

शिवहरि घिमिरे/नयाँ पत्रिका

क्यान्सरका बिरामीको उपचारका लागि संसारमै उपयोगी मानिएको आधुनिक उपकरण टोमोथेरापी सेवा वीर अस्पतालमा सुरु भएको छ। सोमबार एक बिरामीको क्यान्सरको घाउ सेकेर (रेडिएसन दिएर) सेवा प्रारम्भ गरिएको हो।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतले मंगलबारदेखि टोमोथेरापी सेवालाई बढाउँदै लगेर दिनमा ३० जनासम्मको उपचार गर्ने व्यवस्था मिलाउने बताए। 'हामीले टोमोथेरापी सेवा सुरु गरिसकेका छौं, सोमबार एकजना बिरामीले यसबाट उपचार सेवा लिनुभयो, अब मंगलबारदेखि यो सेवा विस्तार हुन्छ,' उनले भने, 'यो मेसिनका कारण क्यान्सरका बिरामीलाई ठूलो राहत मिल्नेछ।'

डा. बस्नेतले मेसिनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्राविधिक व्यवस्थापन सहज भइसकेकाले बिरामीले सहजै लाभ लिन सक्ने बताए। तर, यसलाई कसरी सञ्चालन गर्ने, दररेट कति राख्ने, कुन-कुन समयमा सेवा दिनेलगायतबारे गृहकार्य भइरहेको छ।

टोमोथेरापी क्यान्सरको उपचार गर्ने संसारकै अत्याधुनिक उपकरण हो। गत १८ भदौमा सप्लायर्स कम्पनी लाइफलाइन ट्रेड सप्लायर्सले अकुरे कम्पनीको नयाँ 'टोमोथेरापी' अस्पताललाई हस्तान्तरण गरेको थियो । यसको खरिद मूल्य ४० करोड हो। तर, प्राविधिक जनशक्ति अभावको समस्या देखाउँदै अस्पताललले मेसिन सञ्चालनमा ढिलो गरेको छ। अब भने सञ्चालनको तयारी पूरा भइसकेको अस्पताल प्रशासनले जनाएको छ।



टोमोथेरापी उपकरणद्वारा शरीरका भित्री कोष तथा नलीहरूमा हुने सूक्ष्म क्यान्सरको समेत उपचारमा यो मेसिन निकै प्रभावकारी मानिन्छ। यो रेडियोथेरापीभन्दा फरक छ। यो उपकरणबाट निस्किने विकिरण (रेडिएसन)ले क्यान्सर लागेको ठाउँका सेलहरू मात्रै मार्छ। यसले कपालको रौंबराबरको कोषहरूलाई छुट्याएर क्यान्सर लागेको र नलागेको वर्गीकरण गर्न सक्छ भने यसको प्रयोग गर्दा क्यान्सरले नछोएका सेलहरू मर्ने सम्भावना नहुने चिकित्सकहरूको भनाइ छ।

तर, रेडियोथेरापीमा क्यान्सर लागेको ठाउँमा विकिरण पठाउँदा अन्य ठाउँका सेल पनि मार्ने धेरै सम्भावना हुन्छ। रेडियोथेरापीमा कतिपय अवस्थामा क्यान्सर निको भएको ठानिए पनि फेरि ब्युँतिने डर हुने गरेको छ। तर, टोमोथेरापीको प्रयोग गरेर विकिरण दिँदा क्यान्सर पूर्ण निको हुने बताइन्छ।

यो मेसिन सुरुमा ०७५ मै ल्याइएको थियो। तर, बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा राखियो। त्यहाँ राख्दा मेसिनमा खिया लागेपछि बिग्रियो। अस्पतालले सप्लायर्स कम्पनीसँग मेसिन अस्वीकार गर्ने निर्णय गरेपछि गत भदौमा नयाँ मेसिन ल्याइदिएको हो ।

महँगो शुल्क तोकिँदै

नेपालमा टोमोथेरापी मेसिनको प्रयोग गर्न चाहने बिरामीले डेढ लाख रुपैयाँ तिर्नुपर्ने व्यवस्था अस्पतालले गर्दै छ। वीरमा आउने बिरामीमध्ये अधिकांश विपन्न तथा आर्थिक हैसियत कमजोर भएका आउँछन्। तर, शुल्क महँगो राख्दा बिरामी मारमा पर्ने तथा उपचार सेवा नै लिन नसक्ने अस्पतालका चिकित्सकहरू नै बताउँछन्।

'अत्याधुनिक मेसिन त आयो, तर यसको शुल्क निकै महँगो तोक्न लागिएको छ, सरकारले नै खरिद गरेको उपकरणबाट सस्तोमा सेवा दिनुपर्छ,' उनले भने, 'डेढ लाख तिरेर गरिब उपचार गर्न आउँदैनन्।' तर, न्याम्सका उपकुलपति डा. बस्नेतले अन्य देशको तुलनामा डेढ लाखमा सेवा दिनु सस्तो रहेको बताए।

काठमाडौंका ३३ हिटीको निशाना मेटियो

काठमाडौं/ महानगरपालिका भित्रका ढुंगेधारा (हिटी) संकटमा परेका छन्। महानगरभित्र भएका ढुंगेधारामध्ये ६० प्रतिशत धारामा पानी नआउने, हराउने र नभेटिनेजस्ता समस्या देखिएको छ। अलान फाउन्डेसनको एक अध्ययनअनुसार महानगरभित्र भएका एक सय ५४ ढुंगेधारामध्ये ६१ वटा (४०%) मा मात्र पानी आउँछन्। ५० वटा (३२%) मा कहिल्यै पानी नआउने, १० वटा (६%) संकटमा परेका (लोप हुन लागेको अवस्थामा), २१ वटा (१४%) हराएका र १२ वटा (८%) फेला नपरेको (नभेटिएका) अध्ययन प्रतिवेदनमा उल्लेख छ।

अध्ययनका क्रममा हिटीलाई पाँच प्रकारमा बाँडेर तथ्यांक संकलन गरिएको थियो। एक सय २१ हिटी भौतिक रूपमा भेटिएका छन्। ३३ वटाले आफ्नो निशानसमेत गुमाइसकेका छन्। वडागत रूपमा हेर्दा वडा नम्बर १५ र ३२ मा १२-१२ वटा हिटी छन्। वडा १२ र १३ मा एक-एकवटा, वडा ३ मा २१ र २ ९ मा दुई-दुईवटा, वडा २ र ३० मा तीन-तीनवटा हिटी छन्। वडा नम्बर ५, २८ र ३१ मा चार-चारवटा, वडा नम्बर २० मा पाँचवटा, वडा १, ८, १९, २६ मा ६-६ वटा हिटी फेला परेका छन्। वडा नम्बर १८ मा सातवटा, वडा नम्बर ४ र ७ मा आठ-आठवटा, वडा ९ र १६ मा नौ-नौवटा, वडा १७ मा १० वटा, वडा नम्बर ६ मा ११ वटा र वडा १० मा १३ वटा हिटी छन्। यस्तै, वडा ११, २२, २३, २४, २५ र २७ गरी ६ वटा वडामा एउटा पनि हिटीको अभिलेख भेटिएन।

धारामा पानी आइरहेको, पानीको निकास राम्रो भएको, मर्मत-सम्भार गरिएको र परिसर संरचना कायम राखिएको हिटीलाई काम गर्ने प्रकारमा राखिएको थियो। पानीको प्रवाह नभएका हिटीलाई काम नगर्ने हिटीका रूपमा राखिएको थियो।

'पुस्तकविहीन शुक्रबार'मा सूचीकृत हुन संघ-संस्थालाई आह्वान

काठमाडौं/ 'पुस्तकरहित शुक्रबार कार्यक्रम'अन्तर्गत १ देखि ८ कक्षासम्म व्यावहारिक-प्रयोगात्मक कक्षा सञ्चालन गर्न इच्छुक संघ-संस्थाले विद्यालयमा सूचीकृत हुन पाउने भएका छन्। कक्षा ९ र १० मा भने गत शुक्रबारदेखि नै 'शिक्षामा सीप' तालिम कार्यक्रम सञ्चालन भइसकेको छ। यसका लागि विद्यालयले तालिम प्रदायक संघ-संस्थालाई सूचीकृत गरेर सेवा लिन थालेका हुन्। काठमाडौं महानगरपालिकाको शिक्षा विभागका प्रमुख सीताराम कोइराला भन्छन्, 'यसरी सञ्चालन हुने कार्यक्रमका लागि हामीले छुट्टै बजेटको व्यवस्था गरेका छौं। यो बजेट हामी विद्यालयमा पठाउँछौं। विद्यालयले आफैं कार्यक्रम सञ्चालन गर्नेछन्।' 'पुस्तकरहित शुक्रबार कार्यक्रम' गत वर्षदेखि सुरु भएको कार्यक्रम हो।

सूचीकृत हुनेले चालू आर्थिक वर्षको अन्त्यसम्म बिदा र परीक्षाको अवधि कटाएर १५ वटा शुक्रबार लागि शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। हरेक शुक्रबार ६ घण्टाका कक्षा हुनेछन्। 'पाठ्यक्रम, दरेरटसहित खर्चको प्रस्ताव, कार्यक्रम सञ्चालनका लागि प्रयोग गरिने सामग्रीको विवरणसहित प्रस्तावकले आफूले तालिम सञ्चालन गर्न चाहेका विद्यालय सूचीकृत हुन सक्नेछन्,' सहरी योजना आयोगका सदस्य इन्जिनियर शैलेन्द्र झाले भने।

कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बाल समूहहरू गठन गरिसकिएको छ। कारागारभित्रका, फरक क्षमता भएका बालबालिकाका सञ्चालन भएका र रात्रिकालीन विद्यालयबाहेक ८१ वटा विद्यालयमा समूह गठन गरिसकिएको हो। शुक्रबारको कार्यक्रमका लागि १५ वटा विषय राखिएका छन्।

लिलितपुर महानगरले मनायो १०५औं वार्षिकोत्सव

ललितपुर/ देशकै जेठो नगरपालिका ललितपुर महानगरपालिकाले १०५औं वार्षिकोत्सव मनाएको छ। महानगरपालिका परिसरमा सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यतामा वार्षिकोत्सव मनाइएको हो।

उक्त अवसरमा प्रधानमन्त्री प्रचण्डले स्थानीय सरकार नागरिकको घरदैलो तथा नजिकको सरकार भएकाले प्रभावकारी भूमिका खेल्नुपर्ने बताए। उनले केन्द्र सरकारले गरेका काम-कारबाहीका बारेमा स्थानीय तहले खुलेर प्रशंसा नगरेको र कतिपय गलत सूचना पनि प्रवाह हुँदै आएकोप्रति जनप्रतिनिधिलाई सचेत गराए। 'प्रदेश र स्थानीय तहका निम्ति राम्रो बनाउन खोज्दै छु, मैले गरेको सकारात्मक कामलाई प्रशंसा नगर्नु मेरो सोचलाई प्रोत्साहन नगर्नु हो,' उनले भने, 'प्रधानमन्त्रीले राम्रो गरे भनेर भन्न हाम्रा जनप्रतिनिधि किन तर्सिएका, किन सकारात्मक रूपमा हेरिएको छैन ?'

उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहलाई लक्षित गर्दै बागमती करिडोरमा हस्तक्षेप, फोहोरमैला व्यवस्थापन, तिनकुने पार्कलगायत विषयमा सरकार लचिलो भएर समन्वय गरिरहेको बताए। प्रधानमन्त्रीले गरेका कामको व्याख्या गर्न जनप्रतिनिधिहरू हिचकिचाएको उनले आरोप पनि लगाए। काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)ले समग्र काठमाडौं उपत्यकाको विकास एकैचोटि हुनुपर्ने बताए। काठमाडौं र ललितपुर महानगर आपसमा सम्बन्धित भएकाले एउटाको मात्रै विकासले उपत्यका सुन्दर र विकास हुन नसक्ने मेयर साहको भनाइ छ। तर, संघीय र स्थानीय कानुन बाझिँदा स्थानीय सरकारलाई काम गर्न गाह्रो भएको उनको गुनासो छ। 'यो सम्पूर्ण उपत्यकाको विकास एकैचोटि हुनुपर्छ। सबै पालिकाहरू एकैचोटि बढ्नुपर्ने देखिन्छ। त्यसका लागि केही कुरा त हामी मेयर-उपमेयरहरू बसेर पनि सल्टाउन सक्छौं। तर, कुनै-कुनै कुराहरू यस्ता छन्, जुन संघीय कानुन र स्थानीय कानुन बाझिएका छन्,' उनले भने।

ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले सम्पदा क्षेत्रमा सार्वजनिक खरिद ऐन, ०६३ लागू गर्दा काम गर्न सकस भएको र सम्पदा क्षेत्रसमेत जोखिममा परेको बताउँदै सम्पदा क्षेत्रका लागि अर्को कुनै नियम बनाउनुपर्ने बताए।

संक्षेपमा उपत्यका

सातदोबाटो : ११ किलो एक सय ८० ग्राम अवैध लागुऔषध गाँजासहित प्रहरीले ललितपुरबाट तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा महालक्ष्मी नगरपालिका-८ लुभु बस्ने ५२ वर्षीय विरेन्द्र श्रेष्ठ, ४७ वर्षीय विरेन्द्र श्रेष्ठ र ५४ वर्षीय सुरेश श्रेष्ठ छन्। प्रहरी प्रभाग लुभु र प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनीहरूलाई करिब ११ किलो एक सय ८० ग्राम गाँजासहित आइतबार साँझ पक्राउ गरेको हो।

ब्रह्मखेल : किर्ते गरी सवारी दर्ता किताबलगायतका कागजात तयार गरेको आरोपमा प्रहरीले काठमाडौं महानगरपालिका-१३, कलिमाटीबाट दिलबहादुर घिसिङ र कागेश्वरी मनोहरा नगरपालिका-१, ब्रह्मखेलबाट आइतसिंहलाई तामाङ पक्राउ गरेको छ। काठमाडौं उपत्यका अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरी लिखत किर्तेसम्बन्धी कसुरमा थप अनुसन्धान तथा कारबाहीका लागि आइतबार जिल्ला प्रहरी परिसर टेकु पठाएको छ। साथै, उनीहरूको साथबाट भन्सार चोरी-पैठारी गरी ल्याएका चारवटा कार र विभिन्न सरकारी कार्यालयको छाप पनि बरामद गरेको छ।

बौद्ध : बलात्कार मुद्दामा पुर्पक्षका लागि कारागार कार्यालय जगन्नाथ देवलमा रहेको कैदीलाई छुटाइदिन्छु भन्दै ठगी गर्ने सिन्धुपाल्चोक हेलम्बु-२ घर भई काठमाडौं-६ बौद्ध बस्ने दावा दोर्जे लामालाई प्रहरीले पक्राउ गरेको छ। उनले वकिल र अदालतलाई मिलाउने भन्दै पटक-पटक गरी पाँच लाख लिई ठगी गरी फरार भएका थिए। उनीविरुद्ध उजुरी परेपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले बौद्धबाट पक्राउ गरी थप अनुसन्धान एवं कारबाहीका लागी जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाएको छ।

मैपी : वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै तीन लाख ३० हजार ठगी गरेको आरोपमा रामेछाप तामाकोशी लिखु-२ घर भई काठमाडौं-२६ मैपी बस्ने २६ वर्षीय पोसाक सुनुवारलाई प्रहरीले पक्राउ गरेको छ। उनले टेकबहादुर गुरुङलाई माल्टा पठाइदिन्छु र त्यसका लागि नौ लाख ५० हजार रुपैयाँ लाग्ने भन्दै पटक-पटक गरी तीन लाख ३० हजार दिई सम्पर्कविहीन भएका थिए। उनले पीडितलाई मासिक एक लाख तलब हुने भन्दै विश्वासमा पारी ठगी गरेका थिए। रकम लिई सम्पर्कविहीन भएपछि पीडितले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी गरेका थिए। सोही क्रममा शनिबार उनलाई मैपीबाट पक्राउ गरिएको हो।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सिन्धुलीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८०/०९/११ गते/स्थान : शाखा कार्यालय सिन्धुली

बोलपत्र खोलिने मिति/समय : २०८०/०९/१३ गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : पवित्रा बहुउद्देश्यीय कृषि तथा बाखा फर्म** घरेलु तथा साना उद्योग कार्यालय सिन्धुली प्रा.फ.र.नं. ६४५५/०७७/७८, जारी मिति २०७७/१२/०२, पान नं. ६१५५०६३२४, जारी मिति : २०७७/१२/०३ ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १२, जिनाखु, **प्रोप्राइटर : चित्र कुमार दमाई** **जमानतकर्ताको विवरण** **नाम : चित्र कुमारी दमाई** ना.प्र.नं. २०३०३६/२८९, जि.प्र.का. सिन्धुली जारी मिति : २०६२/१०/०७ पतिको नाम : तिर्थ बहादुर दमई ससुराको नाम : मान वीर दमई ठेगाना : सिन्धुली जिल्ला, जिनाखु गा.वि.स. वडा नं. ३ हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १२ **नाम : तिर्थ बहादुर दमई** ना.प्र.नं. ३३४/२०५५, जि.प्र.का. सिन्धुली जारी मिति : २०४६/०३/१६ बाबुको नाम : मान वीर दमई बाजेको नाम : वीर बहादुर दमई ठेगाना : सिन्धुली जिल्ला, जिनाखु गा.वि.स. वडा नं. ३ हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १२ **धितोको विवरण** चित्र कुमारी दमाईको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, जिनाखु गा.वि.स. वडा नं. १ स्थित किता नं. ११० को क्षेत्रफल ०-१३-१६१/२ बिगाह भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/०३

तपसिलमा उल्लिखित तपाई ऋणीले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँबीच भएको सहमति अनुसार तय गरिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्तिहरु (घर/जग्गा/ शेयर) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

क्र.सं	ऋणीहरुको विवरण	धनजमानीकर्ताहरुको विवरण
१.	**ऋणी : पुष्कर मल्ल** **ना.प्र.नं.: ३०९०९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बभाङ्ग बाबु : जनक बहादुर मल्ल बाजे : रन बहादुर मल्ल स्थायी ठेगाना : बभाङ्ग जिल्ला, बाँम गा.वि.स वडा नं. ८ हालको ठेगाना : काठमाण्डौं जिल्ला, टोखा न.पा. वडा नं. १० **कर्जा शीर्षक : शेयर माग कर्जा (Share Demand Loan)** **शाखा कार्यालय : बालाजु**	**अनिल मल्ल** **ना.प्र.नं. : ७१३०३४-३५४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बभाङ्ग बाबु : जनक बहादुर मल्ल बाजे : रन बहादुर मल्ल स्थायी ठेगानाः बभाङ्ग जिल्ला, केदारस्युँ गा.पा. वडा नं. ४ हालको ठेगानाः काठमाण्डौं जिल्ला, टोखा न.पा. वडा नं. १०
२.	**श्याम कृष्ण घिमिरे** **ना.प्र.नं. : ३३३०११/११३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा। बाबु : टीकाराम घिमिरे बाजे : हरि प्रसाद घिमिरे स्थायी ठेगाना : बारा जिल्ला निजगढ-०५, हालको ठेगाना निजगढ वडा नं.०६, बारा। **शाखा कार्यालय : निजगढ,बारा** **कर्जा : सजिलो लघु कर्जा तथा ओडि कार्ड कर्जा**	**बिष्णु माया घिमिरे** ना.प्र.नं. : ४४३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा। पति : टिकाराम घिमिरे ससुरा : हरि प्रसाद घिमिरे ठेगाना : निजगढ-०५, बारा। हाल निजगढ वडा नं.०६, बारा। **साबित्री दाहाल** ना.प्र.नं. : ३६४१६७३७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सर्लाही। पति : टीकाराम घिमिरे ससुरा : हरि प्रसाद घिमिरे ठेगाना : हरीओन-०९, सर्लाही। हाल निजगढ वडा नं.०६, बारा। **टीकाराम घिमिरे** ना.प्र.नं. : १२/७५/०३४/३५ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ। बाबु : हरि प्रसाद घिमिरे बाजे : लक्ष्मी नारायण घिमिरे ठेगाना : धुवाकोट-०३, धादिङ हाल निजगढ-०६, बारा।

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।

दर्ता नं. ५७४/०६९/०७० स्था.लेखा नं. ६००७९४४६८

झरना बचत तथा ऋण सहकारी संस्था लि.
शंखधरचोक, मध्यपुर थिमि-४,भक्तपुर फोन नं. ०१-५०९३५४३
ईमेल : saccosjharana@gmail.com

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५(पैतिस) दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/९/२

यस सहकारी संस्थाबाट सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पति धितो जमानतमा राखी तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न मितिमा विभिन्न शिर्षक अन्तर्गत लिनु भएको कर्जाको सांवा ब्याज तथा हर्जाना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरी मिति २०८०/०४/०८ गते नयाँ पत्रिकामा ऋणीलाई कर्जा तिर्न/बुझाउन आउने बारे ३५ दिने सूचना प्रकाशित गरी सकेकोमा सो समय भित्र पनि ऋणीहरुले कर्जाको साँवा ब्याज र हर्जाना समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण लेना रकम बुझाउन आउनु हुन ऋणीहरुलाई अनुरोध गरिएको छ। उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्रि गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराइन्छ। यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६औं दिनका दिन तथा सो दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम बढाबढबाट सो घर/जग्गा बिक्रि गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्रि गर्दा समेत संस्थाको लेना रकम सांवा ब्याज र हर्जाना अपुग भएमा ऋणीको अन्य सम्पति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका/भएका चल अचल सम्पतिबाट असु

स्वास्थ्य बिमाका बिरामीले १० प्रतिशत आफैं तिर्नुपर्ने



चितवन/ स्वास्थ्य बिमाका बिरामीले लागत साझेदारी (को-पेमेन्ट) गर्नुपर्ने भएको छ। स्वास्थ्य बिमा बोर्डले आगामी १ माघदेखि १० प्रतिशत बिरामीबाट उपचार खर्च लिने गरी को-पेमेन्ट गर्न लागेको हो। बोर्डका अध्यक्ष डा.गुणराज लोहनीका अनुसार बिमा लागू भएका सबै अस्पतालमा को-पेमेन्ट लागू गरिँदै छ। सरकारी, सामुदायिक र निजी सबैखाले अस्पतालमा यो व्यवस्था लागू हुने उनको भनाइ छ।

बिमाको रकम बाँकी रहेको भन्दै बिमाकर्ताले आवश्यक नपर्दासमेत विभिन्न परीक्षणका लागि चिकित्सकलाई दबाब दिने गरेका छन्। को-पेमेन्ट लागू भएसँगै दबाब कम हुने अपेक्षासमेत गरिएको छ। को-पेमेन्ट लागू भएसँगै आवश्यकताअनुसार थप निजी अस्पताललाई समेत बिमामा समावेश गरिँदै छ। 'उसले राज्यको आर्थिक भारलाई केही कम गर्छ। थप सेवा कहाँ आवश्यक छ हेरेर निजी र सामुदायिकलाई पनि दिने निर्णय गर्छौं,' उनले भने। उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, दमजस्ता रोगको नियमित खानुपर्ने औषधि तीन महिनाका लागि एकैपटक दिने व्यवस्था गरिएको लोहनीले जानकारी दिए।

नेपालमा ३० लाख हाराहारी परिवार स्वास्थ्य बिमामा जोडिएको उनको भनाइ छ। ०७२ मा सामाजिक स्वास्थ्य सुरक्षाका रूपमा सुरुवात भएको यो कार्यक्रम हाल स्वास्थ्य बिमा बोर्डले सञ्चालन गर्दै आएको छ। स्वास्थ्य बिमा ऐन, २०७४ जारी भई स्वास्थ्य बिमा नियमावली २०७५ समेत पारित भएर कार्यान्वयनमा आएको छ।

त्रिवि टपरहरू भन्छन्– देशमै केही गर्छौं

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा गुणस्तरीय शिक्षा हासिल गरेर उत्कृष्ट नतिजा हासिल गरेको शैक्षिक जनशक्ति पलायन हुने क्रम बढिरहेको छ। अझ विषय तथा संकाय टपरहरू विदेश नै ताक्छन्। त्रिभुवन विश्वविद्यालयका विभिन्न संकाय तथा विभागका हरेक वर्ष २७ जना विद्यार्थी गोल्ड मेडलिस्ट बन्छन् भने हजारौं विद्यार्थी दीक्षित हुन्छन्। सोमबार त्रिविबाट दीक्षित भएका र उत्कृष्ट अंक ल्याउन सफल विद्यार्थीहरूमध्ये केहीले भने स्वदेशमै बस्ने र केही गर्ने योजना सुनाए।



त्रिभुवन विश्वविद्यालयको ४९औं दीक्षान्त समारोहमा दीक्षित भएपछि रमाउँदै छात्राहरू। **तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका**

उत्कृष्ट नतिजा आयो भनेर बिदेसिने सोच छैन



● **कपिल पोखरेल**
स्नातकोत्तर, अर्थशास्त्र

मैले मिहिनेत गरेर पढें। कैयौं रिसर्च र अध्ययन गरेको छु। किताबको भन्दा पनि बाहिरी अध्ययनले मलाई सिर्जनशील बनायो। अब मैले देशमै आर्थिक क्षेत्र र व्यवसाय क्षेत्रमा केही गर्ने सोच बनाएको छु। यसबाहेक अध्ययनलाई पनि निरन्तरता दिन्छु। तर, उत्कृष्ट नतिजा आयो भनेर बिदेसिने सोच छैन, अध्ययन अनुसन्धानका लागि विदेश जानु अर्को पाटो हो।

भविष्यमा नेपालमै केही गर्नुपर्छ भन्ने सोच बनाएकी छु



● **विजिसा बुढाथोकी**
स्नातकोत्तर, पत्रकारिता

मैले अलि फरक ढंगबाट पढें। पढ्दापढ्दै सञ्चारमाध्यममा पनि काम सुरु गरें। पत्रकारिताको पहिलो सेमेस्टर पढ्दा म क्यासिनोमा काम गर्थें। त्यतिबेला पढ्ने समय पनि कम हुन्थ्यो। पछि त्यो काम छाडेर मिडियामै काम गर्न थालें। विषय पनि एउटै र काम पनि एउटै हुँदा पढ्न सहज भयो। अहिले रिसर्च तथा अध्ययनमूलक कार्यमा आबद्ध भएर काम गरिरहेकी छु। भविष्यमा नेपालकै लागि केही गर्नुपर्छ भन्ने योजना बनाएकी छु।

पढाइ र जागिरलाई सँगसँगै अघि बढाउँछु



● **दीपा पनेरू**, स्नातकोत्तर, वनस्पतिशास्त्र (३.७७ जिपिए)

मैले पढेको विषय प्राविधिक र प्रयोगात्मक हो। पढाइका साथै बाहिरी ज्ञान पनि हासिल गरें। सोहीकारण, राम्रो अंक ल्याएकी हुँ। अहिले म रिसर्चरको रूपमा पनि काम गर्छु। अब पढाइ तथा जागिरलाई सँगसँगै अघि बढाउने योजना बनाएकी छु।

नेपालमै आफ्नो ज्ञान, सीप र क्षमता प्रयोग गर्न चाहन्छु



● **ममता सापकोटा**
एमबिएस (३.८७ जिपिए)

मैले त्यस्तो गहिरिएर अध्ययन त गरिनँ, तर मन लागेको कुरा राम्ररी पढ्थें। बुझ्ने गरी पढ्यो भने थोरै पढे पनि राम्रो हुनेरहेछ। हाल म राष्ट्रिय वाणिज्य बैंकमा पनि कार्यरत छु। नेपालमै आफ्नो ज्ञान सीप र क्षमता प्रयोग गर्न चाहन्छु।

नेपालमै समाजसेवा र राजनीतिक क्षेत्रमा जम्ने हो



● **रिकेश महर्जन**, स्नातकोत्तर, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति (३.७९ जिपिए)

मेरो नियमित पढ्ने बानी छ। हरेकदिन पढ्ने, असाइन्मेन्ट समयमै गर्ने, समाजसेवा र राजनीतिमा सक्रिय हुने बानीले पनि म उत्कृष्ट भएको हुँ। म अहिले राजनीति र समाज सेवामा सक्रिय छु। अब नेपालमै समाजसेवा र राजनीतिक क्षेत्रमा जम्ने हो।

पढ्न विदेश गए पनि नेपालमै फर्किएर केही गर्ने हो



● **पलिस्था रञ्जितकार**, स्नातकोत्तर अंग्रेजी (३.९१ जिपिए)

मलाई साहित्यमा रुचि थियो। यो विषयमा धेरै मिहिनेतभन्दा पनि क्रियटिभ भएर पढें। विभिन्न लेख रचना लेख्दै पनि आइरहेकी छु। अब पनि साहित्य नै पढ्न मन छ। पढ्न तथा रिसर्चका लागि विदेश गए पनि नेपालमै फर्किएर यहीं केही गर्ने हो।

आफूले पढेको क्षेत्रमा केही गर्न मन छ



● **विनोद खड्का**
स्नातकोत्तर साइन्स, बायोटेक्नोलोजी (३.८९ जिपिए)

मलाई जे विषयमा रुचि थियो त्यही विषय पढें। अब मैले आफूले पढेको क्षेत्रमा केही गर्न मन छ, त्यो पनि स्वदेशमै। मैले रमाइलो मान्दै अध्ययन गरे पनि राम्रो नतिजा आयो भन्ने लाग्छ। परीक्षामा पढेर मात्रै हुँदो रहेनछ।

अरू देश र आफ्नो देशको अभ्यास अध्ययन गरौं



● **किशोरकुमार गौतम**, एमफिल म्यानेजमेन्ट (४ जिपिए)

मेरो लेखेर पढ्ने बानी हो। रिसर्च पनि गर्छु। कोभिडको वेलामा राम्ररी पढ्ने मौका पाएँ। मेरो विषयसँग सम्बन्धित अन्य देशमा कस्तो-कस्तो अभ्यास छ भनेर पनि अध्ययन गरेँ। अहिले म ग्लोबल कलेजमा कार्यरत छु।

देशमै राजनीतिमार्फत केही गर्छु



● **अभिनव आचार्य**, स्नातकोत्तर, राजनीतिशास्त्र (३.८३ जिपिए)

मेरो सोच यही देशमा राजनीतिमै आउने हो। अहिले एमफिल पढ्न सुरु गरिसकेको छु। त्रिविको केन्द्रीय विभागमै अध्ययन गरिरहेको छु। नेपाल तथा अन्य देशको राजनीतिक अवस्थाबारे अध्ययन गरिरहेको छु। नेपालको राजनीतिमा लागेर देशकै लागि केही गर्ने सपना बोकेको छु।

लुम्बिनीका संसदीय समितिले एक वर्षपछि नेतृत्व पाउँदै

ज्येष्ठ सदस्यको भरमा चलिरहेका लुम्बिनीका ६ संसदीय समितिले प्रदेश सभाको दोस्रो कार्यकालको एक वर्ष पुगेको दिन (१७ पुसमा) सभापति पाउने

बुटवलमा **विष्णु घिमिरे**
दाङमा **दीपक बोहरा**

प्रदेश सभाको कार्यकाल सुरु भएको एक वर्ष बित्न लाग्दा लुम्बिनी प्रदेश सभाका संसदीय समितिले बल्ल सभापति पाउने भएका छन्। प्रदेश सभाका सदस्यले शपथ लिएको ठीक एक वर्ष पुगेको आगामी १७ पुसमा विषयगत समितिका सभापतिको चयन हुने भएको छ।

कार्यव्यवस्था परामर्श समितिको सोमबारको बैठकपछि सभामुख तुलाराम घर्तीले १६ पुसमा उम्मेदवारी दर्ता र १७ पुसमा मतदानको कार्यसूची तय गरेका हुन्। प्रदेश सभाका सचिव दुर्लभकुमार पुन मगरका अनुसार प्रदेश मामिला तथा कानुन समिति, सामाजिक विकास समिति, कृषि वन तथा वातावरण समिति, भौतिक पूर्वाधार विकास समिति, अर्थ उद्योग तथा पर्यटन समिति र सार्वजनिक लेखा समितिका सभापतिका लागि निर्वाचन हुन लागेको हो। यी समितिका सदस्यको टुंगो ३० असारको प्रदेश सभा बैठकले लगाएको थियो। त्यसयता संसदीय समिति ज्येष्ठ सदस्यको भरमा चलिरहेका छन्।

दोस्रो कार्यकालका लागि निर्वाचित प्रदेश सभा सदस्यहरूले १७ पुस ०७९ मा शपथ लिएका थिए। त्यसको भोलिपल्ट दोस्रो प्रदेश सभाको पहिलो अधिवेशन सुरु भएको थियो भने ३ माघमा सभामुख र उपसभामुख चयन भएका थिए।

■ यस्तो छ दलीय भागबन्डा

६ संसदीय समितिमध्ये एमाले र कांग्रेसले दुई-दुई समितिको सभापति पाउने प्रारम्भिक सहमति दलहरूबीच जुटेको छ। त्यस्तै, माओवादी र राजमोले एक-एक समितिको नेतृत्व लिने सहमति छ। प्रमुख प्रतिपक्षी एमालेले सार्वजनिक लेखासँगै वन तथा वातावरण समितिको सभापति पाउने सम्भावना छ। एमालेका प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले पार्टीले तीन समितिको दाबी गरे पनि दुईवटाको नेतृत्व लिने गरी तयारी भएको बताए।

एमालेले लेखा समिति सभापतिमा रामजीप्रसाद घिमिरेलाई अगाडि सार्ने सम्भावना छ। अर्घाखाँचीबाट प्रदेश सभामा दोस्रो कार्यकालका लागि निर्वाचित घिमिरे अघिल्लो कार्यकालमा मन्त्री तथा समितिको सभापति बन्ने मौका पाएका थिएनन्। त्यसबाहेक एमालेले वन समितिमा राजु श्रेष्ठ, खेम सारू, रत्नबहादुर खत्रीलगायत मध्येबाट एकजनालाई पठाउने सम्भावना छ।

कांग्रेसबाट अब्दुल रज्जाक, वीरबहादुर राना, सुधाखर पाण्डे, भुवनेश्वर चौधरी, जमुना ढकाल, माया पुन, प्रचण्डविक्रम न्यौपानेलगायतले समिति सभापतिमा दाबी गरेका छन्। कांग्रेसका प्रमुख सचेतक जन्मजय तिमिल्सिनाका अनुसार समिति सभापति र मन्त्रीहरूको टुंगो अझै लाग्न सकेको छैन।

माओवादीले पाउने एक समिति र अर्को विशेषाधिकार समितिमा सांसद दिलकुमारी बुढा र स्वतन्त्रबाट निर्वाचित खडक बस्नेतको सम्भावना बढी छ। माओवादीका प्रमुख सचेतक इन्द्रजित थारूले दलको बैठक बसेर यसबारेमा टुंगोमा पुग्ने बताए। ८७ सदस्यीय लुम्बिनी प्रदेश सभामा १० वटा दलले प्रतिनिधित्व गरिरहेका छन्। सत्तागठबन्धनले साना दलबाट पनि एउटा सभापति बनाउने तयारी गरेको छ। साना दलबाट राजमोले समितिको सभापति पाउने सम्भावना छ। यहाँ राजमोका एकजना मात्रै सांसद छन्।

श्रीलंकाका विदेशमन्त्री बुधबार आउँदै



काठमाडौं/ श्रीलंकाका विदेशमन्त्री अली साब्री तीनदिने भ्रमणका क्रममा बुधबार काठमाडौं आउने भएका छन्। नेपाल श्रीलंका संयुक्त आयोगको बैठकमा सहभागी हुन अलीले काठमाडौं भ्रमण गर्न लागेको श्रीलंकाको विदेश मन्त्रालयले सोमबार विज्ञप्तिमा जनाएको छ। उनी परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा आउन लागेका हुन्।

'संयुक्त आयोगको उद्घाटन सत्रमा सहभागी हुन विदेशमन्त्री साब्री नेपालको भ्रमणमा जान लागेका हुन्,' श्रीलंकाको विदेश मन्त्रालयले भनेको छ। श्रीलंकाको प्रतिनिधिमण्डलसहित उनी आउन लागेका हुन्। नेपालका लागि श्रीलंकाली राजदूत जनरल सुदर्शना पाथिरानाले सोमबार परराट्रमन्त्री एनपी साउदसँग भेटेर भ्रमणबारे छलफल गरेका छन्।

संयुक्त आयोगको बैठकमा व्यापार तथा लगानी, पर्यटन, शिक्षा, रक्षा, संस्कृति, जनस्तरको सम्पर्क एवं कनेक्टिभिटीलगायत दुई देशका द्विपक्षीय सहकार्यका विषयमा छलफल हुने श्रीलंकाली विदेश मन्त्रालयले जनाएको छ। बैठकपछि विज्ञान, प्रविधि तथा अन्वेषणका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षरसमेत हुने कार्यक्रम छ। श्रीलंकाली विदेशमन्त्रीले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ। उनी शुक्रबार स्वदेश फर्किनेछन्।

■ सर्वोच्चमा प्रस्तावित न्यायाधीशहरूको सुनुवाइ सकियो

अनुमोदनबारे भोलि समितिले निर्णय लिने

नयाँ पत्रिका

संसदीय सुनुवाइ समितिले सिफारिस भएका न्यायाधीशहरू अनुमोदन गर्ने वा नगर्ने निर्णय ४ पुसमा दिने भएको छ। सोमबार दुई न्यायाधीशहरूको सुनुवाइपछि समितिका ज्येष्ठ सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले अर्को बैठक ४ पुसका लागि बोलाइएको जानकारी दिए।

शुक्रबार प्रस्तावित न्यायाधीशहरू सारंगा सुवेदी र अब्दुल अजिज मुसलमान, आइतबार महेश शर्मा पौडेल र टेकप्रसाद ढुंगाना तथा सोमबार वरिष्ठ अधिवक्ताहरू सुनील पोखरेल र बालकृष्ण ढकालको सुनुवाइ भएको हो। न्यायपरिषद्ले ५ मंसिरमा सर्वोच्चका लागि ६ जना न्यायाधीशको नाम सिफारिस गरेको थियो। पोखरेलले समिति सदस्यहरूले न्याय महँगो भएको विषयमा जिज्ञासा राखेका थिए। सस्तो र सुलभ न्यायका लागि सर्वोच्च अदालतको न्यायाधीशका रूपमा पोखरेलको भूमिका के हुन सक्ने भनी सदस्यहरूले प्रश्न गरेका थिए।

जवाफमा पोखरेलले 'कमन ल सिस्टममा' न्याय केही महँगो नै हुने धारणा राखे। यस्तो हुनुका पछाडि विविध कारण रहेको उनले बताए।

यद्यपि, उनले भारतसमेतका देशको उदाहरण दिँदै नेपालको न्यायप्रणाली सस्तो नै रहेको दाबी गरे। हाल लागू रहेको संहितामा संशोधनले पनि सेवाग्राहीको शुल्क केही बढाएको उनको भनाइ थियो।

'ल मेकिङ प्रोसेसबाटै पनि न्याय महँगो भयो कि ? हुन त अरू फ्याक्टर पनि छन्। जस्तो कानुन व्यवसायीलाई भ्याटमा जा भनेपछि त्यो १३ प्रतिशत त उसले सेवाग्राहीबाट लिने भयो,' उनले भने। संसद्ले संशोधन गरेका केही व्यवस्थाका कारण पनि न्याय महँगो हुन पुगेको उनको भनाइ थियो।



■ **सुनील पोखरेल**
प्रस्तावित न्यायाधीश

ल मेकिङ प्रोसेसबाटै पनि न्याय महँगो भयो कि ? हुन त अरू फ्याक्टर पनि छन्। जस्तो कानुन व्यवसायीलाई भ्याटमा जा भनेपछि त्यो १३ प्रतिशत त उसले सेवाग्राहीबाट लिने भयो।

सुनुवाइमा ढिलाइ हुने विषयबारे पोखरेलले थपे, 'हामी अदालतमा आई सरेन्डर गरेकोभन्दा नआएको मान्छे खोज्छौं। नभेटिएसम्म सुनुवाइ गर्दैनौं। उपस्थित नभएको मान्छेले गर्दा उपस्थित भएको मान्छे पनि थुनामा रहनुपर्ने हुन्छ।' मुद्दाको चाप भए पनि न्यायाधीश संख्या थप्ने मत आफ्नो नरहेको उनको भनाइ थियो। सर्वोच्चमा केही मुद्दा उस्तै प्रकृतिका भएका कारण 'ब्लक हियरिङ'मार्फत टुंग्याउन सकिने उनले बताए।

कानुन व्यवसायी पृष्ठभूमिका पोखरेललाई समिति सदस्यहरूले न्याय माग्ने कानुन व्यवसायीको भूमिकाबाट न्याय दिने न्यायाधीशको स्थानमा रहँदा न्यायसम्पादनमा प्रभाव पर्ने हो कि भनी जिज्ञासा राखेका थिए। जवाफमा पोखरेलले भारत र बंगलादेशको उदाहरण दिँदै कर्मचारीको पृष्ठभूमिभन्दा कानुन व्यवसायीको पृष्ठभूमिबाट न्यायाधीश बनेकाहरू बढी निष्पक्ष हुने दाबी गरे। साथै, न्यायाधीशका रूपमा आफ्नो भूमिका निष्पक्ष र स्वतन्त्र हुने प्रतिबद्धतासमेत जनाए।

कानुन व्यवसायीबाटै सिफारिस भएका बालकृष्ण ढकालले जिल्ला र उच्चको फैसला जेजस्तो भए पनि सर्वोच्चले सधैं प्रगतिशील र नागरिकका पक्षमा फैसला गरेको बताए। निकै अघिदेखि नै सर्वोच्चले नेपालको बहुजातीय, बहुभाषिकता र बहुसांस्कृतिक पक्षलाई समेटेर न्याय निरुपण गर्ने गरेको उनको भनाइ थियो।

■ सांसदहरूको जिज्ञासा– न्यायालयलाई किन चाहिन्छ एक प्रतिशत बजेट ?

प्रस्तावित न्यायाधीशहरूले सुनुवाइका क्रममा एक प्रतिशत बजेट माग्दै आएका छन्। आइतबार न्यायाधीशहरू महेश शर्मा पौडेल र टेकप्रसाद ढुंगानालाई पनि समिति सदस्यहरूले उस्तै प्रश्न गरेका थिए। सोमबार सुनुवाइका लागि उपस्थित भएका पोखरेल र ढकाललाई पनि समिति सदस्यहरूले उस्तै प्रश्न गरे।

पोखरेलले बेलायतले कुल बजेटको चार प्रतिशत न्यायक्षेत्रमा खर्चिन छुट्याउने गरेको उदाहरण दिए। विकसित देश भएकाले त्यति रकम विनियोजन गर्ने गरेको, तर नेपालजस्तो मुलुकले कम्तीमा एक प्रतिशत बजेट न्यायालयका लागि छुट्याउनुपर्ने धारणा राखे। यसअघिका न्यायाधीशले पनि न्यायालयको चुनौतीको रूपमा न्यून बजेटलाई राखेका थिए। सोमबार समिति सदस्य महेश बर्तौलाले पोखरेललाई सोधे, 'यहाँहरूको कुरामा एउटा समानता के छ भने, यहाँहरूले सरकारले एक प्रतिशत बजेट दिए पुग्छ। तर, दिएन भन्नुभयो। बेलायतले चार प्रतिशत दिएको छ भन्नुभयो। न्यायालयलाई किन एक प्रतिशत बजेट चाहियो ? दुई प्रतिशत दिए के हुन्छ ? आवश्यकताका हिसाबले माग्ने कि प्रतिशतले माग्ने ?'

जवाफमा पोखरेलले न्यायपालिकाको वर्तमान रणनीतिक योजना कार्यान्वयनका लागि वार्षिक एक प्रतिशत बजेट चाहिने बताए। 'रणनीतिक योजनामा बजेटको पनि खाका छ। एक वा दुई प्रतिशतको कुरा होइन। यो पाँचवर्षे रणनीतिक योजनामा रहेकाले हामीले त्यति माग गरेका हौं,' पोखरेलले भने।

आइतबार बजेटको सन्दर्भमा यही प्रश्न प्रस्तावित न्यायाधीश महेश शर्मा पौडेललाई पनि समितिले गरेको थियो। समिति सदस्य डोलप्रसाद अर्यालले स्थानीयदेखि संघसम्ममा ठूलो रकम लिने र मुद्दती खातामा राख्ने तथा ब्याज चलाउने प्रचलन रहेकोमा न्यायालयले पनि त्यही गर्न खोजेको हो कि भनी प्रश्न गरेका थिए। 'के आधारमा एक प्रतिशत बजेट माग्नुभयो ? अदालतले कमाउन खोजेको हो कि ? एफडी राखेर कमाउने प्रवृत्ति स्थानीय तहदेखि केन्द्रसम्म छ,' उनले भने। जवाफमा प्रस्तावित न्यायाधीश पौडेलले पनि रणनीतिक योजना कार्यान्वयनका लागि चाहिएको बताए। रणनीतिक योजना कार्यान्वयनका लागि न्यायालयले मागेकोभन्दा २० प्रतिशत मात्र बजेट पाउने गरेको पौडेलको भनाइ थियो।

राजमार्गमा उखु किसानको सुतेर प्रदर्शन

इन्दुशंकर चिनी मिलको मूलगेटअगाडि शेष इस्तिहार आमरण अनशनमा

सर्लाहीमा **श्रवण थापा**

उखुको उचित समर्थन मूल्य तथा अनुदानबापतको बाँकी रकम माग गर्दै आन्दोलनरत सर्लाहीका किसानहरूले सोमबार पूर्व-पश्चिम राजमार्गमा सुतेर प्रदर्शन गरेका छन्। किसानहरू राजमार्गमा सुतेपछि केहीबेर सवारी आवागमनसमेत अवरुद्ध बनेको थियो। धमाधम उखु काटेर बिक्रीमा जुट्नुपर्ने किसानहरू केही दिनदेखि आन्दोलनमा होमिएका छन्। सरकारले उखु किसानहरूलाई उपेक्षा गरेर समर्थन मूल्य समयमै नतोकेको तथा ७० रुपैयाँ अनुदानको रकममध्ये २१ रुपैयाँ मात्र भुक्तानी गरेको उनीहरूको आरोप छ।

आन्दोलनको तेस्रो दिन आइतबार पनि उखु किसानहरूले राजमार्गमा जम्मा भएर अर्थ र कृषि तथा पशुपक्षी मन्त्रालयका उपसचिवको कुर्चीको प्रतिमा बनाएर दहन गरेका थिए। दुई मन्त्रालयले किसानको हितमा नभई उद्योगीको पक्षमा पैरवी गर्ने गरेको किसान प्रतिनिधिहरूको आरोप छ। राज्यले किसानप्रति गरेको अवहेलनाको मूल्य चुकाउनुपर्ने किसानहरूले चेतावनीसमेत दिएका छन्। पूर्वसांसद डिल्लीप्रसाद उप्रेतीले सरकारले उखु किसानलाई आन्दोलनमा उत्रिन बाध्य बनाएको बताए।



किसानहरूले उखुको लाँक्रा प्रदर्शनदेखि राजमार्गमा लम्पसार पर्नेसम्मका विरोधका कार्यक्रम आयोजना गरेका छन्। किसानको आन्दोलनले जिल्लाका चिनी उद्योगसमेत बन्द हुँदा उनीहरू मर्कामा परेका छन्। चिनी उद्योग बन्द हुँदा अन्य बाली लगाउनुपर्ने तथा खुट्टी (दुई वर्षे) उखु भएका किसानहरू बढी मारमा परेका छन्।

केही वर्षदेखि उखुको समर्थन मूल्य कायम गर्दै आएको सरकारले यस सिजनको उखुको मूल्य अझै तोक्न सकेको छैन। सर्लाहीका उखु किसानहरूले भने यस वर्षको उखुको समर्थन मूल्य सात सय ५० रुपैयाँ हुनुपर्ने मागसमेत राखेका छन्। किसानको लागत तथा उद्योगबाट उत्पादन हुने सामग्रीको हिसाबले समर्थन मूल्य तोक्न उनीहरूको माग छ। तर, सरकारले चिनीको मूल्य, किसानको लागत तथा उखु पेलाइबाट उद्योगले निकाल्ने सामग्रीको वास्ता नगरेर हचुवाको भरमा तोकेको मूल्यमा किसानलाई उखु बेच्न बाध्य बनाउन खोजेको उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बताए।

उखु किसानमाथि हदैसम्मको अन्याय भएको भन्दै हरिवन नगरपालिका- ११ का शेष इस्तिहार इन्दुशंकर चिनी उद्योगको मूलगेटमा अनशनमा बसेका छन्। किसानको पक्षमा विभिन्न ६ बुँदे मागसहित उनी सोमबारदेखि आमरण अनशन बसेका हुन्। किसान देशको अन्नदाता भएकाले चरम मारमा परेका किसानको माग सम्बोधनमा पहल गर्न आमरण अनशन बसेको उनले बताए। सरकारले किसानको माग सम्बोधन नगरेसम्म आमरण अनशन नतोड्ने उनले बताए। इस्तिहार गत स्थानीय तहको निर्वाचनमा हरिवन नगरपालिका- ११ मा वडाध्यक्षको प्रत्याशीसमेत थिए।

दलितलाई बहिष्कार प्रकरण

राज्यलाई दबाब दिन संगठित हुँदै दलित समुदाय

पथरी (मोरङ)मा **चिरञ्जीवी घिमिरे**

मोरङको पथरीशनिश्चरे नगरपालिका- १० जिरिखिम्तीमा जातीय विभेदविरुद्ध न्याय खोज्दा समाजले नै बहिष्कार गरेको घटनामा दलित समुदाय जुर्मुराएका छन् । नयाँ पत्रिकामा शुक्रबार 'जातीय विभेदविरुद्ध न्याय खोज्दा दलित समुदाय नै बहिष्कारमा' शीर्षकमा समाचार प्रकाशन भएपछि दलितका विभिन्न संघ-संस्थाले चासो देखाएका हुन् । सोमबार उनीहरूले संघर्ष समिति बनाएर राज्यलाई दबाब दिने उद्घोष गरेका छन् ।

दलित अभियन्ता गोपाल लकान्द्रीको संयोजकत्वमा संघर्ष समितिमा अधिकांश बहिष्कारमा परेका दलितलाई समावेश गरिएको छ । 'नयाँ पत्रिकामा समाचार प्रकाशनपछि हामीले दलितमाथि भएको यो अमानवीय व्यवहारको विषयमा जानकारी पायौं । यस्तो अमानवीय व्यवहारविरुद्धमा बोल्नुपर्छ भनेर विभेद र बहिष्कारमा परेका साथीहरूलाई समेटेर संघर्ष समिति गठन गरेका हौं,' लकान्द्रीले भने, 'पथरीशनिश्चरे अहिले जातीय विभेदको हब बनेको छ । यहाँ बर्सेनि दलितले विभेद् खेपेका घटना आइरहेका छन् । त्यसैले दबाब जरुरी रहेको महसुस गरेका छौं ।' संघर्ष समितिले बहिष्कारमा परेका दलितको न्यायका लागि अब दलित नेतृत्वसँग छलफल गरेर आन्दोलनको तयारी गर्ने उनले बताए ।

गत जेठमा पथरीशनिश्चरे नगरपालिका- १० जिरिखिम्तीकी रीता विश्वकर्मालाई पुराणमा पूजा गर्न खोज्दा स्थानीय शान्ति सुवेदीले जातीय विभेद गरेकी थिइन् । उक्त विभेदविरुद्ध रीता प्रहरी हुँदै अदालत गएपछि अहिले जिरिखिम्तीका



विभेदविरुद्ध संघर्ष समिति गठन गर्न मोरङको पथरीमा सोमबार भेला भएका दलित अगुवा

विभेदविरुद्ध दलित संघसंस्थाको विज्ञप्ति

पथरीशनिश्चरेमा दलित समुदायलाई गरेको बहिष्कारविरुद्ध दलितसँग सम्बन्धित विभिन्न संघसंस्थाले विज्ञप्ति जारी गर्दै विरोध जनाएका छन् । विश्वकर्मा एकता समाज, नेपाल दलित संघ, उत्पीडित मुक्ति समाज, नेपाल दलित मुक्तिमोर्चा, नेपाल दलितमुक्त संगठनलगायत संगठनले सरकारको ध्यानाकर्षण गराएका छन् । उनीहरूले सोमबार विज्ञप्ति जारी गर्दै यो घटनामा न्यायपूर्ण निकासका लागि सबैलाई आग्रहसमेत गरेका छन् । उनीहरूले विभेद गर्नेलाई कानुनी कारबाहीको मागसमेत गरेका हुन् ।

दलितलाई सहयोग गर्ने केही गैरदलितसहित करिब २५ घर दलितलाई बहिष्कार गरिएको छ । न्याय खोज्दा 'रिस साँध्न' अहिले विवाह, मेलापात, गाउँमा हुने सामूहिक कार्यमा दलित समुदायलाई एक्ल्याइएको छ ।

दलितलाई बहिष्कार गर्न स्थानीय गैरदलितहरू इन्द्रबहादुर कार्की, जगत तिवारी, ठाकुरप्रसाद दाहाल, लक्ष्मीप्रसाद भट्टराई, रमेश ढुंगानालगायतले गरेको दलितसँग छोरीले विवाह नै गरेका कारण गैरदलितले बहिष्कार गरेका लक्ष्मण गुरागाईंले बताए । 'नयाँ पत्रिकामा यहाँको समाचार आएपछि मलाई फोन गरेर जनक पोखरेलले दबाबसमेत दिए,' उनले भने । जातीय विभेदमा अगुवाइ गर्नेलाई कानुनअनुसार कारबाही हुनुपर्ने उनले बताए । 'उनीहरूलाई कारबाही गरेर यहाँ राज्यले सहभोजको आयोजना गरोस्,' संघर्ष समितिका उपसंयोजकसमेत बनेका गुरागाईंले भने, 'दलितलाई पनि मानवीय व्यवहार हुनुपर्छ । हाम्रो माग यति हो ।'

दलितका विभिन्न संघ-संस्थाले चासो दिएपछि न्याय पाउने आशा पलाएको बहिष्करणमा परेका जिरिखिम्तीका इन्द्रबहादुर विश्वकर्माले बताए । उनका अनुसार गत जेठअघि पनि विभेद थियो । तर, अहिलेको जस्तो सबै मिलेर दलितलाई बहिष्कार भने गरेका थिएनन् ।

कोशीमा राप्रपालाई सभामुख दिन सत्तागठबन्धन तयार

नयाँ पत्रिका

कोशीमा पाँच महिनादेखि रिक्त सभामुख पद राप्रपालाई दिन सत्तागठबन्धन तयार भएको छ । कांग्रेस नेता केदार कार्की नेतृत्वको सरकारलाई टिकाइराख्न प्रदेश सभामा ६ सिट रहेको राप्रपा निर्णायक देखिएपछि सभामुख दिन सत्तागठबन्धन तयार भएको हो ।

गठबन्धनका नेताहरू अहिले राप्रपाका नेतृत्वसँग निरन्तर छलफलमा छन् । यसै साता सभामुख चयन प्रक्रिया सुरु गर्ने गरी राप्रपालाई गठबन्धनमा भित्र्याउने तयारी भइरहेको कांग्रेस संसदीय दलका नेता उद्धव थापाले बताए । 'गठबन्धन दल सभामुख राप्रपालाई दिने तयारीमा छौं । हामीले आन्तरिक रूपमा टुंग्याएका छौं,' थापाले नयाँ पत्रिकासँग भने, 'केन्द्रमा शीर्ष नेताहरूले पनि छलफल गरिरहनुभएको छ । अब चाँडै टुंगिन्छ ।' राप्रपाले सभामुख लिए मध्यावधिको खतरा टर्ने र प्रदेश सरकारले स्थिरता पाउने थापाले बताए ।

१६ साउनमा कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउन तत्कालीन सभामुख बाबुराम गौतमले राजीनामा दिएपछि सभामुख पद रिक्त छ । ४७ सिट रहेको कांग्रेस-माओवादी-जसपा-एकीकृत समाजवादी गठबन्धनले आफ्ना सांसद सभामुख बनाउने हो भने कोशीमा मध्यावधिको खतरा रहिरहन्छ । किनकि ४० सिट रहेको एमालेले जुनसुकै वेला सरकारलाई दिएको समर्थन फिर्ता लिन सक्ने र अहिलेकै अवस्थामा राप्रपाले नसघाए प्रदेश मध्यावधिमा जान सक्ने जोखिम रहन्छ । राप्रपा गठबन्धनमा आए एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि सरकार ढल्ने अवस्था रहँदैन । प्रदेश सभामा ९३ सिट छ ।



सर्वसम्मत भए मात्र सभामुख लिने राप्रपाको सर्त

राप्रपा कोशीमा सभामुख पद लिन तयार छ । तर, उसले सर्वसम्मतको सर्त अघि सारेको छ । राप्रपाका सांसदलाई सर्वसम्मत सभामुख बनाउनका लागि गठबन्धन र एमाले दुवैसँग छलफल भइरहेको राप्रपा कोशीका संसदीय दलका नेता भक्ति सिटौलाले बताए । 'सभामुखका लागि हामी छलफलमा छौं । एमालेसँग पनि छलफल गर्दै छौं । सर्वसम्मत भयो भने हामी सभामुख सम्हाल्छौं,' उनले भने, 'सभामुखजस्तो सम्मानित पदमा विवाद नगरौं भन्ने हाम्रो प्रस्ताव हो ।' राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले कोशीमा सभामुख चयनका लागि कार्यसूची सार्वजनिक भएपछि छलफल गरिने बताए । काठमाडौंमा जारी राप्रपाको केन्द्रीय समिति बैठकमा पनि लिङ्देनले कोशीमा सभामुख लिएर केन्द्रमा सत्ता साझेदारी गर्न सकिने बताएका थिए ।

कोशीको प्रदेश सभा बैठकमा सांसदहरूले सभामुख चयन प्रक्रिया थाल्न दबाब दिँदै आएका छन् । प्रदेश सभा बैठक बुधबार बस्दै छ । प्रदेश सभा र कार्यव्यवस्था परामर्श समितिले सभामुख चयनको विषय टुंगो लगाएपछि जुनसुकै वेला पनि प्रक्रिया थालिने प्रदेश सभा सचिवालयका प्रवक्ता गौतमराज अमात्यले बताए । 'सभामुख चयन सर्वसम्मत कि चुनावबाट गर्ने र कहिले गर्ने भन्ने टुंगो लगाएपछि मात्र चयन प्रक्रिया सुरु हुन्छ,' उनले भने, 'जहिले भए पनि प्रदेश सभा सचिवालय तयार छ ।'

नेकपा एसको विधान संशोधनबारे छलफल

काठमाडौं/ एकीकृत समाजवादीले विधान संशोधनबारे छलफल सुरु गरेको छ । पार्टी कार्यालय आलोकनगरमा सोमबार सुरु भएको सचिवालय बैठकमा विधान संशोधनबारे छलफल सुरु भएको उपाध्यक्ष जयन्ती राईले जानकारी दिइन् । सचिवालय छलफलबाट मस्यौदा तयार पारेपछि पोलिटब्युरो, स्थायी कमिटी, केन्द्रीय कमिटी हुँदै राष्ट्रिय सम्मेलनमा मस्यौदा प्रस्तुत गर्ने तयारी छ । 'छलफल प्रारम्भ भएको छ । हामी छिट्टै एउटा निचोडमा पुग्छौं,' उपाध्यक्ष राईले भनिन्, 'प्रतिनिधि चयन कसरी गर्ने, संरचना कस्तो बनाउने भन्ने विषयमा छलफल सुरु भएको छ ।' परिषद्लाई बलियो बनाउनुपर्ने विषय पनि आएको छ । 'संरचना र त्यसको विधिको विषय छ । महाधिवेशन प्रतिनिधिहरूको सन्दर्भमा कुन प्रक्रियाबाट जाने भन्ने छ । यसअघि केन्द्रीय निकायहरू स्वतः प्रतिनिधि हुन्थे । स्वतः गर्ने कि चुनिएर आउने भन्ने हो । नयाँ र पुराना पुस्तालाई कसरी समेटेर लाने भन्ने विषयमा छलफल सुरु भएको छ,' राईले भनिन् ।

छात्रा बलात्कार गर्न खोज्ने शिक्षक पक्राउ

रामेछाप/ आफ्नै विद्यालयकी छात्रालाई ललाइफकाइ बलात्कार गर्न प्रयास गरेको आरोपमा लिखु तामाकोसी गाउँपालिका- ७ तिल्पुडस्थित नवदर्शन माविका शिक्षक मानबहादुर सार्कीलाई प्रहरीले सोमबार पक्राउ गरेको छ । शिक्षक सार्कीले गत २६ मंसिरमा विद्यालय समयपछि प्रश्नपत्र दिन्छु भनी ललाइफकाइ आफ्नै घरनजिकैको पुरानो घरमा लगी बलात्कार प्रयास गरेका थिए ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +२७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, बाणिज्य तथा आपुर्ति मन्त्रालय, बाणिज्य बिभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा प्रा.फ.र.नं.३३२/७३३३/२०७१/८/९ अन्तर्गत मिति २०७१/०८/०९ मा प्राईभेट फर्म राजिष्ट्रसन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १०, काकरभिट्टा स्थित **मुनाल मोटर पार्टस** **प्रोप्राईटर तथा जमानीकर्ता: मोहन प्रसाद मैनाली** स्थायी ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १२ हालको ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ६ बाबु : मेदनी प्रसाद मैनाली बाजे : जय नारायण मैनाली	**२) मोहन प्रसाद मैनाली** स्थायी ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १२ हालको ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ६ बाबु : मेदनी प्रसाद मैनाली बाजे : जय नारायण मैनाली
	धितोको विवरण	
	१) जय नारायण मैनालीको नाति, मेदनी प्रसाद मैनालीको छोरा, झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ६ बस्ने मोहन प्रसाद मैनालीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ५ (हाल बिर्तामोड न.पा वडा नं. २), स्थित कित्ता नं. १२५२ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) हरि चरण बानीयाकी छोरी, मेदनी प्रसाद मैनालीको बुहारी, मोहन प्रसाद मैनालीकी पत्नि झापा जिल्ला, धाइजन गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ६ बस्ने सुजना बानीयाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, नक्लबन्दा गा.वि.स. वडा नं. ८/८७ (हाल मेचिनगर न.पा वडा नं. ६), स्थित कित्ता नं. १७५८ र १७५९ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-८.७५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) मुनल मोटर पार्टस् को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताको विवरण** **सृजना बानीया** स्थायी ठेगाना : झापा जिल्ला, धाइजन गा.वि.स वडा नं. १ हालको ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ६ बाबु : हरि चरण बानीया ससुरा : मेदनी प्रसाद मैनाली पति : मोहन प्रसाद मैनाली
२)	**ऋणीको विवरण**	**धितोको विवरण**
	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, दर्ता नं २०५५७१/०७५/०७६ अन्तर्गत मिति २०७५/०९/१५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १९ स्थित **नाइस मल्टीपर्पोस इण्डष्ट्रिज प्रा.लि.** **अध्यक्ष तथा जमानतकर्ता: अनिषा राउत**	१) राम दिहल यादवको नाति, मातवर यादवको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.१४, स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं.१४ मा बस्ने विरेन्द्र यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुर धाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनपुर न.पा. वडा नं.१४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं.१४) स्थित कित्ता नं. १४२, १०६, र १६८ को क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-२-७-३ र ०-१-१५-३ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नाइस मल्टीपर्पोस इण्डष्ट्रिज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) अनिषा राउत- (अध्यक्ष) स्थायी ठेगाना : धनुषा जिल्ला, सबैला गा.वि.स. वडा. ७ हालको ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बाबु : नन्द किशोर राउत सुडी ससुरा : रामचन्द्र महासेठ पति : विजय कुमार महासेठ	**२) विजय कुमार महासेठ** स्थायी ठेगाना : धनुषा जिल्ला, मी.मौ. गा.वि.स. वडा नं. १ हालको ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बाबु : रामचन्द्र महासेठ बाजे : राम विलास महासेठ
	३) विरेन्द्र यादव स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ हालको ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बाबु : मातवर यादव बाजे : राम दिहल यादव	**४) राकेश कुमार यादव** स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ हालको ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बाबु : विरेन्द्र यादव बाजे : मातवर यादव
३)	**ऋणीको विवरण**	**धितोको विवरण**
	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.र.न. ९७७४/१०७९/०७३/०७४ अन्तर्गत मिति २०७३/११/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५, स्थित **राज कुमार बस्त्रालय** **प्रोप्राइटर तथा जमानीकर्ता : राज कुमार साह सुडी** ठेगाना : धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ४ बाबु : राम वृक्ष साहु सुडि बाजे : श्याम प्रसाद साह सुडी	१) श्याम प्रसाद साहु सुडीको नाती, राम वृक्ष साहु सुडिको छोरा, धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ४ बस्ने राज कुमार साह सुडीको नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६घ स्थित कित्ता नं. २८८, ५५२ र ५७९ को क्षेत्रफल क्रमश ०-०-१५, ०-०-२ र ०-०-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) राज कुमार बस्त्रालयको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) अजय कुमार साह (क्रेडिट कार्ड कर्जा समेत) ठेगाना : धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ४ बाबु : राज कुमार साह सुडी बाजे : राम बृक्ष साह सुडी	**२) सिया परि देवी** ठेगाना : धनुषा जिल्ला, सबैला गा.प. वडा नं. ४ बाबु : श्री नारायण महासेठ ससुरा : राम वृक्ष साहु सुडि पति : राज कुमार साह सुडी

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

PRE BID MEETING सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०/०९/०३

प्रतिष्ठानको मिति २०८०/०८/१५ गतेको सूचना बमोजिम आधारभुत तालिम (BASIC) का लागि सूचिकृत तालिम प्रदायक संस्थाहरुसँग आर्थिक र प्राविधिक प्रस्ताव (Request for Proposal) माग गरिएकोमा सो सँग सम्बन्धित Pre Bid Meeting तपसिलको मिति, समय र स्थानमा तोकिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

तपसिल:
मिति र समय : २०८०/०९/०६ विहान ११ बजे
स्थान : प्रतिष्ठानको सभाहल, **व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान**, भैंसेपाटी

Government of Nepal
Ministry of Home Affairs
Department of Prison Management
Prison Office Parsa, Birgunj

Invitation for Bids (IFB)

Date of publication: 2080/09/02

1. **Prison Office Parsa, Birgunj** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding – **Sealed Quotation**

Contract No.	Description of Works	Estimate Amount (without vat)	Bid Security Amount	Bid Document Price
PO/PARSA/WORKS/ SQ/01/2080/81	Karagar Bhawan Marammat, Birta, Birgunj	14,52,175.91	40,000	1,000

2. A complete set of Bidding Documents can be downloaded from the **PPMO E-Portal-www.Bolpatra.gov.np/egp (published on 2080.09.02)**
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Parsa, **Name of Office:** Prison Office Parsa, Birgunj
Office Code no.: 314022201, **Office Account no.:** 1000100200010000,
Rajaswa (revenue) Shirshak no. : 14229
3. Electronic bids must be submitted on or before 12:00 hours on 2080/09/17 and shall be electronically opened at 13:00 hours on 2080/09/17 at the office.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Rani Jamara Kulariya Irrigation Project
Tikapur, Kailali

Invitation for Electronic Bids

Date of Publication : 2080/09/03 B.S. (2023/12/19)

1. Government of Nepal (GoN) Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Rani Jamara Kulariya Irrigation Project, Tikapur, Kailali invites electronic bids from eligible bidders for the following bids for World Bank Financing under National Competitive Bidding (NCB) single stage double envelope procedure.

S.N.	Contract ID & Name of Works	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)	Bid Security Period/Bid Security Validity Period	Last Date & Time of Bid Submission	Contract Period
1	NP-DOI-MRJKIP-340076-CW-RFB : Command Area Development Works of Tertiary Canals and Water Courses (CAD-2) in Rani Irrigation System , Tikapur, Kailali	1,275,000.00	5,000.00	90 days/120 days from last date of bid submission	18 January 2024 till 12:00 Hrs.	12 Months

2. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All eligible bidders are requested to visit the site before submitting their bids to assess the urgency of proposed works.

Project Director

सुटिङमा वरुणलाई चोट



वरुण धवनको खुट्टामा चोट लागेको छ। नयाँ फिल्म सुटिङका दौरान उनलाई चोट लागेको हो। कलिसले निर्देशन गरेको फिल्मलाई तत्कालका लागि 'भिडी १८' नाम दिइए पनि शीर्षक फाइनल भइसकेको छैन। यसमा वरुण एक्सन अवतारमा देखिनेछन्। यो सुपरहिट तमिल फिल्म थेरीको रिमेक हो।

एडभान्स बुकिङबाटै पाँच करोड



राजकुमार हिरानीको निर्देशनमा बनेको शाहरुख खान स्टारर फिल्म 'डंकी' हेर्न दर्शकहरू निकै लालायित देखिएका छन्। प्रदर्शन हुनुभन्दा तीन दिनअगावै यस फिल्मको एक लाख ४० हजार टिकट एडभान्स बुक भइसकेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। एडभान्स बुकिङबाटै फिल्मले पाँच करोड भारु कमाइसकेको छ।

जाडोमा देखिने समस्या र सावधानी

जाडो बढ्दै छ। यस मौसममा स-सानो लापरबाहीले पनि ठूला समस्या निम्त्याउन सक्छन्। वयस्कको दाँजोमा वृद्धवृद्धा, नवजात शिशु, गर्भवती, दीर्घरोगीलगायतले आफ्नो स्वास्थ्यको विशेष ख्याल गर्नुपर्ने हुन्छ। किनकि उनीहरूको रोग प्रतिरोधी क्षमता कमजोर हुन्छ र विभिन्न संक्रमणले समात्न सक्छ।



■ **मौसमी फ्लु** : जाडोमा धेरैजनामा मौसमी फ्लु देखिन्छ। श्वासप्रश्वास, खोकी, हाच्छिउँ र सामान्य बोलीचालीबाट पनि मौसमी फ्लु सर्छ। संक्रमित व्यक्तिको थुकको छिटाबाट अन्यमा यो संक्रमण फैलन सक्छ। त्यहीकारण भिडभाडमा जाँदा मास्क प्रयोग गर्ने, खोक्दा हाच्छिउँ गर्दा हातको बाहुलीले छोप्ने गर्नुपर्छ। फ्लुले निमोनियाजस्ता जटिल समस्या पनि निम्त्याउन सक्ने भएकाले सचेत रहनुपर्छ।

■ **रुघाखोकी** : धुलो, सुक्खा र चिसो हावाका कारण जाडोमा खोकीको जोखिम रहन्छ। यस्तो वेलामा शरीरको प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ। ज्वरो पनि आउन सक्छ। त्यसैले संक्रमणबाट बच्न चिसोबाट बच्नुपर्छ। झोलिलो खानेकुरा खानुपर्छ। सरसफाइमा विशेष ध्यान दिनुपर्ने हुन्छ। खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्छ। यसले भाइरल इन्फेक्सन हुनबाट जोगाउँछ।

प्रशस्त फलफूल खानुपर्छ। मौसम, कागती, सुन्तलालगायतका फलफूल, चना, केराउ, गेडागुडीको दाल खानुपर्छ। त्यस्तै, तातोपानीको बाफ लिनु, नुनपानीले कुल्ला गर्नु लाभदायक हुन्छ। तातो झोलिलो पदार्थ बढी मात्रामा प्रयोग गर्नुपर्छ। निर्मलीकरण गरेको पानी मात्रै पिउनुपर्छ। बाइक वा स्कुटर चलाउने वेलामा नाक, मुख छोप्ने गरी हेल्मेट लगाउनु राम्रो हुन्छ। त्यस्तै, कोल्ड ड्रिंक्स, आइसक्रिमबाट टाढा रहनुपर्छ।

डाक्टरको सल्लाह



डा. शेरबहादुर पुन
सरुवारोग विशेषज्ञ, शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल

व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्छ। बाहिर निस्कँदा मास्क लगाएर निस्कनु राम्रो हुन्छ। चिसोबाट बच्नुपर्छ। धुलो-धुवाँबाट बच्नुपर्छ। खानपानमा ध्यान दिनुपर्छ। अति चिसो भएको समयमा घरबाट बाहिर ननिस्कनु राम्रो हुन्छ। हल्का घाम लागेर न्यानो भएपछि वाकमा निस्कनु राम्रो हुन्छ। कुनै संक्रमण देखिएमा बालबालिकालाई विद्यालय पठाउनुहुँदैन। वयस्क व्यक्तिले पनि संक्रमण देखिएमा घरमा आराम गर्ने तथा चिकित्सकको परामर्श लिनु राम्रो हुन्छ।


■ **टन्सिलाइटिस** : टन्सिलाइटिसको जोखिम बालबालिकामा धेरै देखिन्छ। ब्याक्टेरियल या भाइरस संक्रमणबाट पनि यस्तो भएको हुन सक्छ। यो समस्या भएमा घाँटीमा दुखाइ महसुस हुने, खाना खान तथा बोल्न समस्या हुने, ज्वरो आउने हुन सक्छ। यसबाट बच्न चिसो पेयपदार्थबाट टाढै रहनु राम्रो हुन्छ।

■ **बान्ता/ झाडापखाला** : अस्वस्थ खानेकुरा र अशुद्ध पानीका कारण धेरैजनामा बान्ता र झाडापखालाको समस्या पनि देखिन्छ। बालबालिकामा रोटाभाइरस र वयस्कमा नोरो भाइरसका कारण यस्तो समस्या देखिन्छ। संक्रमित व्यक्तिको दिसा वा बान्ता, खानेकुरा, पानी वा कुनै सतह र सामानमा परेमा उक्त खानेकुराको माध्यमबाट यो भाइरस सर्न सक्छ। त्यस्तै, संक्रमण भएको सतहमा छुँदा पनि भाइरस सर्न सक्छ। त्यसैले, भोज, स्कुल वा जमघटमा यस्तो भाइरस सर्न सक्ने जोखिम रहन्छ। यसबाट बच्नका लागि निर्मलीकरण गरेको पानी मात्रै पिउनुपर्छ। स्वस्थ र सुरक्षित खानपानमा जोड दिनुपर्छ। घरमै पकाएको खानेकुरा खानु राम्रो हुन्छ।

■ **दम** : दमबाट पीडित बिरामीको समस्या जाडोमा बढ्न सक्छ। दम विभिन्न कारणले हुन्छ। रातको समयमा, चिसो बढेका वेला तथा जाडोमा एलर्जी एटेक हुने सम्भावना बढी हुन्छ। अतः दमका रोगीहरू एलर्जिक तत्त्व तथा चिसो हावाबाट बच्नुपर्छ। धुलो, माटो, धुवाँ र वायु प्रदूषणबाट बच्न एकदमै जरुरी हुन्छ। दमका रोगीले नियमित सेवन गर्ने औषधि साथमै राख्नुपर्छ।

सफलताबारे थोमस एडिसनका ६ सुझाव

अमेरिकी आविष्कारक तथा व्यवसायी थोमस एल्वा एडिसन (जन्मः सन् १८४७, निधनः सन् १९३१) बिजुलीबत्ती, फोनोग्राफ, मोसन पिक्चर क्यामेरा (मुभी क्यामेरा)लगायतको आविष्कारका लागि चिनिन्छन्। युवाहरूले असफलताबाट हार मान्न नहुने उनको बुझाइ थियो। 'मैले बिजुलीबत्तीको आविष्कार गर्नुअघि १० हजारवटा काम नगर्ने बाटो भेट्टाएँ, तर असफल कहिल्यै भइनँ। निरन्तरको प्रतिबद्धता र असंख्य प्रयासको नतिजा सफलता हो,' उनी भन्थे।



सफलताबारे उनका केही विश्वप्रसिद्ध भनाइ यस्ता छन्ः

- हाम्रो ठूलो कमजोरी आत्मसमर्पण गर्नुमा छ। सफल हुनका लागि सधैं एकपटक थप प्रयास गर्नुपर्छ।
- कडा मिहिनेतको कुनै विकल्प छैन। एक प्रतिशत प्रेरणा र ९९ प्रतिशत पसिनाले मानिस जिनियस बन्छ।
- कुनै पनि योजनाको मूल्य यसको प्रयोगमा निर्भर रहन्छ।
- मलाई कोही सन्तुष्ट मानिस देखाइदिनुस् र म तपाईंलाई असफलता देखाउँछु।
- तपाईंसँग के छ भन्ने होइन, तपाईं को हो भन्नेले तपाईंको मूल्य निर्धारण गर्छ।
- मैले कुनै पनि काम भवितव्यले गरिनँ। मेरा कुनै पनि आविष्कार संयोगले आएका होइनन्, ती मेरो मिहिनेतले आएका हुन्।

कोठालाई न्यानो कसरी बनाउने ?



जाडो लाग्नासाथ कोठामा चिसो पसेर मानिस हैरान हुन्छन्। केही उपाय अपनाएर हामीले कोठालाई न्यानो बनाइराख्न सक्छौं।

फ्लोरिङ

सबैभन्दा धेरै चिसो भुइँबाट आउने भएकाले यसलाई मेन्टेन गर्न जरुरी हुन्छ। कोठाको रेडिमेड पार्केटिङ गर्न सकिन्छ। अहिले मेमो पार्केटिङ (सिसौको काठबाट बनेको) चलेको छ। यो केही महँगो पर्ने भए पनि लामो समयसम्म टिक्छ। नेपाली गलैंचा पनि बजारमा उपलब्ध छ। यसले पनि कोठा न्यानो बनाउँछ। ४ एमएमदेखि ६ एमएमसम्मको फोम लगाएर त्यसमाथि कार्पेटहरू ओछ्याउँदा पनि न्यानो र आकर्षक देखिन्छ। बजारमा सस्तो मूल्यमा पनि राम्रा कार्पेट पाइन्छन्।



रामगोपाल तन्डुकार
महासचिव, इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल

पर्दा

झ्यालबाट चिसो छिर्ने नदिनका लागि डबल लेयर भएको, ब्ल्याकआउट पर्दा राख्नु राम्रो हुन्छ। हेभी पर्दाले बाहिरबाट आउने चिसो हावालाई छेक्छ र कोठा न्यानो हुन्छ। तर, दिनभर पर्दा लगाएर राख्नु राम्रो हुँदैन। दिउँसो पर्दा खोलेर राख्दा प्राकृतिक प्रकाश आउन पाउँछ र कोठा न्यानो हुन्छ।

सिलिङ

टप फ्लोरमा रहेको कोठामा फल्स सिलिङ गर्नु राम्रो हुन्छ। नत्र, स्ल्यापले चिसो तान्छ र फाल्छ पनि। फल्स सिलिङले जाडोमा चिसो र गर्मीमा अत्यधिक गर्मी हुनबाट जोगाउँछ। त्यस्तै, सिलिङमा वार्मलाइटहरू जडान गर्न सकिन्छ।

बजारमा विभिन्न खालै वार्मलाइट पाइन्छन्। यस्ता कृत्रिम प्रकाशले मनोवैज्ञानिक रूपमा मानिसलाई न्यानो महसुस गराउँछ। रोपलाइट, वाललाइटलगायत विभिन्न प्रकारका लाइट जडान गर्न सकिन्छ।

ट्रेकिङ जाँदा नगरौं फोहोर



- मानिस ट्रेकिङ जाँदा रमाउँछन्। तर, मनोरञ्जनसँगै जिम्मेवार हुन पनि जरुरी छ। विशेषगरी आफू घुमेको ठाउँको सुन्दरता बिग्रन नदिन सचेत रहनुपर्छ। ट्रेकिङ जाँदा जथाभावी फोहोर फाल्नुहुँदैन। यसले प्रकृतिमा असर गर्छ। आफूसँग लगेका सामग्री प्रयोग गरिसकेपछि त्यसलाई राम्रोसँग डिस्पोज गर्न जरुरी छ।
- पशुपन्छीलाई केही दूरीमा रहेर अवलोकन गर्नुपर्छ। चिच्याउने, उनीहरूलाई तर्साउनेलगायत काम गरेर उनीहरूलाई तर्साउन हुँदैन। स्थानीय संस्कृति र पहिरनको सम्मान गर्नुपर्छ। यात्राका क्रममा होमस्टेमा पनि वास बस्न सकिन्छ। यस्तो हुँदा स्थानीय खानपान र संस्कृतिको मज्जा लिन पाइन्छ।
- कहाँ जाने भन्ने योजना, ट्रेकिङ रुट र पुग्ने गन्तव्य पहिल्यै तय हुनुपर्छ। त्यहाँको भौगोलिक वातावरण, मौसमसम्बन्धी पूर्वजानकारी राख्नुपर्छ। ट्रेकिङ अवधि ख्याल राखेर आवश्यक सामान प्याक तथा खानेकुरा तयार गर्नुपर्छ। सिटामोल, ब्यान्डेज, डिटोल, ह्यान्डिप्लास्टलगायत प्राथमिक स्वास्थ्य उपचारका सामग्री बोक्न बिर्सनुहुँदैन।

नेपाल लाइफ क्यापिटल लिमिटेडको
दशौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

नेपाल लाइफ क्यापिटल लिमिटेडको मिति २०८० साल पौष १ गते आईतबार बसेको सञ्चालक समितिको ९२औं बैठकको निर्णय अनुसार यस कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्ने गरी बस्ने भएको हुँदा सबै संस्थापक शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

वार्षिक साधारण सभा हुने मिति र स्थानः
मिति : २०८० साल पौष २४ गते मंगलबार
स्थान : कम्पनीको सभाहल, कमलपोखरी
समय : साँझ ५:०० बजे देखि

छलफलका विषयहरु

क) सामान्य प्रस्तावहरुः
१) आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने
२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८० को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि अनुमोदन गर्ने।
३) आ.व. २०८०/८१ का लागि लेखा परिक्षकको नियुक्ती गर्ने तथा निजको पारीश्रमिक तोक्ने।
४) स्वतन्त्र संचालकहरुको नियुक्तीलाई अनुमोदन गर्ने

ख) विशेष प्रस्तावः
१) हकप्रद शेयर जारी गर्ने
२) कम्पनीको अधिकृत तथा जारी पुँजी बृद्धि गर्ने र सो को लागि प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक दफा/नियम संशोधन गर्ने। संशोधनको लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिने लगायत सो संग सम्बन्धित गर्नुपर्ने आबश्यक सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने।

ग) विविध

श्री संचालक समितिको आज्ञाले
कम्पनी सचिव

NEPALLIFE CAPITAL LIMITED
A SUBSIDIARY OF NEPAL LIFE INSURANCE COMPANY LTD.
कमलपोखरी, काठमाण्डौं, नेपाल।
फोन नं.:०१-४५३०७४६/४५१५८५६
इमेलः info@nepallifecapital.com.np

साबल सहकारी संस्था लिमिटेड
धुम्बाराहीचोक, चक्रपथ, काठमाडौं
फोन नं. ४३७६६९५, ४३७०७२५

आवश्यकता

(पुनः प्रकाशित मितिः २०८०/०९/०३)

यस संस्थामा रिक्त रहेको निम्न पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य र इच्छुक नेपाली नागरिकले रीतपूर्वक दरखास्त फारम भरी यो सूचना पुनः प्रकाशित भएको मितिले १० दिनभित्र यस संस्थामा बुझाउनु हुन सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम शुल्क रु.२००।- मात्र।

क्र.सं.	वि.नं.	पद	तह	पद संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता
१.	१/८०/८१	व्यवस्थापक	नवौं	१(एक)	वाणिज्यशास्त्र, व्यवस्थापन वा अर्थशास्त्र मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको।

द्रष्टव्यः
१. दरखास्त दिने स्थानः संस्थाको कार्यालय
२. दरखास्त दस्तुरः रु.१,४००।-
३. दरखास्त दिने अन्तिम मिति : २०८०/०९/१२
४. सम्पर्क मितिः २०८०/०९/१३
५. परीक्षाको किसिमः लिखित परीक्षा, कार्ययोजना, प्रस्तुतिकरण, अनुभव र अन्तर्वार्ता (लिखित परीक्षा सम्बन्धमा सम्पर्क मितिमा जानकारी गराइनेछ)।
६. उमेरको हद : ५८ वर्ष ननाघेको।
७. आवेदन दिने उम्मेदवारले सहकारी, बैंक तथा वित्तीय लगायतका संस्थामा व्यवस्थापकीय वा अधिकृत स्तरको पदमा कम्तिमा ५ वर्षको कार्यानुभव प्राप्त गरेको हुनु पर्नेछ।
८. आवेदन फारम साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र तालिम तथा सीप सम्बन्धी प्रमाणपत्र पेश गर्नु पर्नेछ। अनुभव सम्बन्धी प्रमाणपत्र तथा पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको छुट्टा छुट्टै खुल्ने गरी संस्थाभित्र आफुले गर्ने कार्यहरू सम्बन्धमा विस्तृत कार्ययोजना पेश गर्नु पर्नेछ। (संस्थाबाट आवेदन फाराम लिँदा उक्त पदको कार्यविवरण तथा संस्थाको पछिल्लो आ.व.को वार्षिक प्रतिवेदन उपलब्ध हुनेछ।)
९. तोकिएको प्रक्रियाहरू पुरा नभएको दरखास्त फारम जुनसुकै बेला पनि रद्द गरिनेछ। यसरी रद्द हुन जाने दरखास्तहरूको दरखास्त दस्तुर फिर्ता हुनेछैन।
१०. आवेदन पेश गर्ने उम्मेदवारले आफुसँग कम्प्यूटर सम्बन्धी तालिमको प्रमाणपत्र तथा सवारी चालक अनुमतिपत्र भएमा पेश गर्नु पर्नेछ।
११. तलब, भत्ता तथा अन्य सुविधाको हकमा संस्थाको नियमानुसार हुनेछ।
१२. अन्य विषयहरू यस संस्थाको विनियम २०५६ (दोस्रो संशोधन सहित) र कर्मचारी सेवा कार्यविधि २०७८ तथा सहकारी सम्बन्धी कानून बमोजिम हुनेछ।

थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

मुड्केचुला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृतिको आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/०५/०३

यस मुड्केचुला गाँउपालिकाको मिति २०८०/०७/२३ मा आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निम्न निर्माण कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्र दाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

ठेक्का नं	सार्वजनिक खरिदको कार्यको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.क सहित)
MRM/NCB/WORKS/ 01-080/081	पातिहाल्ना जडिबुटी अनुसन्धान केन्द्र निर्माण मुड्केचुला-५, डोल्पा	गोरख निर्माण सेवा जगदुल्ला-४, डोल्पा	६४,३४,४९४.०३
RM/NCB/WORKS/ 02-080/081	पानिखाला स्याउ फर्म घेराबार निर्माण मुड्केचुला-५, डोल्पा	शिरिजन कनट्रक्सन गुठिचौर-१, जुम्ला	१०,५८,८८२.३२
RM/NCB/WORKS/ 03-080/081	माथि गाउँ कृषि प्लड फर्म घेराबार मुड्केचुला-७, डोल्पा	गोरख निर्माण सेवा जगदुल्ला-४, डोल्पा	१०,१२,८०७.७

प्रमुख प्रशासकिय अधिकृत

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पतिको लिलाम बिक्रिका लागि १५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०९/०३)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाव फरफारक नगरेकोले यो सुचना प्रकाशीत गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले १५ दिन भित्र कर्जा हिसाव फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाव राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानुनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाव राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा १६औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सुचना प्रकाशित भएको १५ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आव्हान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

शाखा कार्यालयः बनेपा, काभ्रे

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण/फोटो		
नामः मुकुन्द प्रसाद तिमल्सीना ठेगानाः धुलिखेल-७, काभ्रे हाल धुलिखेल-४, काभ्रे बुवाः तिलक प्रसाद तिमल्सीना बाजेः नारायण प्रसाद तिमल्सीना कर्जा शिर्षकः आवास कर्जा	मुकुन्द प्रसाद तिमल्सीनाको नाममा दर्ता रहेको झापा जिल्ला, चन्द्रगडी वडा नं. ६ स्थित कित्ता नं ३१८ को क्षेत्रफल ०-३-६ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**कल्पना तिमल्सीना** ठेगानाः धुलिखेल-७, काभ्रे हाल धुलिखेल-४, काभ्रे बुवाः गोविन्द प्रसाद लुइटेल श्रीमानः मुकुन्द प्रसाद तिमल्सीना	**सपना तिमल्सीना** ठेगानाः धुलिखेल-७, काभ्रे हाल धुलिखेल-४, काभ्रे बुवाः मुकुन्द प्रसाद तिमल्सीना बाजेः तिलक प्रसाद तिमल्सीना	**मनोज लुइटेल** ठेगानाः पाँचखाल-३,काभ्रे हाल धुलिखेल-४, काभ्रे बुवाः मदन लुइटेल बाजेः गोविन्द प्रसाद लुइटेल

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः १. शिलवन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय बनेपा, काभ्रेमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Banepa, Kavre. Tel: 011 663244
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

एभरेस्ट एक्सप्रेस रोड र मेची करिडोरको कनेक्टिभिटी

पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि तीनै तहका सरकारले हिमाली पर्यटकीय गन्तव्य लुक्लाजस्ता महत्त्वपूर्ण स्थानलाई यथाशीघ्र देशको सडक सञ्जालमा जोड्नुपर्छ



● हिक्मतसिंह ऐर

अग्रलेख

विश्वका आठ हजार मिटरभन्दा अग्ला चौध हिमशिखरमध्ये सर्वोच्च शिखर सगरमाथासहित सातवटा कोशी प्रदेशमै छन्। यहाँ भोटेकोसी, तामाकोसी, दुधकोसी, सुनकोसी, अरुण, वरुण, तमोरजस्ता ठूला नदी बग्छन्। यहाँ १५० किलोमिटर उत्तर-दक्षिण दूरीमा, तराईको ६० मिटर सतहको केचनाकवलदेखि सर्वोच्च शिखर सगरमाथासम्म रहेका छन्। त्यसैले यहाँ कृषि, जलविद्युत, पर्यटन र उद्योग व्यापारको प्रचुर सम्भावना पाइन्छ।

नेपालको प्रमुख पर्यटकीय गन्तव्य सगरमाथा क्षेत्र सन् १९६४ मा लुक्ला हवाई अड्डा बनेपछि मात्र काठमाडौँसँग जोडिएको हो। त्यसअघि जिरी-सल्लेरी पैदलमार्गबाट मात्र पुग्न सकिन्थ्यो। हाल हवाई मार्गबाट खम्बुक्षेत्रको लुक्ला विमानस्थल काठमाडौंबाहेक फाप्लु, सल्लेरी, लामिडाँडा र मन्थलीबाट पनि पुग्न सकिन्छ। सन् २०१९ देखि लुक्ला विमानस्थल पुग्न मन्थली विमानस्थल प्रयोग हुँदै आएको छ। काठमाडौंबाट चार घन्टामा मन्थली पुगी त्यहाँबाट लुक्लाका लागि हवाई सेवा लिन सकिन्छ। काठमान्डौंभन्दा त्यहाँको मौसम सफा हुने भएकाले मन्थलीबाट लुक्ला पुग्न सहज हुने गरेको छ। लुक्लाको भौगोलिक बनोटले गर्दा विमानस्थलमा ठूलो रनवे बन्न सक्दैन। त्यसले गर्दा त्यहाँ ठूला हवाईजहाज जान सक्दैनन्। त्यहाँको प्राकृतिक मौसमले गर्दा सीमित हवाई उडान हुन सक्छ। जसले गर्दा सम्पूर्ण सगरमाथा-खुम्बुक्षेत्रको पर्यटकीय बजार विस्तार र त्यस क्षेत्रमा हुन सक्ने थप गतिविधिको विकास हुन सकेको छैन। यस सन्दर्भमा, केही समयअघि प्रकाशित 'पर्यटन क्षेत्रलाई व्यवस्थित बनाऔं' भन्ने टानका पूर्वमहासचिव आङपेम्बा शेर्पाको लेखले पनि समस्याको पुष्टि गरेको छ। पछिल्ला केही वर्षमा सगरमाथा खुम्बुक्षेत्रको भ्रमणमा जाने पर्यटक घुमघामकै सिजनमा पनि मौसम खराब हुँदा हवाईजहाज नचल्दा लुक्लामा अलपत्र पर्ने अवस्था छ। साथै, चाहेको समयमा यथेष्ट हवाई सिट नपाउने अवस्थाले पनि पर्यटक पुग्याउन समस्या हुने गरेको छ। यसको समाधानका लागि लुक्लाजस्ता प्रमुख पर्यटकीय गन्तव्य जाने प्रवेशद्वारको हवाईअड्डाको निरन्तर आधुनिकीकरण र हवाई सेवाको अनुगमनसँगै यस पर्यटकीय गन्तव्यसम्मको सडक निर्माणलाई पनि गति दिनुपर्छ।


खुम्बुक्षेत्रमा सडक निर्माण गर्नुपर्छ कि पर्दैन, यो छलफलको विषय हुन सक्छ। ट्रेकिङ व्यवसायको पक्षबाट एउटा मत हुन सक्छ, स्थानीयको अर्को। तर, समग्र पर्यटन क्षेत्रको विकासका लागि एउटा स्पष्ट दृष्टिकोण र रणनीति बनी समग्र रूपमा दीर्घकालीन कार्ययोजना बनी अघि बढ्नुपर्ने हुन्छ।

विश्वव्यापी रूपमा हेर्ने हो भने प्रमुख हिमाली पर्यटकीय गन्तव्यसम्म राज्यले पर्यटकीय गतिविधि पुऱ्याउन राम्रा सडक एवम हवाई कनेक्टिभिटीको प्रबन्ध गरेकै हुन्छ। हामीजस्तै भूगोल भएका विश्वप्रसिद्ध हिमाली गन्तव्य स्विट्जरल्यान्ड, अस्ट्रिया आदिले विगत लामो समयदेखि उच्च हिमाली क्षेत्रमा हवाई सेवा र केवलकारमा मात्र सीमित नभई, सडक निर्माणमा विशेष ध्यान दिई लाखौं पर्यटक भित्र्याइरहेका छन्। पछिल्लो केही समयमा छिमेकी मित्रराष्ट्र भारत, चीन र पाकिस्तानले पनि उच्च हिमाली क्षेत्रमा सडक निर्माण गरेको देख्न सकिन्छ।

स्विट्जरल्यान्डमा लगभग २५०० मिटरको उचाइका ग्रेट सेन्ट बर्नाड पास, फुर्का पास, उमब्रेल पासमा समेत सडक बनाई पर्यटक आकर्षित गर्नुका साथै छिमेकी राष्ट्र इटली र फ्रान्सको मोब्लाँ पहाडसम्म पनि सडकबाटै पुग्न सकिन्छ। अस्ट्रियाका प्रसिद्ध ग्रोसलोक्नर पास र साल्सबर्गका पहाडी गन्तव्यमा सडकबाटै पुग्न सकिन्छ। त्यस्तै, भारतको लद्दाखको पाँच ७६१ मिटरको उचाइमा चिसुमलदेखि डेम्चोकसम्मको हिमाली सडक मार्ग र सुरुङ, पाँच ३६० मिटरको उचाइमा लद्दाखको अर्को हिमाली सडक मार्ग चाँगला पास हुँदै बनेको छ। यी हिमाली सडकले भारतको लद्दाख क्षेत्रमा थप पर्यटक पुऱ्याउन मद्दत गरेको पाइन्छ। चीन सरकारले आफ्नो सिमानाको सगरमाथाको उत्तरपट्टिको बेसक्याम्पसम्मै सडक पुऱ्याएको छ। पाकिस्तानले पनि चीन सरकारको सहयोगमा हिमाली क्षेत्रमा काराकोरम हाइवेबाट राजधानी इस्लामाबादनजिकैको हसन अब्दाल सहरदेखि चीनको स्वायत्त जिनजियाङ प्रान्तको कासगर सहरसम्म सडक निर्माण गरेको छ।

विश्वव्यापी रूपमा यस प्रकारका सडक निर्माण गरिँदै छ। अब हामीले पनि देशभित्रको सडक कनेक्टिभिटीतिर विशेष ध्यान पुऱ्याई तीनै तहका सरकारले हाम्रा हिमाली पर्यटकीय गन्तव्य लुक्लाजस्तो महत्त्वपूर्ण स्थानलाई यथाशीघ्र देशको सडक सञ्जालमा जोड्नुपर्ने देखिन्छ।

खुम्बुक्षेत्रमा सडक मार्गको अवस्था : विगत केही वर्षदेखि सोलुखुम्बु क्षेत्रमा सडकको ट्राक खोली स्तरोन्नति गर्दै सगरमाथा क्षेत्रको प्रवेशद्वार लुक्लालाई सडक मार्गबाट जोड्ने प्रयास भइरहेको छ। काठमाडौंबाट जिपमा बिपी राजमार्गबाट धुलिखेल, खुर्कोट, घुर्मी बजारबाट पत्तिटार, माने भञ्ज्याङ हुँदै ओखलढुंगा, धापबाट सल्लेरी एभरेस्ट एक्सप्रेस रोडमा १२ घन्टामा सोलुखुम्बको सदरमुकाम सल्लेरी पुग्न सकिन्छ। यस सडकको दूरी लगभग २७६ किलोमिटर छ। सल्लेरीबाट लुक्लासम्मको सडक यात्रामा सुर्खे हुँदै थाकसिन्दुसम्म मात्र यात्रा गर्न सकिन्छ। थाकसिन्दुबाट चौंरीखर्क हुँदै लुक्लासम्म पाँच घन्टाको पदयात्रा गरी पुगिन्छ। ट्राक खुलेको छ, सडक बन्ने क्रममा छ। सोलुखुम्बको सल्लेरीसम्म तराईको पूर्व-पश्चिम राजमार्गको कर्जना भन्ने स्थानबाट उदयपुरको कटारी, ओखलढुंगाको धाप हुँदै सडक मार्गबाट पुग्न सकिन्छ। यो बाटो चल्तीमै छ। त्यस्तै अर्को बाटो, तराईको पूर्व-पश्चिम राजमार्गसँग सल्लेरीलाई जोड्न १५६ किलोमिटर लामो सगरमाथा हाइवेद्वारा उदयपुरको गाईघाट, रानीवास, हर्दिया, पिपरा, दौलतपुर, दिक्तेल, लामिडाँडा, लोखिम, बाँकु हुँदै सल्लेरीसम्म पुग्ने सडक पनि बन्दै छ। फास्ट ट्राकमा यो सडक निर्माण होस् भन्नेमा स्थानीय सरकारसमेत लागिपरेको छ।



सोलुखुम्बुको सगरमाथा क्षेत्रमा हुने पर्यटकीय गतिविधि लामो समयदेखि चली नै रहेको छ। तर, केही वर्षदेखि खुम्बुक्षेत्रभन्दा तल सोलुको दुधपोखरी ट्रेकिङ, ओखलढुंगाको पिके डाँडामा माउन्टेन बाइकिङ, भोजपुरबाट खुम्बुतिरको मुन्दुम ट्रेकिङ ट्रेल र उदयपुरको रौता पोखरी क्षेत्रमा पनि ट्रेकिङ गर्नेका गतिविधि बढ्दो छ।

एभरेस्ट एक्सप्रेस रोड निर्माणसँगै मेची करिडोरको उत्तर-दक्षिण नाका खोली प्रदेशभित्रका सडक सञ्जाल बाह्रैमास सञ्चालनमा ल्याउन सकियो भने यसबाट कोशी प्रदेशको मात्र नभई सिंगो देशकै समृद्धि र दिगो विकासको ढोका खुल्न सक्छ

पूर्वी नेपालको हिमाली एवं पहाडी क्षेत्रमा सडक कनेक्टिभिटी : तराई क्षेत्रमा सडक कनेक्टिभिटी राम्रो भएर नै विगत ५० वर्षको कालखण्डमा ठूलो परिवर्तन भएको छ। त्यस्तै, आर्थिक गतिविधिका लागि उत्तरी भूभाग चीनको तिब्बतसँग पनि यो क्षेत्र जोडिनुपर्ने हुन्छ। पूर्वी नेपालको ताप्लेजुङको टिप्ताला भन्ज्याङ र संखुवासभाको किमाथान्का भन्ज्याङबाट तिब्बतसँग परापूर्वकालदेखि नै पशु र कृषिजन्य सामग्री एवं जडीबुटी, गलैँचा, ऊन, लत्ताकपडाको व्यापार हुँदै आएको छ। तर, कोभिडकालदेखि यी नाका बन्द छन्। हाल दुवै देशबीच पुनः यी नाका खोल्ने सहमति भइसकेको छ।

सुदूरपूर्वको उत्तर-दक्षिणको मेची करिडोरसँग जोडिएको सडक ताप्लेजुङको टिप्ताला भञ्ज्याङबाट यन्गा, घुन्सा, ओलाङचुङगोलालगायत स्थानीयको मुख्य व्यापारमा प्रयोग हुँदै आइरहेको थियो। ताप्लेजुङ सदरमुकाम फुङलिङबाट ओलाङचुङगोला ५४ किमिको दूरीमा छ। अहिले फक्तालिङ गाउँपालिकको तापेथुक बगरसम्म गाडी पुग्छन्। हिउँदमा इलाडाँडासम्म गाडी चल्छन्। त्यहाँबाट एक दिनको हिँडाइमा ओलाङचुङगोला पुगिन्छ। ओलाङचुङगोलाबाट पाँच हजार ९५ मिटरको उचाइमा रहेको टिप्ताला नाकासम्म पुग्न अर्को एक दिन हिँड्नुपर्छ। टिप्तालापारि चीनको डिङगी काउन्टीको रिउ भन्ने ठूलो सहरसम्म जान यहाँका स्थानीयलाई पासको व्यवस्था छ। चीन सरकारले टिप्ताला नाकामा पक्की गेटसहित आफूतिर पक्की सडक बनाइसकेको छ। टिप्तालाबाट नेपालतिर ओलाङचुङगोलासम्मको १७ किमि दूरीमा चीन सरकारले चार वर्षअघि नै मोटरेबल ट्राक खोलिदिएको छ। ओलाङचुङगोलाबाट फुङलिङतिर भर्दा लेलेकसम्मको दुई किलोमिटर ट्रेक मात्र खोल्न बाँकी छ। अन्य स्थानमा लगभग जिप हिँड्ने ट्राक नेपाल सरकारले खोलिसकेको छ।

यस उत्तर-दक्षिणको बाटोले अर्को राम्रो कनेक्टिभिटी कायम गरी देशको आर्थिक गतिविधि बढाउनुका साथै भारतलाई पनि चीनसँग जोड्ने काम गर्न सक्ने सम्भावना देखिन्छ। हाल मेचीपारि भारत सिक्किमको नथुला नाकाबाट चीनसँग जोडिएको छ। हाम्रो सडक मार्गको सञ्चालनपछि मेची करिडोरमा टिप्तलादेखि इलामको चारआली हुँदै मेचीनगरको काकरभिट्टा पूर्वी नाकाबाट भारतको पानीट्यांकी (पश्चिम बंगाल) र फूलबारीको बाटोबाट बांगलादेश पनि पुग्न सकिन्छ। यस मेची कोरोडोरमा पर्ने जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम र झापाका पर्यटकीय सम्पदासम्म पुग्ने भित्री बाटो पनि निर्माण भई बाह्रैमास आन्तरिक एवं छिमेकी भारत र चीनका साहसी पदयात्री, धार्मिक पर्यटकको आवागमन हुन देखिन्छ। कोशी प्रदेशको मध्य भूभागको लोकमार्गसँगै ग्रेटर हिमालयन ट्रेलको अवधारणामा पदयात्रा हुने गर्छ। त्यसमा कञ्चनजंघा बेस क्याम्पदेखि चोलापास, गोकियो, थामे हुँदै नाम्चे बजारसम्म पुग्ने पदमार्ग खण्ड रहेको छ। यस्ता अनेकौं अवधारणामा पदमार्ग पूर्व-पश्चिम, दक्षिण-उत्तर हिमालतिर ट्रेकिङ चलेका छन् र यी पदमार्गलाई उत्तर-दक्षिणको मेची करिडोरसँग जोडिएका सडक सञ्जालले सघाएको छ। टिप्ताला ओलङचुङगोलानजिकैबाट बग्ने तमोर घुन्सा, सिबुवा, काबेली, इवा, हिवालगायत खोलानाला मिलेर ठूलो नदी बन्दै धरान पुगेपछि सप्तकोसीमा मिसिन्छ। यो नदी च्याफ्टिङ र कायाकिङका लागि महत्त्वपूर्ण छ। मेची करिडोरको पूर्वमा भारतको दार्जिलिङ, सिक्किमसँगै सिंहलीला नेसनल पार्क जोडिन्छ। त्यस्तै सो करिडोरमा धार्मिक रूपले अत्यधिक पर्यटक आउने गन्तव्य पाथिभरा क्षेत्र पनि पर्छ। त्यसपछि तल सन्दकपुर, इलामको हिल स्टेसन पर्छ। जुन भारतको दार्जिलिङ सहरसँगको पशुपतिनगर नाकामा जोडिन्छ। पछिल्ला १० वर्षमा यस करिडोरवरपरका अनेकौं गन्तव्यमा होटल तथा रेस्टुरेन्ट क्षेत्रमा ठूलो लगानी भई खानपिन र बसोवासको राम्रो व्यवस्था भएको छ। ताप्लेजुङको फुङलिङमा लगभग १० वटा टुरिस्टस्तरका होटल छन् भने पाँचथरमा पाँचवटा। इलाम बजारदेखि कन्याम, फिक्कल हुँदै श्रीअन्तुसम्म ३० वटा टुरिस्ट स्तरका होटल छन्। झापाको दमकमा २० वटा, बिर्तामोडमा लगभग सयवटा टुरिस्टस्तरका होटलसँगै एक पाँचतारे र दुई-तीनतारे होटेल रहेका छन्। काकडभिट्टामा पनि २० वटा टुरिस्टस्तरका होटेलसँगै एक पाँचतारे होटेल सञ्चालनमा छन्।

उत्तर-दक्षिणका मित्रराष्ट्रलाई सडक मार्गबाट जोड्ने गरी मेची करिडोरको सडक सञ्जालको पूर्णता नै यस क्षेत्रको समृद्धिको आधार हो। सो सडक सञ्जालमा अन्तरदेशीय राजमार्ग बनी उद्योग, व्यापार, कृषि उत्पादनको बजारीकरण, जलविद्युत्को व्यापारसँगै पर्यटन क्षेत्रका विभिन्न गतिविधि हुन सक्ने सम्भावना छ। मेची करिडोरमार्फत मित्रराष्ट्र भारतको पश्चिम बंगाल, बिहार, सिक्किम आदि राज्यको पर्यटकीय टुर अपरेटरसँगको संयुक्त प्याकेजमा कलकत्ताकी कालिमाई, गोहाटीकी कामाख्या माता र ताप्लेजुङकी पाथिभरा माताको धार्मिक देवी सर्किट प्याकेज बनाउन आवश्यक छ। श्रीअन्तु इलाम, फुङलिङ बजार, सन्दकपुर हिल स्टेसन घुम्ने प्याकेज, तमोरमा च्याफ्टिङलगायत साहसिक खेलकुद र पूर्वाञ्चलका पदयात्राका लागि कञ्चनजंघा बेसक्याम्प ट्रेक, रेडपान्डा ट्रेल, ग्रेटर हिमालय ट्रेल आदि अनेकौं ट्राकिङ प्याकेज बनाई भारतीय, चिनियाँ र बंगालादेशी पर्यटकलाई समेत आकर्षित गर्नु जरुरी छ।

तसर्थ, एभरेस्ट एक्सप्रेस रोड निर्माणसँगै मेची करिडोरको उत्तर-दक्षिण नाका खोली प्रदेशभित्रका सडक सञ्जाल बाह्रैमास सञ्चालनमा आउन सक्ने बनाउने हो भने कोशी प्रदेशको मात्र नभई सिंगो देशकै समृद्धि र दिगो विकासको ढोका खुल्न सक्ने देखिन्छ।

(ऐर नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हुन्)

---

३ प्रश्न

एमाले स्थायी कमिटी सदस्य **डा. राजन भट्टराई**लाई



एमालेको मध्यपहाडी संकल्प यात्रा कस्तो रह्यो ?

मध्यपहाडी संकल्प यात्रा अत्यन्त सफल रह्यो। यसले ठुला र स्थापित भनिएका राजनीतिक दलहरूप्रति जनताको विश्वास छैन, जनमत उनीहरूको पक्षमा छैन भन्ने आरोपलाई खण्डित गरेको छ। यात्राका क्रममा देखिएको जनलहरले पुराना र स्थापित नेतृत्वप्रति जनताको विश्वास यथावत् छ र विशेषगरी अध्यक्ष केपी ओलीमाथिको जनविश्वासमा कत्ति पनि कमी आएको छैन भन्ने पुष्टि गरेको छ। यसले जनतामा यो व्यवस्थाप्रति नै निराशा व्याप्त छ, आर्थिक संकटले जनताको विश्वास धर्मराएको छ, यो व्यवस्था नै असफल भइसकेको छ भन्नेजस्ता आरोपलाई खण्डित गरेको छ।

संकल्प यात्राका क्रममा जनताका के-कस्ता अपेक्षा पाउनुभयो ?

जनतामा आआफ्नो क्षेत्रको विकास होस् भन्ने तीव्र अपेक्षा छ। यात्राका क्रममा हामीले जनताबाट सयौं ज्ञापनपत्र प्राप्त गरेका छौं। हामीले ती ज्ञापनपत्रलाई पार्टीको पुँजीका रूपमा ग्रहण गरेका छौं। आगामी दिनमा घोषणापत्र निर्माण र पार्टी सत्तामा पुगेको समयमा त्यसको कार्यान्वयनका लागि इमानदार प्रयास गर्नेछौं। युवामा स्वदेशमै रोजगारीको तीव्र चासो छ। कृषकका अनेकौं गुनासा छन्। तिनलाई सम्बोधन गर्नेगरी हामी आगामी दिनमा अघि बढ्नेछौं।

यात्राले पार्टी जीवनमा के-कस्तो ऊर्जा सञ्चार गरेको देख्नुहुन्छ ?

यात्राले पार्टी जीवनमा अत्यन्त सकारात्मक ऊर्जा सञ्चार गरेको छ। मिसन ग्रासरुट, आन्तरिक सांगठनिक सुदृढीकरणजस्ता अभियानपछि सुदूरपश्चिमदेखि पूर्वसम्म चलेको यात्राले पार्टीको वडा तहदेखि केन्द्रसम्मका नेता, कार्यकर्तामा असीम ऊर्जा प्रवाह गरेको छ। यसको सकारात्मक परिणाम पार्टीका आगामी गतिविधिमा देखिनेछन्।

प्रेरक प्रसंग

साधु र महिला

एक वृद्ध साधुको आश्रममा एक युवा उमेरकी महिला पुगिन् र आफ्नो दुःखेसो सुनाउन थालिन्। उनले भनिन्- बाबा, मेरा सैनिक पति पहिले मलाई खुब माया गर्नुहुन्थ्यो। तर, युद्धबाट फर्किएपछि भने उहाँले पहिलेको प्रेम पूरै भुल्नुभयो। उहाँ ठीकसँग कुरासम्म गर्नुहुन्न। साधुले भने- यो सब युद्धको प्रभाव हो। महिलाले हात जोड्दै भनिन्- हजुरसँग भएको जडीबुटीले मानिसमा पुनः प्रेमभाव जगाउन सक्छ भन्ने सुनेकी छु। मलाई पनि त्यही जडीबुटी दिनुपर्‍यो हजुरले। महिलाको आग्रह सुनिसकेपछि साधुले केही सोचे र भने- म तिमीलाई जडीबुटी दिन त सक्छु। तर, त्यसका लागि मलाई एउटा सामान चाहिन्छ, जुन मसँग छैन।

महिलाले प्रश्न गरिन्- त्यस्तो कुन सामान हो ? मलाई भन्नुहोस् न, म ल्याइदिन्छु। साधुले भने- मलाई बाघको जुँगाको एउटा रौं चाहियो। महिला तत्काल बाघको खोजीमा निस्किइन्। जंगलको भित्रभित्र पुगेर खोज्दा उनले नदीको किनारमा एउटा बाघ देखिन्। उनलाई देख्नासाथ बाघ गर्जियो। बाघको गर्जन सुनेपछि तीव्र गतिमा भागेर उनले ज्यान जोगाइन्। थप केही दिनसम्म यही सिलसिला चलिरह्यो। महिला हिम्मत गरेर बाघको नजिक पुग्थिन्, बाघ गर्जिन्थ्यो, उनी डराइ-डराइ फर्किन्थिन्। लगभग महिना दिन बित्दानबित्दै बाघलाई महिलाको उपस्थितिको बानी पऱ्यो। अब त महिला बाघका लागि मासुसमेत लिएर जान्थिन्। बाघ बडो स्वादले त्यो मासु खान्थ्यो। यसो गर्दागर्दै बाघ र महिलाको मित्रता बढ्दै गयो। उनी बाघलाई थपथपाउन सक्नेसम्म भइन्। हुँदाहुँदा उनी एक दिन बाघको जुँगाबाट एउटा रौं उखेल्न पनि सफल भइन्।

रौं हात लागेपछि उनी दौडिँदै साधुको आश्रममा पुगिन् र साधुलाई रौं हस्तान्तरण गरिन्। रौं हात पर्नासाथ साधुले त्यसलाई नजिकै बलिरहेको धुनीको आगोमा हालिदिए। महिलाले आत्तिँदै प्रश्न गरिन्- मैले यतिका दिन लगाएर ज्यान जोखिममा राखेर ल्याएको रौं तपाईंले आगोमा हालिदिनुभयो। अब मेरो जडीबुटी कसरी तयार हुन्छ ?

साधुले भने- जसले हिंस्रक जंगली बाघलाई वशमा लिन सक्छे, उसलाई आफ्नो प्रेमले जित्न सक्छे, उसलाई आफ्ना पतिको मन जित्न र प्रेम पाउन कुन जडीबुटी चाहिन्छ ? जाऊ, जसरी बाघलाई आफ्नो मित्र बनायौ, त्यसैगरी पतिमा पनि प्रेमभाव जगाऊ। वास्तविक जडीबुटी पाएको महसुस गरी महिला खुसी हुँदै घर फर्किइन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

समर्थन मूल्य तोक्न किन ढिलाइ ?

सरकारले समयमै समर्थन मूल्य नतोकिदिँदा किसानको उखु खेतबारीमै सुक्न लागेको समाचार पढ्दा दुःख लाग्यो। आखिर उखुको समर्थन मूल्य तोक्न पुस नै कुर्नुपर्ने त थिएन होला नि ? असोज-कात्तिकतिरै समर्थन मूल्य तोकिदिएको भए किसानले यस्तो सास्ती व्यहोर्नुपर्ने त थिएन नि ! के सरकार किसानको उखु सुकेको रमिता हेर्ने साइत पर्खेर बसेको थियो हो ? होइन भने रातदिन केही नभनी स्वदेशी चिनी उद्योगलाई आवश्यक कच्चापदार्थ उत्पादन गर्ने परिश्रमी किसानको उत्पादन यसरी खेतबारीमै सुक्ने अवस्था आउँदा पनि मूल्य तोक्ने कामसमेत सरकारले किन समयमै गर्न सक्दैन ? यसबारे हामी नेपाली जनतालाई उचित जवाफ चाहियो।

● **पूर्णिता चौधरी**, कावासोती, नवलपुर

किन्नभन्दा अपग्रेड गर्न खर्चिलो ?

केही दिनअघि वैदेशिक रोजगार विभागले श्रमिकको कल्याणकारी कोषको रकम दुरुपयोग गरी कोषको सफ्टवेयर अपग्रेड गर्न लागेको समाचार पढिएको थियो। झन् अहिले त जम्माजम्मी सवा करोडको लागतमा किनिएको सफ्टवेयर अपग्रेड गर्न १० करोड खर्चिन लागेको समाचार पो आएको छ। कुनै पनि वस्तु सुरुमा खरिद गर्दा जति लागत पर्छ, त्योभन्दा कैयौं गुना बढी रकम मर्मत या अपग्रेडमा लाग्छ भन्नु नै गलत हो।

● **सुदन गुरुङ**
थानकोट, काठमाडौं

फ्लाई ओभर निर्माण किन सुस्त ?

ललितपुरको ग्वार्कोमा निर्माणाधीन देशकै पहिलो फ्लाई ओभर आगामी असारमा सक्ने लक्ष्य रहेछ। तर, अहिलेसम्मको प्रगति भने जम्माजम्मी ३० प्रतिशत मात्र रहेछ। अनि अबका सात महिनामा बाँकी ७० प्रतिशत काम सम्पन्न होला त ? आखिर नेपालका कुनै पनि आयोजना किन समयमै सम्पन्न हुँदैनन् ? के ग्वार्को फ्लाई ओभरले पनि मेलम्ची खानेपानीकै नियति दोहोऱ्याउने त होइन नि ? यसबारे समयमै सचेत बनौं।

● **महिमा राई**
इमाडोल, ललितपुर

जनआवाज कहिले सुन्ने नेताज्यू ?

जनआवाज सुन्न नसक्ने नेता जनप्रतिनिधि हुनै सक्दैन। जनताले आफ्नो नेतालाई सजिलोसँग भेट्न पाउँदैनन् भने ऊ जनप्रतिनिधि बन्न योग्य हुँदैहुँदैन। नेतालाई भेट्न समय लिएर जानुपर्छ, नेताको ढोका जनताका लागि बन्द रहन्छ भने ऊ नेता बन्नलायक छैन भन्ने बुझे हुन्छ। किनकि, जनताका समस्या नेताले सुन्नुपर्छ। जनताले जनप्रतिनिधि बनाएर पठाएको नेताले जनतालाई चिन्दैन भने ऊ कसरी जनप्रतिनिधि हुन सक्छ ?

पछिल्लो समय नेता र जनताबीच दूरी बढेको छ। जनतासँग नेतालाई भेट गर्न दिइँदैन। कार्यकर्ता र नेताका आसेपासेले नेतालाई बन्द कोठामा कैद गरेका छन्। यस तथ्यलाई नेताले समयमै बुझ्नुपर्छ। जनतालाई दलसँग भन्दा पनि आफ्ना समस्यासँग मतलब हुन्छ। आफ्नो समस्या जसले सुल्झाउँछ, ऊ नै उसका लागि नेता हो। यो समस्या अहिले स्थानीय तहमा पनि देखिन थालेको छ। स्थानीय तहका प्रतिनिधि यतिसम्म भ्रष्ट भएका छन् कि तिनैलाई भोट हालेर चुन्ने जनतासँग पनि पैसा लिएर मात्र काम गर्न थालेका छन्। काठमाडौंभित्रैका स्थानीय तहमा पनि यो समस्या देखिन थालेको छ। रकम पाएपछि नहुने काम पनि हुने र रकम नपाउँदा भने हुने काम पनि रोक्ने गरेको स्थानीयको गुनासो सुनिन्छ।

स्थानीय सरकार जनतासँग प्रत्यक्ष सरोकार राख्न सरकार हो। जनताका सुखदुःखमा नजिक रहेर काम गर्न स्थानीय सरकारले नै हो। तर, यही सरकार अहिलो कमाउ धन्दामा लागेको सुनिन्छ। यसबारे खबरदारी गर्ने कसले ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

इजरायल इजरायलीकै लागि पनि खतरा

हिंसाको नशामा चुर भएको इजरायल प्यालेस्टिनीका लागि मात्रै नभई स्वयं इजरायलीका लागि पनि खतरा बनेको छ



देश / विदेश

● अपूर्वानन्द

इजरायलमा फेरि एकपटक हजारौंले सरकारविरुद्ध प्रदर्शन गरिरहेका छन्। गाजामा तीन दिनपहिले इजरायली सेनाले तीन इजरायली बन्धकको हत्या गरेका कारण यी प्रदर्शन भएका हुन्। मारिने ती इजरायली थिए, जसलाई ७ अक्टुबरमा हमासले बन्धक बनाएको थियो। हमासले इजरायली जेलमा वर्षौंदेखि थुनिएका प्यालेस्टिनीलाई छुटाउन इजरायलीलाई बन्धक बनाएका थिए। आफ्ना मानिसको फिर्तीका लागि हमाससँग वार्ता गर्नुको सट्टा इजरायलले हमासलाई 'पाठ पढाउने' नीति लियो। ८ अक्टुबरदेखि बमबारी र जमिनी हमला सुरु गऱ्यो। यो कुनै युद्ध थिएन। उसो त इजरायलले हमासको समूल नष्ट गर्न हमला गरेको बताउँदै आएको छ, तर इजरायल हमास नभई गाजाका सर्वसाधारण, बालबालिका र वृद्धवृद्धाको हत्या गरिरहेको छ। जब मानिसले गाजामा इजरायलले नरसंहार गरिरहेको भन्दै विरोध जनाइरहेका छन्, तब अमेरिका र बेलायत सरकारले इजरायलले के नै गर्न सक्छ र भनिरहेका छन्। यिनले इजरायली सेनालाई आमप्यालेस्टिनी र हमासबीचको भिन्नता थाहा नभएए प्यालेस्टिनीको हत्या रोक्न नसकिरहेको बताएका छन्।

इजरायलले भने गाजामा कोही पनि निर्दोष नभएकाले पूरा गाजालाई तवाह गर्ने जनाएको छ। इजरायली प्रधानमन्त्री र अन्य मन्त्रीले प्रस्ट शब्दमा गाजालाई मानिस बस्नयोग्य नरहने गरी 'निस्तेनाभूत' गर्ने बताइरहेका छन्। एक मन्त्रीले सारा प्यालेस्टिनी पशुबराबर रहेको बताएका छन् भने अर्काले प्यालेस्टिनी अँध्याराका सन्तान हुन्, बर्बर हुन् त्यसैले तिनको सफाया गरिनुपर्छ भनेका छन्। यो प्रस्ट भाषामा प्यालेस्टिनीको नरसंहारको आह्वान हो। गाजामा इजरायलले गरिरहेको नरसंहारको निसानामा त्यहाँ बन्धक बनेका इजरायली नागरिक नै पर्न सक्छन्। यसकारण इजरायलमा बन्धक भएकाका आफन्तहरू हमासका लडाकु नभई इजरायली आक्रमणमै आफ्ना परिजन मारिने हुन् कि भनेर शंका गरिरहेका छन्। तर, प्रतिशोधमा उत्रिएको इजरायलले यो मौकाको उपयोग गर्दै गाजालाई प्यालेस्टिनीबाट मुक्त बनाउँदै त्यसमा आफ्नो कब्जा जमाउन चाहन्छ। बीचमा इजरायललाई ६ दिनका लागि हिंसा रोक्न मनाइएको थियो। ती ६ दिनमा हमासले इजरायली बन्धकलाई मुक्त गऱ्यो र इजरायलले पनि प्यालेस्टिनी बन्धकलाई छोड्यो। तर, यसैबीच इजरायलले एक सय ५० भन्दा बढी प्यालेस्टिनीलाई गिरफ्तार गरेर नयाँ गिरफ्तारीको संख्या थपेको छ। र, ६ दिनपछि फेरि इजरायलले बमबारी सुरु गऱ्यो। अब बाँकी बन्धकको अवस्था के हुन्छ ? यसबारे इजरायल सरकारले कुनै चिन्ता गरेको छैन। अझै भन्ने हो भने इजरायली सरकारको प्यालेस्टिनी जनताको सफाया गर्ने नीतिमा त्यहाँका जनताको पनि साथ छ। इजरायल सरकारका अनुसार बन्धकको रिहाइका लागि लगातारको बमबारी आवश्यक छ किनभने यी हमलाले हमासलाई दबाबमा पार्नेछ। तर, यो गलत प्रमाणित भएको छ। इजरायलले अहिलेसम्म २० हजारभन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको छ। इजरायलले गाजालाई करिब करिब भग्नावशेष बनाइदिएको छ। वेस्ट बैंकमा पनि इजरायलले हिंसा बढाइरहेको छ। तैपनि, हमास मैदान छोड्ने गरी कमजोर भएको छैन। अझै पनि हमाससँग इजरायली बन्धक छन्।

चरम हिंसाका बाबजुद पनि इजरायलले आफ्ना बन्धक छुटाउन सकेन। केही दिनअगाडि इजरायली सैनिकले एम्बुलेन्समा लुकेर बन्धक छुटाउने असफल प्रयास गरेका थिए। र, छुटाउन खोजिएका बन्धक मारिए। यसपटक इजरायल आफैंले तीन इजरायली बन्धकको हत्या गरेको



तस्बिर : एल्बर्टो पिज्जोली/एएफपी

छ। मारिएका तीनजना सेतो ध्वज लहराएर आफ्नो सुरक्षाको गुहार माग्दै दौडिरहेका थिए। तर, इजरायली सेनाको अन्धाधुन्ध गोलीबारीबाट पहिले दुई इजरायली बन्धकले ज्यान गुमाए र तेस्रोको लखेटी-लखेटी हत्या गरियो। इजरायली फौजका अनुसार सेनाले ती भागिरहेका मानिस हमासको षड्यन्त्रको हिस्सा हुन् भन्ने ठान्दै हडबडी भएको जनाएका छन्। वास्तवमा इजरायली सेनाले गुहार माग्ने मानिसलाई प्यालेस्टिनी ठानेको थियो। यही भ्रमले इजरायली सेनाले आफ्ना नागरिकको हत्या गऱ्यो। भ्रमको कुरा गर्दा के जम्मै प्यालेस्टिनीको हत्या गर्नुपर्ने हो ? अथवा गुहार माग्दै शरणका लागि आउने हरेक प्यालेस्टिनी मारिनलायक हुन् ? यसले त इजरायल र यसका हिमायती अमेरिकाले सर्वसाधारणको रक्षाका लागि हरसम्भव प्रयास गरिरहेका छौं भन्ने दाबीको खण्डन गरेको छ। बरु घटनाको परिस्थितिले इजरायली सेनालाई सोचविचार नगरी गोलाबारी गर्ने तालिम दिइएको देखाउँछ। यो घटनापछि बाँकी बन्धकका परिवारजन इजरायली सेनाकै कारण आफ्ना आफन्त मारिने सन्त्रासमा छन्। यसैकारण बन्धकका परिजन

भारतमा एकैदिन ७८ विपक्षी सांसद निलम्बित

संसद्मा सुरक्षा त्रुटि भएको विषयमा सरकारको विरोधमा उत्रिएपछि निलम्बनमा पर्ने सांसदको कुल संख्या ९२ पुगेको छ

भारतको संसद्बाट एकैदिन ७८ जना विपक्षी सांसद निलम्बनमा परेका छन्। लोकसभाका ३३ र राज्यसभाका ४५ जना सांसद निलम्बनमा परेका हुन्। संसद्मा भएको सुरक्षा गल्तीका विषयमा प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहको जवाफ माग गरेका सांसदहरू निलम्बनमा परेका हुन्। प्रधानमन्त्री मोदी र गृहमन्त्री शाहको जवाफ मागेर विपक्षी सांसदहरूले लगातार विरोध गर्दै आएका थिए।

सुरक्षा उल्लंघनमा बयान माग गरेको भन्दै गत हप्ता लोकसभाका १३ र राज्य सभाका एकजना गरी १४ जना सांसदलाई निलम्बन गरिएको थियो। यससँगै यस अधिवेशनमा निलम्बित सांसदको कुल संख्या ९२ पुगेको छ। यो निलम्बनलाई भारतको संसदीय इतिहासमा सांसदहरूको सबैभन्दा ठूलो निलम्बनको रूपमा वर्णन गरिएको छ।

सरकारको प्रस्तावमा दुवै सभाका अध्यक्षहरूले संसद्मा विरोध प्रदर्शनमा उत्रिएका विपक्षी दलका सांसदहरूलाई निलम्बन गरेका हुन्। जारी संसद्को शीतकालीन बैठकभरका लागि सांसदहरूलाई निलम्बन गरिएको छ।

गत डिसेम्बर १३ मा दुईजना युवाले भिजिटर्स ग्यालरीबाट लोकसभा प्रवेश गरी संघीय सरकारविरुद्ध नाराबाजी गर्दै पहँलो धुवाँ फ्याँकेपछि संसद्भित्र सुरक्षा उल्लंघनको विषयमा विपक्षी सांसदले विरोध जनाएपछि बारम्बार संसद् स्थगन भएको थियो।

युवाहरूले बैठक चलिरहेकै वेला संसद् कक्षमा कुदेर प्रदर्शन गरेका थिए। संसद् भवनमा आतंकवादी हमला भएको २२ वर्ष पुगेकै दिन पाँच तहको सुरक्षा व्यवस्थालाई झुक्याएर उनीहरूले संसद् बैठक कक्षमै प्रदर्शन गरेका थिए। सन् २००१ को १३ डिसेम्बरका दिन संसद् भवनमाथि आतंकवादी हमला भएको थियो।

विपक्षी सांसदहरूले संसद्को सुरक्षामा ठूलो गल्ती भएको भन्दै सरकारमाथि बारम्बार प्रश्न उठाइरहेका छन्। सो घटनामा संलग्न ६ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ भने घटनाबारे थप अनुसन्धान गर्न सरकारले विशेष अनुसन्धान कमिटी गठन गरेको छ। भाजपा सांसद प्रताप सिंहाले उपलब्ध गराएको पासबाट ती युवा संसद्मा पुगेको बताइएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सुरक्षा उल्लंघनको घटना 'अत्यन्त गम्भीर' भएको बताएका छन्।

सुरक्षा उल्लंघनबारे आफ्नो पहिलो टिप्पणीमा प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाबारे विस्तृत अनुसन्धान गरिनुपर्ने बताएका छन्।

सोमबार निलम्बित विपक्षी सांसदले निलम्बन फुकुवा गर्न माग गरेका थिए। उनीहरूले संघीय गृहमन्त्री अमित शाहले गत हप्ता संसद् सुरक्षा उल्लंघनको घटनालाई लिएर वक्तव्य जारी गर्नसमेत माग गरेका थिए। सोमबार ठूलो संख्यामा सांसदहरूको निलम्बनपछि लोकसभाको नियमित कारबाही दिनभरका लागि स्थगित गरिएको थियो।



डिसेम्बर १३ मा दुईजना युवाले भिजिटर्स ग्यालरीबाट लोकसभा प्रवेश गरी संघीय सरकारविरुद्ध नाराबाजी गर्दै पहँलो धुवाँ फ्याँकेपछि संसद्भित्र सुरक्षा उल्लंघनको विषय उठाउँदै विपक्षीले त्यसबारे प्रधानमन्त्री र गृहमन्त्रीको जवाफ माग्दै आएका छन्

लोकसभामा ३० सांसदहरूलाई अधिवेशनको बाँकी अवधिका लागि निलम्बन गरिएको छ। त्यस्तै, विशेषाधिकार समितिले उनीहरूको आचरणको प्रतिवेदन पेस नगरेसम्म तीनजनालाई निलम्बन गरिएको छ।

यसअघि राज्यसभा सांसद डेरेक ओब्रायनले सुरक्षा उल्लंघनको विषयमा छलफल गर्न माग गरेपछि निलम्बन गरिएको थियो।

निलम्बित सांसदहरूमा लोकसभामा कंग्रेसका नेता अधीर रञ्जन चौधरी र सदनमा पार्टीका उपनेता गौरव गोगोईलगायत छन्। तृणमूल सांसद कल्याण बनर्जी, काकोली घोष दस्तीदार, सौगता रे र शताब्दी रोय, डिएमके सदस्य ए राजा र दयानिधि मारन पनि निलम्बनको सूचीमा छन्। राज्यसभामा कंग्रेसका जयराम रमेश र रणदीप सिंह सुरजेवाला, डिएनसीका कनिमोझी र आरजेडीका मनोजकुमार झा निलम्बनमा परेका छन्।

■ भाजपालाई संसद्को मुख्यालय बनाइयो

सञ्चारकर्मीसँग कुरा गर्दै निलम्बित नेता अधीर रञ्जन चौधरीले सरकार तानाशाही बनेको र संसद्लाई भाजपाको मुख्यालयजस्तो व्यवहार गरिरहेको आरोप लगाए। उनले अधिवेशन सुरु भएदेखि नै प्रतिपक्षले सरकारलाई सहयोग गरिरहेको बताए।

'यो सरकार अधिनायकवादको चरम सीमामा पुगेको छ। उनीहरूसँग बहुमत छ। उनीहरू सत्ताको लठ्ठी चलाउँछन् र संसद्लाई पार्टी कार्यालयजस्तै चलाउन चाहन्छन्, तर त्यसो हुन सकेन। हामी छलफलका लागि आतुर थियौं,' चौधरीको भनाइ उद्धृत गर्दै भारतीय समाचार संस्था एनडिटिभीले जनाएको छ।

त्यस्तै निलम्बित अर्का सांसद गोगोईले भाजपा सरकारले विपक्षीहरूलाई दुर्व्यवहार गरेको दाबी गरे। गृहमन्त्रीले ठूलो सुरक्षा उल्लंघनको जिम्मेवारी लिन डराएको उनले आरोप लगाएका छन्। उनले लोकसभाबाहिर आन्दोलन जारी राख्ने बताए।

कंग्रेस प्रमुख मल्लिकार्जुन खर्गेले सरकारले बहसविना असन्तुष्टलाई दबाएको आरोप लगाए। यसअघि कंग्रेस नेता जयराम रमेशले गरेको गृहमन्त्रीको बयानको मागलाई सरकारले अस्वीकार गरेका कारण प्रतिपक्षले विरोध गरिरहेको बताएका थिए।

इतिहासमा आज



डिसेम्बर १९

सन् १९७२ : एपोलो १७ पृथ्वीमा फर्किएको थियो। अमेरिकाको एपोलो कार्यक्रमअन्तर्गतको अन्तिम मिसन एपोलो १७ ले १२ दिनसम्म अन्तरिक्षमा बितायो। एपोलो १७ अमेरिकाबाट रातको समयमा पठाइएको पहिलो मानवसहितको उडान हो। एपोलोमा रहेका तीन सदस्यले चन्द्रमाको कक्ष घुमेर १२ दिन बिताएका थिए।

● **सन् १९८४ :** हङकङ सन्धिमा हस्ताक्षर भयो। बेलायत, उत्तरी आयरल्यान्ड र जनगणतन्त्र चीन सरकारबीच संयुक्त घोषणापत्रमा हस्ताक्षर भएको थियो। चीन-ब्रिटिस सन्धिसमेत भनिने यो सम्झौतामा चीनको तर्फबाट झाओ जियाङ र बेलायतका तर्फबाट मार्गरेट थ्याचरले हस्ताक्षर गरेका थिए। सन्धिले सन् १९९७ को १ जुलाईदेखि हङकङ चीनको स्वामित्वमा रहने उल्लेख छ।

● **सन् १९९८ :** अमेरिकाका तत्कालीन राष्ट्रपति बिल क्लिन्टनमाथिको महाभियोगलाई तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभले अनुमोदन गरेको थियो। झुटो बोलेको र न्यायमा अवरोध गरेको भन्दै तल्लो सदनले क्लिनमाथि महाभियोग लगाएको थियो। एक महिनापछि आजकै दिन माथिल्लो सदन सिनेटले उनलाई सफाइ दिएको थियो। उनी महाभियोगबाट बचेका थिए।

● **सन् २०१२ :** दक्षिण कोरियामा पहिलो महिला राष्ट्रपति निर्वाचित भइन्। आजकै दिन पार्क गिउन हाय देशको पहिलो महिला राष्ट्रपति र दक्षिणपूर्वी एसियाको सरकार प्रमुख बनेकी थिइन्। सन् २०१३ को फेब्रुअरीमा पार्कले कार्यभार सम्हालेकी थिइन्।

विश्व संक्षेप

पिटिआईको चुनावी च्यालीमा एआईको प्रयोग

इस्लामाबाद/ पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको दलले 'आर्टिफिसियल इन्टेलिजेन्स (एआई)' को प्रयोग गरी उनको आवाजको प्रतिरूप (भ्वाइस क्लोन) लाई चुनावी प्रचारमा ल्याएको छ। पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीले ७१ वर्षीय खानबाट प्राप्त चार मिनेटको सन्देशलाई एआईको प्रयोग गरेर 'भ्वाइस क्लोन' सार्वजनिक गरिएको जनाएको छ। निर्वाचनका लागि तयार पारिएको प्रतिरूप आवाजलाई निर्वाचन अभियानका लागि 'भर्चुअल च्याली' भनिएको छ। पिटिआईका अनुसार खानका वकिलमार्फत् पार्टीले प्राप्त गरेको उक्त लिखित सन्देश खानद्वारा तयार पारिएको सशक्त भाषामा आधारित छ। एलेभेनल्याब्स नामक एआई फर्मको एक उपकरण प्रयोग गरेर खानको प्रतिरूप आवाज श्रव्य सामग्रीका रूपमा तयार गरिएको थियो। एलेभेनल्याब्सले विद्यमान भाषण नमुनाहरूबाट 'भ्वाइस क्लोन' सिर्जना गर्ने क्षमताका लागि उत्कृष्टताको दाबी गर्दै आएको छ। भ्रष्टाचार अभियोगमा खान अगस्टदेखि कारागारमा छन्। उनीमाथि गोपनीय दस्तावेजहरू चुहावट गरेको आरोपमा मुद्दा चलाइएको छ। आरोपको खण्डन गर्दै पूर्वप्रधानमन्त्री खानले आफूविरुद्धको मुद्दा फेब्रुअरीमा हुने आमचुनावमा आफूलाई प्रतिस्पर्धाबाट रोक्नका लागि गरिएको षड्यन्त्र भएको दाबी गर्दै आएका छन्। खानको नक्कली आवाजमा तयार पारिएको सन्देशमा भनिएको छ, 'मेरा पाकिस्तानी साथीहरू, म पहिले यो ऐतिहासिक प्रयासका लागि सामाजिक सञ्जाल समूहको प्रशंसा गर्न चाहन्छु।' 'सायद तपाईंहरू सबैले म जेलमा के गर्दै छु भनेर सोचिरहनुभएको होला ? साँचो स्वतन्त्रताका लागि मेरो अठोट आज पनि एकदमै सशक्त छ।' फेसबुक, एक्स र युट्युबमा पिटीआई समर्थकलाई दिएको भाषणको पाँच घन्टाको लाइभ स्ट्रिमको अन्त्यमा उक्त अडियो प्रसारण राखिएको छ र यसमा खानको ऐतिहासिक भिडियो तथा तस्बिरहरू राखिएका छन्। अमेरिकास्थित पिटिआईका सामाजिक सञ्जाल प्रमुख जिब्रान इलियासले भने, 'यो वास्तवमा राजनीतिक च्यालीमा इमरान खानको प्रत्यक्ष अनुपस्थितिमा यो दमनबाट माथि उठ्नका लागि तयार पारिएको सामग्री हो। यो हाम्रा लागि कुनै जादुयी कुरा भने होइन।'

'उत्तर कोरियाले ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गऱ्यो'

सिउल/ उत्तर कोरियाले एउटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको सियोलको सेनाले जनाएको छ। अमेरिका र दक्षिण कोरियाले आणविक आक्रमणले प्योङ्याङको शासनको अन्त्य हुने चेतावनी दिइरहेका वेला प्योङ्याङले ब्यालेस्टिक मिसाइल परीक्षण गरेको दक्षिण कोरियाले दाबी गरेको हो। 'उत्तर कोरियाले पूर्वी सागरतर्फ अज्ञात ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ' सियोलका ज्वाइन्ट चिफ अफ स्टाफले भने। सियोल र वासिंटनले प्योङ्याङलाई अमेरिका र दक्षिण कोरियामाथि कुनै पनि आणविक आक्रमण गरेमा उत्तर कोरियाली शासनको अन्त्य हुने चेतावनी दिँदै आएका छन्। उत्तर कोरियाली नेता किम जोङ उनका पिता किम जोङ इलको निधन भएको मिति पारेर प्योङ्याङले यो प्रक्षेपण गरेको प्राप्त विवरणहरूमा जनाइएको छ। इलको सन् २०११ डिसेम्बर १७ मा निधन भएको थियो। उत्तर कोरियाले गत वर्ष आफूलाई 'अपरिवर्तनीय' आणविक शक्तिराष्ट्र घोषणा गरेको थियो। उसले आफ्नो आणविक कार्यक्रम कहिल्यै नछोड्ने बताउँदै आएको छ।

धितोमा रहेको चल अचल सम्पत्ति डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको कृषि विकास बैंक लि.को सार्वजनिक सूचना

(प्रकाशन मितिः२०८०/०९/०३)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतिस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

लिलाम बिक्री हुने मितिः २०८० साल माघ महिना ०९ गते (ग्राहक सि.नं.१ र २), सम्बन्धित कार्यालयः शाखा कार्यालय धनगढी, कैलाली लिलाम हुने स्थानः क्याम्पस रोड, धनगढी कैलाली।

ग्राहकको विवरण : १) ग्राहकको नामः श्री जिमदार होटल, संचालकको नामः दिल बहादुर चौधरी ना.प्र.नं.७४२२१ जारि मिति : २०६३/०८/०७ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय कैलाली बाबुको नामः बिरवल ड थारु, बाजे/ससुराको नामः बासुदेव थारु पति/पत्नीको नामः .....फर्मको दर्ता नं.११४१२ दर्ता मिति २०७५/०९/१९ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली पान नं.६०८५७५५२४

लिलाम हुने अचल सम्पत्तिको बिबरण

कर्जा शिर्षक/कर्जा नं.	जग्गाधनीको नाम	धितो रहेको ठेगाना				
		जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल ब.मि.
सेवा कर्जा/१३३४६१०	दिल बहादुर चौधरी	कैलाली	धनगढी	०५	८१४	५५५

व्यक्तिगत जमानत तथा धितो मन्जुरीनामा दिनेको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	जारी भएको जिल्ला	पति/बाबु	बाजे/ससुरा
दिल बहादुर चौधरी	कैलाली	७४२२१	कैलाली	बिरबल द.थारु	बासुदेव थारु
सुशिला चौधरी	धनगढी ०५ तारानगर, कैलाली	६७/०१/६९/०९४०७	कैलाली	दिल बहादुर चौधरी	बिरबल द.थारु

ग्राहकको विवरण

२) ग्राहकको नाम : वडि इन्जिजियर, संचालकको नामः मनिषराज पन्त ना.प्र.नं.:२७३३८५।५२२३ जारि मितिः २०६२।१०।०२ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय काठमाण्डौ बाबुको नामः दिब्यराज पन्त बाजे/ससुराको नामः गिरिराज पन्त फर्मको दर्ता नं.: १०२३५ दर्ता मितिः २०७४।०७।२९ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली पान नं.:६०५८६४१००

लिलाम हुने अचल सम्पत्तिको बिबरण

कर्जा शिर्षक/कर्जा नं.	जग्गाधनीको नाम	धितो रहेको ठेगाना				
		जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल ब.मि.
सेवा कर्जा/१५६०४५३	मथिराज पन्त	कैलाली	धनगढी	०५	१०८	४३७

व्यक्तिगत जमानत तथा धितो मन्जुरीनामा दिनेको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	जारी भएको जिल्ला	पति/बाबु	बाजे/ससुरा
मनिषराज पन्त	धनगढी ०५ कैलाली	२७३३८५/५२२३	काठमाण्डौ	दिब्यराज पन्त	गिरिराज पन्त

लिलाम बिक्री हुने मितिः २०८० साल माघ महिना १० गते (ग्राहक सि.नं. ३ र ४)
सम्बन्धित कार्यालयः शाखा कार्यालय धनगढी, कैलाली लिलाम हुने स्थानः क्याम्पस रोड, धनगढी कैलाली।

ग्राहकको विवरण

३) ग्राहकको नामः मनिष राज पन्त ना.प्र.नं.:२७३३८५।५२२३ जारि मितिः २०६२/१०/०२ जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय काठमाण्डौ बाबुको नामः दिब्यराज पन्त बाजे/ससुराको नामः गिरिराज पन्त

लिलाम हुने अचल सम्पत्तिको बिबरण

कर्जा शिर्षक/कर्जा नं.	जग्गाधनीको नाम	धितो रहेको ठेगाना				
		जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी कर्जा/१५६०३७६	मनिषराज पन्त	कैलाली	धनगढी	०५	१०८	४३७

व्यक्तिगत जमानत तथा धितो मन्जुरीनामा दिनेको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	जारी भएको जिल्ला	पति/बाबु	बाजे/ससुरा
मनिषराज पन्त	धनगढी ०५ कैलाली	२७३३८५/५२२३	काठमाण्डौ	दिब्यराज पन्त	गिरिराज पन्त

ग्राहकको विवरण

४) ग्राहकको नाम : सुलभ एण्ड सुस्मिता कन्सट्रक्सन प्रा.लि. संचालक :– दर्शन खड्का ना.प्र.नं.२१।१४२७३ जारि मितिः २०५८।०५।२४ जारी भएको कार्याल : जिल्ला प्रशासन कार्यालय बझाङ बाबुको नामःअफिलाल खड्का, बाजे/ससुराको नामः धनगिरि खड्का फर्म/कम्पनिको नामः दर्ता नं. १६२२४३ दर्ता मिति २०७३।१०।०९ दर्ता भएको कार्यालयः कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ पान नं.:६०४३८९१७४

लिलाम हुने अचल सम्पत्तिको बिबरण

कर्जा शिर्षक/कर्जा नं.	जग्गाधनीको नाम	धितो रहेको ठेगाना				
		जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल ब.मि.
सरल ठेक्का/जमानत दाबी/बैंक जमानत/११३९१२६	लडे रोकाया	कैलाली	गेटा	०१	४१२, ४०६	६६५, १७०
					१७१, १७२	७०५, १७०
					२६२,२६१	३४९५, ४९५
					२६०, ४२७	१७८५, ६७७.२७

व्यक्तिगत जमानत तथा धितो मन्जुरीनामा दिनेको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	जारी भएको जिल्ला	पति/बाबु	बाजे/ससुरा
दर्शन खड्का	पाटादेवल ०४ बझाङ	२१/१४२७३	बझाङ	अफिलाल खड्का	धनगिरि खड्का
लडे रोकाया	गडराय ०३ बझाङ	१४९५	बझाङ	खड्के रोकाया	अके रोकाया
सुर्मा देवी रोकाया	गडराय ०३ बझाङ	७१३०२८/९३	बझाङ	जित बहादुर खड्का	लडे रोकाया
नन्दराम रोकाया	गडराय ०३ बझाङ	७१/०१/७१/०२४७२	बझाङ	भिम बहादुर रोकाया	लडे रोकाया
जयराम रोकाया	गडराय ०३ बझाङ	७११०२८/१७६	बझाङ	कुबेर रोकाया	लडे रोकाया
बुद्धिदेबि खड्का	गडराय ०३ बझाङ	२७/१४२७६	बझाङ	बिर बहादुर रोकाया	अफिलाल खड्का

शर्तहरूः

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत रकम सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
६. डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
कर्जा असूली तथा संकलन विभाग
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

पर्यटकको आकर्षणमा लमजुङका होमस्टे गाउँ

लमजुङ/ पछिल्लो समय लमजुङका ग्रामीण क्षेत्रमा खुलेका होमस्टे आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बनेका छन् । गाउँमा स्थानीय परिकार, कला, संस्कृति, प्राकृतिक सौन्दर्य र स्वागत सत्कारले पर्यटक लोभिन थालेसँगै होमस्टेमा चहलपहल बढेको हो । ०५७ मा पहिलोपटक महोत्सव आयोजना गर्न सफल घलेगाउँबाट सुरु भएको लमजुङको ग्रामीण पर्यटन अवधारणा पछिल्लो समय अन्य समुदायका गाउँसम्म पुगेको छ । घलेगाउँ, भुजुङ, पसगाउँ, सिउरुङ, खासुर, घनपोखरा, हिलेटक्सार, राइनास मोहोरियाकोट हुँदै पछिल्लो समय तार्कु पुरानकोट, गाउँसहर, इलमपोखरी, नाल्मा, छापा, मिप्रा, भुस्मेलगायत गाउँमा ग्रामीण पर्यटन विस्तार भएको छ । कला, संस्कार, संस्कृति र रहनसहनसँगै लमजुङका विभिन्न ठाउँमा होमस्टेको व्यापार बढ्दै गएको छ । चक्रीय अन्नपूर्ण पदमार्गको प्रवेशद्वारमा पर्ने लमजुङका सबै गुरुङ गाउँ पर्यटकीय गाउँका रूपमा विकसित भइसकेका छन् । तर, सबै पर्यटकीय स्थलमा खोलिएका होमस्टे गुरुङ गाउँमा मात्र छैनन् । लमजुङमा खुलेका होमस्टेमा प्रायः गुरुङ जातिको बाहुल्य छ । तर, पछिल्लो समय गुरुङ जातिसँगै अन्य समुदाय पनि होमस्टेमा आकर्षित हुन थालेका छन् ।

घुमफिरमा आन्तरिक पर्यटकले ग्रामीण क्षेत्रका होमस्टे रोज्न थालेपछि गाउँमा आकर्षण बढेको हो । करिब एक हजार पाँच सय मिटर उचाइमा रहेको मर्स्याङ्दी गाउँपालिकामा रहेको भुस्मेगाउँमा खोलिएको तामाङ होमस्टेमा पनि पर्यटकको आकर्षण बढेको छ ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त) योजना कार्यालय, नवलपरासी, बर्दघाट-१ (ब.सु.प.)

१५ दिने सूचना

मिति : २०८०/०९/०३ मा प्रकाशित

यस राष्ट्रिय आवास कम्पनी लिमिटेड योजना कार्यालय नवलपरासी माकर-१ कार्यालयद्वारा हाल नाप नक्सा गर्दा जमुनिया गा.वि.स. वडा नं.-८ हाल बर्दघाट नगरपालिका १२ निम्न कित्ताको जग्गा दिनेश प्रसाद गुप्ताले विगत देखि तिरो दर्ता केही नभई भोगी आएकोले दर्ता गरि पाउँ भनि दावी गरेको हुँदा सूचना प्रकाशित गरिएको छ सो उपर कसैको हकभोग वा ऐलानी सार्वजनिक गुठि अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस योजना कार्यालयमा उपस्थित भई स-प्रमाण साथ दावि विरोध गर्न आउनुहोला अन्यथा तपशिलमा उल्लेख भएको जग्गा आवेदकको नाँउमा दर्ता भई जाने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल :

जग्गा धनिको नाम, थर, वतन	जग्गाधनिको बाबु/बाजे/कोनाम	कित्ता	क्षेत्रफल	बिरह	किसिम खण्ड	चौहदी				कैफियत
						पुर्व	पश्चिम	उत्तर	दक्षिण	
श्री दिनेश प्रसाद गुप्ता ना.प्र.नं.७५८३५ (नवलपरासी) जारी मिति : २०६१/१०/०६	बाबु:-श्री हरिलाल गुप्ता बाजे:-श्री बेचु प्रसाद गुप्ता	१७१	०-१-७	–	८-घ	बर्दघाट-त्रिवेणी सडक	भुनेश्वर थारु	आफ्नै	लेखनाथ न्यौपाने शर्मा	

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

थप जानकारीको लागि QR Code Scan गर्नुहोला ।

यस बैंकको हेटौंडा शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८०/०९/०३

यस विकास बैंकको हेटौंडा शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

सि.नं.	ऋणीको विवरण	धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण
१.	**श्री पेज कलेक्सन** प्रा.फ.र.नं. : ४७८३/३५/२०७१/२०७२ ठेगाना : हेटौंडा न.पा.-०४, मकवानपुर दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडा स्थायी लेखा नं. : ६०११६४३४५ **प्रोप्राइटर/धनजमानीकर्ता: रविन्द्र तितुङ** **ना.प्र.नं.** : ३११०१५/४८८७१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : कृष्ण वहादुर तितुङ बाजे : बुद्दिमान तितुङ ठेगाना : चुरीयामाई गा.वि.स-०५, हाल, हेटौंडा उ.प.म.न.पा.-१६, मकवानपुर । **शाखा : हेटौंडा** **कर्जा शीर्षक : साना व्यापार कर्जा अधिविकर्ष र साना व्यापार कर्जा (व्यवसायको नाममा), आवासीय घर कर्जा (प्रोप्राइटर/व्यवसायीको नाममा)**	**कृष्ण बहादुर तितुङ** **ना.प्र.नं.** : ८९८७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं बाबु : बुद्दिमान तितुङ बाजे : डिल्ली मान तितुङ ठेगाना : काठमाडौं नगर/गाउँ पञ्चायत-२९ ,काठमाडौं, हाल, हेटौंडा उ.प.म.न.पा.-१६, मकवानपुर । **सुरेन घलान** **ना.प्र.नं.** : १८७३० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : हर्क वहादुर बाजे : सुमार सिं घलान ठेगाना : हटिया नगर/गाउँ पञ्चायत -०९, हाल, हेटौंडा उ.प.म.न.पा.-१६, मकवानपुर । **सुमित्रा घलान** **ना.प्र.नं.** : २१/१६२५६ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर पतिः सुरेन घलान ससुरा : हर्क वहादुर ठेगाना : हटिया गा.वि.स-०९, हाल, हेटौंडा उ.प.म.न.पा.-१६, मकवानपुर **चन्द्र मायाँ तितुङ** **ना.प्र.नं.** : १२१८९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाडौं पतिः कृष्ण वहादुर तितुङ ससुरा : बुद्दिमान तितुङ ठेगाना : काठमाडौं नगर/गाउँ पञ्चायत-२९ ,काठमाडौं, हाल, हेटौंडा उ.प.म.न.पा.-१६, मकवानपुर ।	१) रविन्द्र तितुङको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा) : **ठेगाना: हटीया-१, मकवानपुर** **नक्सा सिट: १** **कित्ता नं.:** ८९७६, ८९७८, ९११४, ९११६, ९११८ **क्षेत्रफल (बि/व.मी/रो.):** ०-०-५-० (८४.६५), ०-०-३-० (५०.७९), ०-०-८.७५-० (१४८.१४), ०-०-६.५-० (११०.०५), ०-०-४.७५-० (८०.४२) साथै सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको २:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्च : उल्लिखित ऋणी (प्रोप्राइटर)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दे-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:

बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०९/११ गते र बोलपत्र खोलिने मिति: २०८०/०९/१२

समय: दिनको : ३:३० बजे

सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

क्षिरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

आ.व. २०८०।०८१ को लागि नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो प्रकाशित मिति : २०८०/०९/०२

क्षिरेश्वरनाथनगर कार्यपालिकाको मिति २०८०/०८/१४ गतेको निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क, र यस क्षिरेश्वरनाथनगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ को व्यवस्था बमोजिम तथा नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट मिति २०७७/०४/०५ मा स्वीकृत ढुँगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिमयस नगरपालिकाले तोकेको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी क्षिरेश्वरनाथनगरपालिकाले तोकेको दर (प्रति घनफिट रु.४।२४ (मु.अ.करबाहेक) मा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रर नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वक विधुतीय (E-Bidding) माध्यमबाट बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

सिं नं.	सूचना नं./ बोलपत्र नं.	बोलपत्रको नाम	उत्खनन् परिणाम (घन फिट)	दर रेट (प्रति घनफिट मू.अ.कर बाहेक रु.	न्यूनतम बोलपत्र रकम रु. (सेवाशुल्क र मू. अ.कर बाहेक)	बोलपत्र फारम दस्तुर (रु.)
१	KMO/Goods/ Income Tender/09/ 2080-81	**औरही तथा जलाद**खोलाबाट नदीजन्य पदार्थको बिक्री	८०३४५१६।२६	४।२४	३४०६६३४८।९४	५,०००।००

शर्तहरु :

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत राष्ट्रिय वाणिज्य बैंक, जनकपुर शाखामा यस कार्यालयकोआन्तरिक राजश्व खाता नं.१२२०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवदेन पेश गरी यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र विद्युतीय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गुर्न पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, जनकपुर शाखामा रहेको धरौटी खाता नं. १२२०१००३०३०००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ज्ञछ औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन दिउसो २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ९ औं दिन दिनको २:०० बजे क्षिरेश्वरनाथ नगरपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ज्ञछ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा दृण्डज्ञ साल मंसिर मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको रकमको नियमानुसार १३% मु.अ.करको ३० प्रतिशत रकम र अग्रिम आयकरबापतको १.५ प्रतिशत रकम अग्रिम रुपमा कार्यालयमा जम्मा गर्नुपर्नेछ । मू.अ.कर बापतको बाँकी रकमसम्बन्धित आन्तरिक राजश्व कार्यालयमा राजश्व शीर्षक नं.३३३१७ मा जम्मा गरेको सक्कल भौचरअग्रिम रुपमा यस कार्यालयमा कुभ्काउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- यस कार्यालयसँग गत विगतमा भएको कारोवारमा यस कार्यालयको म.ले.प.प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी बक्यौता भएको भए सम्झौता गर्नुपूर्व फछ्यौट गर्नुपर्नेछ अन्यथा ठेक्का सम्झौता गर्न कार्यालय बाध्य हुने छैन ।
- ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।
- नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।
- यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- ठेक्का अवधि सम्झौता भएदेखि २०८१ जेष्ठ मसान्तसम्मको हुनेछ ।
- यस ठेक्काको अवधिभित्र राष्ट्र गौरवको आयोजनाहरुको लागि नदीजन्य पदार्थहरु माग भइ आएमा स्वीकृत मापदण्डभित्र रही कार्यालयले छुटै स्थान तोकी नदीजन्य पदार्थहरु उपलब्ध गराउन सक्नेछ, सो कार्यमा बोलपत्र स्वीकार गर्ने ठेकेदारले हक दावी तथा बाधा विरोध गर्न पाउने छैन ।
- यस ठेक्काको क्षेत्राधिकार क्षिरेश्वरनाथनगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने औरही र जलाद खोलामा रहनेछ ।
- कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website : www.kshireshwornathmun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ३ पुस ०८०

दूरसञ्चार प्राधिकरणलाई सेयर खरिद सम्झौता पठाउन एनसेलको आलटाल

दुईपटकका पत्रको टालटुले जवाफ दिएपछि प्राधिकरणले सोमबार पठायो लाइसेन्स खारेज गर्ने चेतावनीसहितको पत्र

पवन तिमिल्सिना/नयाँ पत्रिका

एनसेलले सरकारलाई सेयर खरिद सम्झौतापत्र पठाउन आलटाल गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले दुईपटक पत्राचार गर्दा पनि एनसेलले आनाकानी गरिरहेको प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए।

एनसेलले दुईपटक नै सम्झौता पत्र नपठाई टालटुले जवाफ दिएपछि सोमबार प्राधिकरणले कारबाही गर्ने चेतावनीसहित तेस्रो पत्र पठाएको छ। उनले भने, 'हामीले आज (सोमबार)सहित तीनपटक एनसेललाई खरिद सम्झौतापत्र (सेयर पर्चेज एग्रिमेन्ट) पठाउन पत्राचार गर्‍यौं। तर, बारम्बार उसले संकलन भइरहेको छ भन्ने टालटुले जवाफ पठाएको छ। यसपालि हामीले कानुनबमोजिम कारबाही गर्ने चेतावनीसहितको पत्र पठाएका छौं।'

प्राधिकरणले दूरसञ्चार ऐन, २०५८ को दफा १५ को अधिकार प्रयोग गरी यस्तो विवरण मागेको उनले बताए। ऐनमा प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाहीको विवरण तथा सञ्चालन गरेका दूरसञ्चार सेवासम्बन्धी विवरण माग गर्न सक्ने उल्लेख छ। यस्तो विवरण उपलब्ध गराउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेसमेत भनिएको छ। एनसेलले अटेरी गरेमा लाइसेन्स खारेजीसम्मको कारबाही गर्न सकिने प्रवक्ता पौडेलको भनाइ छ।

प्राधिकरणले १५ मंसिरमा पहिलोपटक एनसेललाई सेयर खरिद-बिक्रीको सम्बन्धमा जानकारी गराउन पत्राचार गरेको थियो। उसले कानुनी कर्तव्य पालनामा कटिबद्ध रहेको उल्लेख गर्दै सेयर खरिद-बिक्रीको द्विपक्षीय सम्झौतालगायतका कागजात संकलन भइरहेको जानकारी गराएको थियो। नियामक निकायलाई समेत जानकारी नदिई एनसेलको ८० प्रतिशत सेयर किनबेचको सूचना सार्वजनिक भएपछि यसमा चौतर्फी प्रश्न उठेको थियो। आजियाटा र स्पेक्ट्रलाइट युके लिमिटेडबीच खरिद-बिक्री सम्झौता नै भइसकेको सूचना आएपछि प्राधिकरणले एनसेललाई पत्राचार गरेको थियो। तर, प्राधिकरणलाई एनसेलले विवरण उपलब्ध गराउन सकेको छैन। बरु, एनसेलले स्पेक्ट्रलाइट युकेका सेयरधनी सतिशलाल आचार्यको भनाइलाई उद्धृत गर्दै आफ्नो कम्पनी प्रतिस्पर्धाबाट छानिएर खरिदकर्ता बनेको भनाइ सार्वजनिक गरेको थियो। खरिद मूल्यबाहेक आजियाटाले पाँच वर्षसम्मको लाभांश पाउने सम्झौता भएकाले यो डिल करिब ४० करोड अमेरिकी डलरबराबर भएको विज्ञप्तिमा दाबी गरिएको थियो।

प्राधिकरणलाई खरिद-बिक्रीको पत्रसहित विवरण उपलब्ध गराउन आलटाल गरिरहेको एनसेलले खरिदकर्ता कम्पनीको सेयरधनी आचार्यको मुखपत्रका रूपमा खरिद-बिक्रीका तथ्यहरू एक विज्ञप्तिमार्फत सार्वजनिक गर्नुलाई प्राधिकरणका अधिकारीहरूले संशयका रूपमा गरिएको बताएका छन्।



एनसेल किनबेच अर्थको क्षेत्राधिकार होइन : अर्थमन्त्री



काठमाडौं/एनसेलको सेयर किनबेच अर्थ मन्त्रालयको क्षेत्राधिकारभित्र नपर्ने अर्थमन्त्री डा. प्रकाशशरण महतले बताएका छन्। कर छलीको विषय मात्रै मन्त्रालयबाट हेरिने र किनबेच सम्बन्धमा दूरसञ्चार प्राधिकरणको क्षेत्राधिकारमा पर्ने उनको भनाइ छ। उनले भने, 'एनसेलबारे सरकारले छानबिन समिति बनाएको छ। उसले कर छलेको रहेछ भने हामी छाड्दैनौं। तर, किनबेच अर्थ मन्त्रालयले हेर्दैन, दूरसञ्चार प्राधिकरणले हेर्छ।' नेपाली कांग्रेस नुवाकोटको प्रथम जिल्ला सम्मेलनको उद्घाटन समारोहमा बोल्दै मन्त्री डा. महतले यस्तो बताएका हुन्।

अदालतले पत्ता लगाउन सकेन सेयर किन्ने र बेच्नेको ठेगाना

काठमाडौं/ उच्च अदालत पाटनले एनसेलको सेयर किनबेच गर्ने दुई कम्पनीको ठेगाना पत्ता लगाउन नसक्दा सोमबारको सुनुवाइ रोकिएको छ। अदालतले सोमबार एनसेलको सेयर खरिद-बिक्रीका सम्बन्धमा छलफल गर्न सरकारी पक्ष र एनसेलका सेयर खरिद-बिक्री गर्ने पक्षलाई बोलाएको थियो। जसअनुसार खरिदकर्ता भनिएको स्पेक्ट्रलाइट युके लिमिटेड र बिक्रीकर्ता आजियाटा समूह बर्हाडलाई समेत बोलाइएको थियो। तर, उनीहरूको नामको म्याद तामेल हुन नसकेकाले आज सुनवाइ गर्न नमिलेको अदालतले जनाएको छ।

रिट निवेदकका तर्फबाट वकालत गरिरहेका वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले अदालत प्रशासनले सोमबारको छलफलका लागि स्पेक्ट्रलाइट युके लिमिटेड र आजियाटा समूह बर्हाडलाई बोलाउन म्याद तामेल गर्न खोज्दा ठेगाना नभेटिएपछि अर्को ठेगाना मागेको बताए। अब विदेशमा भएका कम्पनीलाई बोलाउन राष्ट्रिय दैनिकमा आह्वान गर्नुको विकल्प नरहेको उनको भनाइ छ। उनले भने, 'अब पत्रिकामा दुवै पक्षको नाममा सूचना जारी गरेर बहस अघि बढ्नेछ।'

सोमबार अदालतमा न्यायाधीश दीपेन्द्र अधिकारी र ब्रजेश प्याकुरेलको संयुक्त इजलासले दुई पक्षको म्याद तामेल गर्न मिल्ने कुनै ठेगाना भए नभएको बारेमा रिट निवेदक पक्षलाई खुलाउन अदालतले आदेश दिएको छ। यदि निवेदकले म्याद खुलाउन नसक्ने भएमा खरिद-बिक्री गर्ने दुवै पक्षको नाममा 'द राइजिङ नेपाल' राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गर्नुपर्ने आदेशमा उल्लेख छ। त्यस्तै, अर्को पेसी ११ पुसलाई तोकिएको छ। साथै, एनसेलको सेयर खरिद-बिक्री दर्ता नगर्न २१ मंसिरमा कम्पनी रजिस्ट्रारको कार्यालयलाई दिएको अल्पकालीन अन्तरिम आदेशलाई समेत निरन्तरता दिएको उल्लेख छ।

पाँच महिनामा साढे २४ अर्ब एफडिआई स्वीकृत

काठमाडौं/ चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा २४ अर्ब ३६ करोड रुपैयाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) स्वीकृत भएको छ। उद्योग विभागले साउनदेखि मंसिरसम्म एक सय २० वटा उद्योग-कम्पनीको वैदेशिक लगानीको प्रस्ताव स्वीकृत गरेको हो।

पाँच महिनामा एक सय ९९ उद्योगको २० अर्ब ६१ करोड नयाँ एफडिआई र २१ उद्योगको तीन अर्ब ७५ करोडबराबरको सेयर पर्चेज एग्रिमेन्ट (एपिए) र सेयर सब्सक्रिप्सन एग्रिमेन्ट (एसएसए) स्वीकृत गरेको विभागले जनाएको छ। विभागका अनुसार अहिलेसम्म ६ हजार ५८ उद्योगको कुल चार खर्ब ७० अर्ब ६० करोड एफडिआई स्वीकृत भएको छ। मंसिरमा मात्रै दुई अर्ब ५६ करोडभन्दा बढी एफडिआई स्वीकृत गरेको उद्योग विभागले जनाएको छ। जसमध्ये २१ उद्योगको दुई अर्ब २६ करोड नयाँ लगानी र ३० करोड ५७ लाख एसपिए-एसएसए हो। पाँच महिनामा २७ वटा टेक्नोलोजी ट्रान्सफर एग्रिमेन्ट (टिटिए) स्वीकृत गरिएको छ। पाँच महिनामा लगानीको स्वीकृति पाएका उद्योग तथा परियोजनाले १० हजार एक सय २० जनालाई रोजगारी दिने प्रतिबद्धता जनाएका छन्।

पाँच महिनामा नेपालमा लगानीको स्वीकृत पाएका एक सय ९९ उद्योग तथा परियोजनामध्ये एक सय ८९ साना, सातवटा मझौला र तीनवटा ठूला छन्। कुल परियोजनामध्ये सबैभन्दा धेरै ९५ वटा पर्यटन क्षेत्रका, ७४ सेवा क्षेत्रका, १९ उत्पादनमूलक, चारवटा पूर्वाधार क्षेत्रका, पाँचवटा सूचना प्रविधि क्षेत्रका, एउटा खानी क्षेत्रको र एउटा कृषि क्षेत्रका रहेका छन्। कुल स्वीकृत लगानीमध्ये पर्यटन क्षेत्रमा ४८ प्रतिशत, सेवा क्षेत्रमा ३७ प्रतिशत, उत्पादनमूलक क्षेत्रमा १० प्रतिशत, पूर्वाधार क्षेत्रमा २ प्रतिशत, सूचना प्रविधि क्षेत्रमा ३ प्रतिशत लगानी प्रतिबद्धता आएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

वर्षयताकै उच्च कारोबार

लगानीकर्ता भन्छन्- लगानी गर्ने सही समय आयो

काठमाडौं/ साताको दोस्रो दिन सोमबार नेप्से कारोबार एक वर्षयताकै उच्च भएको छ। धितोपत्र र ऋणपत्र गरी सोमबार तीन सय पाँच कम्पनीको सेयर खरिद-बिक्री भएको छ। सो दिन दुई करोड १४ लाख कित्ता सेयर किनबेच हुँदा ६ अर्ब ८६ करोड ८१ लाख रुपैयाँको कारोबार भएको छ। यसअघि २६ पुस ०७९ मा सात अर्ब ६५ करोड रुपैयाँको कारोबार भएको थियो। उक्त समयमा नेप्से परिसूचक दुई हजार एक सय ९० दशमलव ४२ विन्दुमा थियो।

सर्वाधिक कारोबार गर्ने कम्पनीमा हिमाल दोलखा हाइड्रोपावर कम्पनीको २६ करोड २६ लाख रुपैयाँको कारोबार भएको छ। दोस्रो ठूलो कारोबार गर्ने कम्पनीमा सोनापुर मिनरल्स एन्ड आयलको २० करोड २८ लाख रुपैयाँको कारोबार भएको छ। सोल्टी होटेल, शिवम् सिमेन्ट, घोराही सिमेन्टको १४ करोड ३३ लाख रुपैयाँदेखि १८ करोड ४३ लाख रुपैयाँको कारोबार भएको छ।

पछिल्लो समय सेयर बजार उच्च अंकले बढेसँगै लगानीकर्ता बजारप्रति आकर्षित हुन थालेका छन्। मौद्रिक नीति समीक्षासँगै केही नीतिगत सुधार भएसँगै बजारले एक हजार आठ सयको मनोवैज्ञानिक विन्दुबाट उक्लिएको हो। हाल नेप्से सूचक दुई हजार ६० दशमलव ४९ विन्दुमा आइपुगेको छ। मौद्रिक नीतिको समीक्षापछि बजार दुई सय ७ दशमलव ७ अंकले बढेको छ। बजार निकै लामो समयसम्म घटेको हुँदा अब केही समय 'पिकअप' लिन सक्ने लगानीकर्ता छोटेलाल रौनियारले बताए। उनले भने, 'यतिबेला लगानीकर्ताको गुमेको विश्वास बिस्तारै फर्किँदै छ, खरिद-बिक्री राम्रो भइरहेको छ, कारोबार रकमले पनि लगानीकर्ता आकर्षित छन्, बजारमा प्रवेश गर्ने सही समय नै यही हो अहिलेको बजारले देखाउँछ।' साता सोमबार कारोबार दिन नेप्से परिसूचक ३८ दशमलव १४ अंकले बढेको छ।

■ नौ कम्पनीको सेयर मूल्यमा सर्किट

सोमबार नौ कम्पनीको सेयर मूल्यमा १० प्रतिशत बढेर सकारात्मक सर्किट लागेको छ। बोटलर नेपाल (बालाजु) सूर्यज्योति लाइफ इन्स्योरेन्स, स्वरोजगार लघुवित्त विकास बैंक, जीवन विकास लघुवित्त वित्तीय संस्था, बिपिडब्लु लघुवित्त वित्तीय संस्था, हाथवे इन्भेस्टमेन्ट नेपाल, मुक्तिनाथ कृषि कम्पनी, नेरुडे लघुवित्त वित्तीय संस्था र धौलागिरि लघुवित्त वित्तीय संस्थाको सेयर मूलयमा सर्किट लागेको हो।

बढेको बजारमा हिमालयन पावर पार्टनर, डोल्टी पावर कम्पनी, अपर स्यांगे हाइड्रोपावर, मोदी इनर्जी लिमिटेड, माइखोला हाइड्रोपावर कम्पनीको सेयर मूल्य चार दशमलव ३८ प्रतिशतदेखि ७ दशमलव ८६ प्रतिशतले बढेको छ।

कारोबारमा आएका १३ वटै समूहका सूचकमध्ये १२ समूहका सूचक बढेका छन्। अघिल्लो दिन आइतबार जलविद्युत् समूहको सूचक पाँच दशमलव ५५ प्रतिशतले बढेको भए पनि यस दिन घटेको छ। यसको अर्थ लगानीकर्ताले जलविद्युत् कम्पनीको सेयरमा नाफा बुक गरेका छन्। लगानीकर्ता भानु दाहालले जलविद्युत् कम्पनीमा लगानीकर्ता अघिल्लो दिनको नाफा बुक गरेर अन्य कम्पनीमा लगानी गरेको बताए।

भैरहवा विमानस्थल पूर्णक्षमतामा चलाउने तयारी गर्न निर्देशन

काठमाडौं/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि आवश्यक नीतिगत काम तत्काल अघि बढाउन मातहतका सम्बन्धित निकायलाई निर्देशन दिएको छ। सिंहदरबारस्थित मन्त्रालयमा सरोकारवालासँग भएको छलफलमा पर्यटनमन्त्री सुदन किरौंतीले विमानस्थलमा केही आधारभूत सुधारसहित विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि मातहत निकायलाई निर्देशन दिए। छलफलमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संघीयताको मर्म र भावनाअनुरूप विमानस्थल पूर्ण रूपमा सञ्चालन गरिनुपर्नेमा जोड दिए। मुख्यसचिव डा. वैकुण्ठ अर्यालले विमानस्थलको प्रभावकारी सञ्चालनका लागि सरकारले आवश्यक सहयोग र सहजीकरण गर्ने विश्वास व्यक्त गरे।

त्यस्तै, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले विमानस्थलको विद्यमान अवस्थाबारे जानकारी गराएका थिए। सहभागी वायुसेवा सञ्चालक तथा पर्यटन व्यवसायीले विमानस्थलमा जहाजको उडान संख्या बढाउन र पर्यटकलाई राहत प्याकेजको व्यवस्था गर्न आग्रह गरेका थिए। विमानस्थलको प्रभावकारी सञ्चालनका लागि संघ र प्रदेश सरकारबीच समन्वय तथा सहजीकरण गर्ने विषयमा मन्त्रालयले प्रतिबद्धता जनाएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिए।

छलफलमा नेपाल वायुसेवा निगम, निजी वायुसेवा सञ्चालक कम्पनी, लुम्बिनी प्रदेशका होटेल व्यवसायी, सिद्धार्थ उद्योग वाणिज्य संघका प्रतिनिधिको पनि उपस्थिति थियो।

कुमारी बैंक लिमिटेडका तपसिलमा उल्लेखित क्रेडिट कार्ड (Credit Card) प्रयोगकर्ताहरूलाई ऋणकर्जा सुविधा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको क्रेडिट कार्ड (Credit Card) कर्जा सुविधाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जा सुविधाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा, ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

(हेटौंडा शाखा)

१. शिद्ध बहादुर ठकुरी/बाल कुमारी ठकुरीको नाति, भक्त बहादुर ठकुरी/शिव कुमारी ठकुरीको छोरा, तुलसी ठकुरीको पति, मकवानपुर जिल्ला, सरीखेत गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकपानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०४, कमलडाँडा बस्ने **राज कुमार ठकुरी** (ना.प्र.नं. ३३/११६, जारी मिति २०५३/०६/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

(इनरुवा शाखा)

१. दुर्गा बहादुर कटुवालको नाति, लिला बहादुर कटुवालको छोरा, पुनम विष्टको पति मोरङ्ग जिल्ला, हात्तिमुडा गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, दुहबी न.पा., वडा नं. ०३ बस्ने **तिर्थराज कटुवाल** (ना.प्र.नं. ६/४८६७, जारी मिति २०६३/०४/१९, जिल्ला प्रशासन कार्यालय मोरङ्ग)।

(नारायणगढ शाखा)

१. नवल किशोर मल्लिकको नातिनि, धनुषधारी मल्लिक/भद्रकाली मल्लिकको छोरी, बिवेक प्रकाशको पत्नी, झापा जिल्ला, मउपुर गा.वि.स., वडा नं. १३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं.०३, क्षेत्रपुर बस्ने **कुमारी रजनी गन्धा मल्लिक** (ना.प्र.नं. ११८०२७९०, जारी मिति २०५६/०९/०९, जिल्ला प्रशासन कार्यालय, झापा)।

(मालीगाउँ, काठमाडौं शाखा)

१. महेश्वर शिवाकोटीको नाति, केशव प्रसाद शिवाकोटीको छोरा, दोलखा जिल्ला, सुस्पाक्षमावती उ.म.न.पा./गा.वि.स वडा नं.०६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.३०, मैतीदेवी बस्ने **उदय शिवाकोटी** (ना.प्र.नं.३५८४४, जारी मिति २०६१/०३/२१, जिल्ला प्रशासन कार्यालय दोलखा)।

२. धन बहादुर गुरुङको नाति, होम बहादुर गुरुङको छोरा, कैलाली जिल्ला, हसुलीया गा.वि.स वडा नं.०५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.०१, सितापाईला बस्ने **सुशाङ्क गुरुङ** (ना.प्र.नं.५६७७२, जारी मिति २०६०/१०/०५, जिल्ला प्रशासन कार्यालया कैलाली)।

३. वैकुण्ठ राज श्रेष्ठको नाति, सन्त राज श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं.०६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.१७, डल्लु बस्ने **सुमित श्रेष्ठ** (ना.प्र.नं.०१-०६७-६४७६, जारी मिति २०६७/०४/०३, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक)।

४. काशी प्रसाद साह/बिफी देवी कानुको छोरा, शोभा देवी कानुको पती, बारा जिल्ला, प्रसौनी उ.म.न.पा./गा.वि.स वडा नं.०९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं.०२, सानेपा बस्ने **सिकन्दर प्रसाद साह** (ना.प्र.नं.३३१५३३/१८२३/७७०, जारी मिति २०४५/०१/२४, जिल्ला प्रशासन कार्यालय बारा)।

५. मुक्ति प्रसाद अधिकारीको नाति, बामदेव शर्मा अधिकारीको छोरा, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं.०८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं.७, गणेश चोक बस्ने **शरद अधिकारी** (ना.प्र.नं.६५१००१-२१५६, जारी मिति २०६७/०२/२३, जिल्ला प्रशासन कार्यालय बर्दिया)।

६. मछिन्द्र नाथ श्रेष्ठको नाति, द्वारिका नाथ श्रेष्ठको छोरा, काभ्रे जिल्ला, धुलिखेल न.पा. वडा नं.०४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३०, कालो पुल बस्ने **रमेश कुमार श्रेष्ठ** (ना.प्र.नं.१०८७९९, जारी मिति २०५९/०२/०८, जिल्ला प्रशासन कार्यालय काभ्रे)।

७. इक्षा हर्ष बज्राचार्यको नातिनी, रवि बज्राचार्यको छोरी, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.२४ न्यूरोड बस्ने **नेहा बज्राचार्य** (ना.प्र.नं.२७१०६०/८६०९८, जारी मिति २०६८/०६/२९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

८. साधुराम उप्रेतीको नाति, प्रमोद कुमार उप्रेतीको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, भुम्लुटार गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.३२, पेप्सीकोला बस्ने **गौरब उप्रेती** (ना.प्र.नं.३०-०१-७१-१०७६३, जारी मिति २०७१/१०/१७, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक)।

९. शिवहरी गौतमको नाति, शेषमणि गौतमको छोरा, दाङ्ग जिल्ला, चैलाही गा.वि.स./न.पा. वडा नं.०२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.१०, शंखमुल बस्ने **बिशेस गौतम** (ना.प्र.नं.५२२०१०/३५५१, जारी मिति २०६९/०७/१७, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

१०. चन्द्र बहादुर रम्तेलको नाति, सानु रम्तेलको छोरा, मोरङ्ग जिल्ला, बैजनाथपुर गा.वि.स./न.पा. वडा नं.०९ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, तार्केश्वर न.पा. वडा नं.२३ बस्ने **विवेक रम्तेल** (ना.प्र.नं.०५१०३८/१२९, जारी मिति २०६४/०९/०८, जिल्ला प्रशासन कार्यालय मोरङ्ग)।

(कावासोती शाखा)

१. हुम बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ०२ बस्ने **गोविन्द बहादुर कार्की** (ना.प्र.प.नं. १४८६२ जारी मिति २०५६/०९/१६, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

२. करविर थापाको बुहारी, दिल बहादुर थापाको छोरी, तारा बहादुर थापाको पत्नी, तनहु जिल्ला, सुन्धारा गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ०२ बस्ने **गोमति थापा** (ना.प्र.प.नं. ९०५१८ जारी मिति २०६३/०३/०५, जिल्ला प्रशासन कार्यालय तनहु)।

(मंगलबजार शाखा)

१. दुर्गा प्रसाद तिम्लसिनाको नाति, हरी प्रसाद तिम्लसीना/गायत्री तिम्लसिनाको छोरा, दिपिका थापाको पति नुवाकोट जिल्ला, कुमरी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. १६ बस्ने **पुरुषोतम तिम्लसीना** (ना.प्र.नं. ९१०४१, जारी मिति २०६०/११/२६, जिल्ला प्रशासन कार्यालय नुवाकोट)।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

प्रधान कार्यालय (कार्ड शाखा) फोन नं. ०१-४४४५५०१

मन्दाकिनी हाइड्रोपावर लिमिटेड
सिनामंगल, काठमाडौं
सम्पर्क नं. ०१४५६१५७४ इमेल : mandakini.hydropower@gmail.com

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८०/०८/२९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान तथा समय :

मिति: २०८० पौष २९ गते (१४ जनवरी, २०२४)
स्थान: अनुपम फुडल्याण्ड एण्ड व्याङ्क्वेट बत्तिसपुतली, काठमाण्डौ
समय: बिहान ११:०० बजे

छलफलका विषयहरु:

क) सामान्य प्रस्तावहरु,

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२५ प्रतिशतका दरले हुन आउने रु. १४,७०,०९२.२५ नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे,

ख) विशेष प्रस्तावहरु:

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ४.७५ बोनश शेयर वितरण गर्न स्विकृती गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने,

२) संचालकहरुको सेवा सुविधा बारे,

३) प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधन सम्बन्धमा नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने।

ग) विविध।

साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :

१) वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८०/०९/२० गते १ दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१९ सम्म कारोवार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रारको कार्यालयमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा लाभांश पाउनेछन्।

२) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाण पत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० देखी खुल्ला गरिनेछ।

४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८०/०९/२७ बिहान ११:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ।

५) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत् शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल काठमाण्डौमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वत: बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ। प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वत: बदर हुनेछ।

६) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा प्रोक्सी नियुक्त गर्न सक्नेछन्।

७) बुदाँ नं. १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभाबाट पारित लाभांशको हकदार हुनेछन्।

८) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन्।

९) साधारण सभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, सिनामंगल काठमाडौंमा कार्यालय समय बिहान १०:०० बजे देखी साँझ ४:०० बजे सम्म सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

धन्यवाद।

अध्यक्षको आज्ञाले
कम्पनी सचिव

लुम्बिनी विकास बैंक र बयोधाबीच सम्झौता

काठमाडौं/ लुम्बिनी विकास बैंक र काठमाडौं बल्खुस्थित बयोधा अस्पतालबीच सम्झौता भएको छ। सम्झौताअनुसार बैंकका कर्मचारी, डेबिट कार्डवाहक, बैंकका मोबाइल बैंकिङ प्रयोगकर्ता र निक्षेपकर्ताले बयोधा अस्पतालमा १० देखि १५ प्रतिशतसम्म छुट पाउने बताइएको छ। अस्पतालको जनरल, महिला हेल्थको प्याथोलोजी र परामर्श सेवामा प्याकेज छुटमा उपलब्ध छ।

बिवाइडीलाई 'बेस्ट बाई कार अफ युरोप' अवार्ड

नयाँ पत्रिका

बिवाइडीको पछिल्लो मोडल डल्फिनले युरोपकै प्रतिष्ठित अवार्ड 'बेस्ट बाई कार अफ युरोप-२०२४' अवार्ड जितेको छ। यो अवार्ड युरोपभर बिक्री हुने कारहरूमध्ये उत्कृष्टलाई 'अटोबेस्ट'ले प्रदान गर्दै आएको बताइएको छ।

सो प्रतिस्पर्धामा हुन्डाई कोना र दोस्रो र तेस्रोमा जिपको एभेन्जर परेको थिए। अस्ट्रियाको टिसडार्फ सहरस्थित सर्किटमा सबै प्रतिस्पर्धीलाई उतारिएको थियो। त्यसका लागि युरोपभरका ३१ देशबाट आएका अटोबेस्ट पत्रकारले मतदान गरेर डल्फिनलाई अवार्ड दिएको बताइएको छ।

उनीहरूले डल्फिनलाई फिचर लोडेड क्याबिन, आकर्षक डिजाइन, सुरक्षामा अब्बल र गुणस्तरीय प्रविधिको प्रयोग भएको पर्फेक्ट कारको संज्ञा दिएका थिए।

त्यसमा सुरक्षित र सफल ब्लेड ब्याट्रीको प्रयोगले नयाँ मानक स्थापित गरेको मानिएको छ। त्यही कारण डल्फिनले २०.०५७ अंकसहित पहिलो स्थान सुरक्षित गर्न सफल भएको बताइएको छ।

अटोबेस्टका जुरीले पहिलोपटक कुनै पनि बिवाइडीको मोडललाई 'बेस्ट बाई कार अफ युरोप' अवार्ड दिइएको हो। अवाड दिँदै अटोबेस्टका अध्यक्ष भान भार्डीले बिवाइडी डल्फिनले बजारमा आएदेखि नै उत्कृष्ट पर्फमेन्स दिएको बताए।

नेपालमा पनि ३९ लाख ८० हजारमा डल्फिन खरिद गर्न पाइने पनि बताइएको छ।

होन्डा डिओ-१२५ को बिक्री सुरु



काठमाडौं/ नेपालका लागि होन्डाको अधिकृत विक्रेता स्याकार ट्रेडिङले होन्डा डिओ-१२५ स्कुटीको बिक्री-वितरण सुरु गरेको छ। नेपालमा सर्वाधिक बिक्री हुने होन्डाका दुईपांग्रे सवारीसाधनमध्ये होन्डा डिओ स्कुटरको पछिल्लो संस्करण होन्डा डिओ-१२५ मा प्रविधिमैत्री पुस्ताको आवश्यकता र सन्तुष्टिका लागि नवीन विशेषता रहेका सिप्रदीले जनाएको छ।

साथै, १२५ सिसी क्षमताको इन्जिनका साथ होन्डा डिओ-१२५ रोमाञ्चक यात्राको भरपर्दो र शक्तिशाली सहयात्री बन्नेमा कम्पनी विश्वस्त छ। 'स्मार्ट' चाबीले 'अनलक' र 'स्टार्ट' हुने यो स्कुटीमा 'साइड स्ट्यान्ड' लगाउँदा 'स्टार्ट' बन्द हुने प्रविधि, कम इन्धनमा अधिकतम माइलेज दिने पिजिएम-एफआई सिस्टमलगायतका अत्याधुनिक प्रविधि रहेको बताइएको छ। त्यसैगरी, यो स्कुटीमा स्टार्ट गर्दा एकदमै कम आवाज आउने वातावरणमैत्री एसिजी प्रविधि पनि जडित रहेको बताइएको छ।

सिप्रदीका अनुसार डिओ-१२५को बुकिङ र बिक्री धमाधम भइरहेको छ। भर्खरै सम्पन्न नाडा अटो सोमा पहिलोपटक प्रदर्शनीमा राखिएको यो स्कुटीले थुप्रै ग्राहकको ध्यान तानेको दाबी गरिएको छ। यसको सुरुवाती मूल्य दुई लाख ९९ हजार नौ सय रहेको कम्पनीले जनाएको छ।

एनआइसी एसिया लघुवित्तको स्वतन्त्र सञ्चालकमा गौतम नियुक्त



काठमाडौं/ एनआइसी एसिया लघुवित्तको स्वतन्त्र सञ्चालकमा सरिता गौतम नियुक्त भएकी छिन्। सोमबार बसेको संस्थाको सञ्चालक समिति बैठकले रिक्त रहेको पदमा काठमाडौंनिवासी गौतमलाई नियुक्त गरेको बताइएको छ।

नवनियुक्त स्वतन्त्र सञ्चालक गौतमले प्रचलित कानुन तथा नियमानुसार संस्थाका अध्यक्ष सन्तोषकुमार राठीसमक्ष शपथग्रहण गरी पद बहाल पनि गरेको संस्थाले जानकारी दिएको छ। विभिन्न क्षेत्रमा करिब एक दशकको कार्यानुभव रहेको गौतम नेपाल धितोपत्र बोर्डको विभिन्न विभागमा अधिकृत तहमा समेत कार्यरत थिइन्।

संस्थाका प्रमुख कार्यकारी अधिकृत, लक्ष्मण चालिसेले अनुभवप्राप्त व्यक्तिलाई बैठकले नियुक्त गरेकोमा खुसी प्रकट गरे। साथै, नवनियुक्त स्वतन्त्र सञ्चालकको कार्य अनुभवबाट संस्थाले लिएको लक्ष्य हासिल गरी संस्थालाई लघुवित्त वित्तीय संस्थाहरूमाझ अग्रणी, सबल तथा सशक्त लघुवित्त संस्थाका रूपमा स्थापित गराउन अझै थप सहयोग पुग्ने संस्थाको विश्वास रहेको समेत बताए।

प्रभु क्यापिटलका ग्राहकलाई सिद्धार्थनगर सिटी हस्पिटलमा छुट

काठमाडौं/ प्रभु क्यापिटल लिमिटेडका हितग्राही ग्राहकलाई भैरहवास्थित सिद्धार्थनगर सिटी हस्पिटलको सेवामा छुट दिन व्यावसायिक सम्झौता गरेको छ। दुई वर्षका लागि भएको सम्झौतामा क्यापिटलको तर्फबाट सञ्चालन प्रमुख वसन्ता उपाध्याय तथा सिद्धार्थनगर सिटी हस्पिटलको तर्फबाट प्रबन्ध निर्देशक अर्जुन पौडेलले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार प्रभु क्यापिटलका डिम्याट ग्राहकले सिटी हस्पिटलबाट चिकित्सा सेवा लिँदा हस्पिटलले दिँदै आएको ओपिडी टिकट, एक्सरे, युएसजी, इसिजी, जनरल बेड चार्ज, क्याबिन आइसियू, एनआइसियू, सिसियू, अपरेसन चार्ज, सिटिस्क्यान, फिजियो थेरापीलगायत सेवामा १० देखि १५ प्रतिशतसम्म छुट पाउने क्यापिटलले जनाएको छ।

ग्राहकले आफ्नो डिम्याट कन्फर्मेसन तथा परिचयपत्र देखाई अस्पतालबाट पाउने प्रिभिलेज कार्डमार्फत सो अफरको लाभ लिन सक्ने बताइएको छ।

बिरामीको सुविधालाई ध्यानमा राखी स्वास्थ्य सेवाको पहुँच आमसमुदायमा पुऱ्याउने उद्देश्यका साथै राम्रो उपचारका लागि आत्तिएर काठमाडौं, चितवन तथा छिमेकी मुलुक भारत जानुपर्ने बाध्यतालाई चिर्दै यस सिद्धार्थनगर सिटी हस्पिटलले सम्पूर्ण सेवा प्रदान गरेको बताएको छ।

ब्रिटिस काउन्सिल आइइएलटिएस प्राइज २०२३ विजेताको घोषणा

काठमाडौं/ ब्रिटिस काउन्सिलले वार्षिक रूपमा आयोजना गर्दै आएको प्रतियोगिता 'आइइएलटिएस प्राइज २०२३' का विजेताहरूको नाम घोषणा गरेको छ। आफ्नो शैक्षिक सपनालाई वास्तविकतामा बदल्न चाहने महत्त्वाकांक्षी युवा पुस्तालाई मद्दत गर्न यस प्रतिस्पर्धामार्फत काउन्सिलले विश्वभरका अंग्रेजी भाषामा पढाइ हुने विश्वविद्यालयमा आइइएलटिएसका परीक्षार्थीलाई विश्वविद्यालयको पाँच हजार डलर (आठ लाख ४० हजार नेरु)सम्मको ट्युसन शुल्कमा टेवा दिने बताइएको छ।

यो वर्षको प्रतिस्पर्धा चीन, जापान, हङकङ, इन्डोनेसिया, कोरिया, मलेसिया, फिलिपिन्स, सिंगापुर ताइवान, थाइल्यान्ड, भियतनाम, बंगलादेश पाकिस्तान, नेपाल र श्रीलंकाबाट आइइएलटिएसको परीक्षा दिएका परीक्षार्थीका लागि खुला गरिएको काउन्सिलको भनाइ छ।

प्रतिस्पर्धात्मक आवेदन प्रक्रियामार्फत यो वर्षका लागि नेपालबाट तीनजना चयन भएका छन्। जसमा प्रथम, रिजु अधिकारी, द्वितीय उज्ज्वल भेटुवाल र तृतीय रिषिका साह रहेका छन्। उनीहरूले क्रमशः आठ लाख ४० हजार, तीन लाख ३६ हजार एक लाख ६८ हजार रुपैयाँ पाउनेछन्।

यसबाहेक पनि ब्रिटिस काउन्सिलमा दर्ता भएर सन् २०२३ को सेप्टेम्बर १ देखि नोभेम्बर ३० को बीचमा आइइएलटिएसको परीक्षा दिएका परीक्षार्थीमध्ये केही भाग्यशाली विजेताले आइइएलटिएस उपहार पाएको पनि काउन्सिलले जनाएको छ। त्यस्तै, हरेक हप्ता एकजना भाग्यशाली विजेताले जिबेएल चार्ज ५ जितिरहेका छन् भने मासिक विजेताले सेप्टेम्बर र अक्टोबरमा एप्पल म्याक पाएका पनि बताइएको छ।

त्यसैगरी, दुईजना भाग्यशाली विजेतालाई आफूले रोजेको गन्तव्यका लागि कतार एयरवेजको एकतर्फी टिकट पनि दिइएको थियो।

लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/०३

यस बैंक (साबिक सन्राइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त मिति २०८०/०५/१२ गतेको कारोबार राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/लहान शाखामा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/०९/१८ गते (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको शाखा कार्यालय लहानमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजबिराजमा दर्ता नं. ९२१/०५३/५४, मिति २०५४/०१/२४ मा रजिष्टर्ड दर्ता भएको आन्तरिक राजश्व कार्यालय लाहान पान नं. ३००२६७९५६ भएको सप्तरी जिल्ला, मधुपट्टी न.पा./गा.पा. वडा नं. ९ स्थित **जय श्री चामल तेल उद्योग**।

प्रोप्राइटर तथा धितो जमानतकर्ता : शम्भु दयाल शर्माको नाती, भिमराज शर्माको छोरा, सिरहा जिल्ला, लहान न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल लहान न.पा./गा.पा. वडा नं. ७ बस्ने **पुरुषोतम शर्मा** (ना.प्र.नं. ४३३१/५२६०-३४६४, जि.प्र.का. सिराहा, जारी मिति २०४५/०२/१८)।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. भिमराज शर्माको नाति, पुरुषोतम शर्माको छोरा, सिरहा जिल्ला, लहान न.पा./गा.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा./गा.पा. वडा नं. ७ बस्ने **मितेश शर्मा** (ना.प्र.नं. २११२/४०११, जि.प्र.का. सिराहा, जारी मिति २०६०/०१/०९)।

ख. भिमराज शर्माको बुहारी, पुरुषोतम शर्माको पत्नी, सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बस्ने **सीमा शर्मा** (ना.प्र.नं. १५२००५/३७७७ ई.प्र.का. सिराहा, जारी मिति २०६७/०६/२६)।

धितो सुरक्षणको विवरण :

१. **ऋणी फर्मका प्रोप्राइटर पुरुषोतम शर्मा**को नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, मधुपट्टी गा.वि.स./न.पा. वडा नं. ९ ख स्थित कित्ता नं. १४५ र ११ को क्षेत्रफल क्रमशः १-१३-१२१/४ र ०-६-११ जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

पुनश्च : बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/शाखा कार्यालय लहानबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा शाखा कार्यालय लहानमा सम्पर्क राख्न सकिने छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

पो.ब.नं.: १२५२३, काठमाडौं, नेपाल
फोन नं.: ४५४६८४/८५
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com

Managing share, Managing investments.

एनआइएमबि एस क्यापिटल लिमिटेडको एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८० पौष ३ गते मंगलबार)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/०२ गतेका दिन बसेको संचालक समितिको ११६औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८०/०९/२५ गते (तदनुसार जनवरी १०, २०२४), बुधबार।
समय : बिहान १०:३० बजे।
स्थान : एनआइएमबि एस क्यापिटल लि. को सभाहल, लाजिम्पाट, काठमाण्डौं।

छलफलका विषय

क) सामान्य प्रस्तावहरु :

१) आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०८० मा समाप्त भएको आर्थिक वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम २५ प्रतिशत नगद लाभांश (रु.४७,००,००,०००/- चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रु.११,७५,००,०००/-) कर सहित वितरण गर्ने प्रस्ताव पारित गर्ने।
४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न संचालक समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने।

ख) विशेष प्रस्तावहरु :

१) कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने।
२) कम्पनीको हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धी प्रस्ताव बारे छलफल तथा पारित गर्ने।
३) विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन र थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने।
४) आर्थिक वर्ष २०७९/०८० मा कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको अनुदान/दान रकम पारित गर्ने।

ग) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४५२५२८०, फ्याक्स: ४००५०८४
इमेल: info@nimbacecapital.com, वेबसाइट: www.nimbacecapital.com

---

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/०३ गते

यस माछापुच्छ्रे बैंक लि. जनकपुर शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता कायम रहेको **रियल हाईजिन नेपाल प्रा.लि.**।
दर्ता नं. १४४५५८/०७२/०७३, दर्ता मिति : २०७२/१०/१४, पान नं. ६०३५८५४०३, दर्ता मिति : २०७२/१०/१९
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २, **संचालक : मन्जुला रौनिया**

२. **मन्जुला रौनियार**
ना.प्र.नं. ४३९/३९२३८५१०, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६०/०१/१६
बाबु : भगवानलाल प्रसाद, पति : अर्जुन गुप्ता, ससुरा : राम ईश्वर प्रसाद गुप्ता
ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर वडा नं. ४, हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. २

व्यक्तिगत जमानतकर्ताहरु

१. मन्जुला रौनियार ना.प्र.नं. ४३९/३९२३८५१०, जि.प्र.का. महोत्तरी जारी मिति : २०६०/०१/१६ बाबु : भगवानलाल प्रसाद पति : अर्जुन गुप्ता, ससुरा : राम ईश्वर प्रसाद गुप्ता ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. २	**२. पवित्री कुमारी** ना.प्र.नं. ४७, जि.प्र.का. सर्लाही जारी मिति : २०३०/११/१५ पति : राम ईश्वर प्रसाद गुप्ता ससुरा : सत्य नारायण प्रसाद गुप्ता ठेगाना : सर्लाही जिल्ला, ब्रहमपुरी गा.वि.स. वडा नं. ४

३. **रंजीत गुप्ता**
ना.प्र.नं. १९३०३७ /८८२, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/११/०६
बाबु : राम ईश्वर प्रसाद गुप्ता, बाजे : सत्य नारायण प्रसाद गुप्ता, पत्नि : मनीषा गुप्ता
ठेगाना : सर्लाही जिल्ला, ब्रहमपुरी गा.वि.स. वडा नं. ४

धितोमा रहेको सम्पत्तिको विवरण

१. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. २ स्थित कि.नं. २४६ र २४५ को क्षेत्रफल क्रमशः ०-०-८-० (वि.क.धु.क.) र ०-०-३,० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

२. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ६६२ र ६६४ को क्षेत्रफल क्रमशः ०-०-१०-० (वि.क.धु.क.) र ०-०-१३-१२ (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

३. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. १४ स्थित कि.नं. २८१ को क्षेत्रफल ०-०-७-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

४. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १०३, १०२ र १०४ को क्षेत्रफल क्रमशः ०-१-१२-० (वि.क.धु.क.), ०-१-१३-० (वि.क.धु.क.) र ०-२-९-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

५. राम ईश्वर प्रसाद गुप्ताको बुहारी, अर्जुन गुप्ताको पत्नि, महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर वडा नं. २ बस्ने मन्जुला रौनियारको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ७४४, ७४६, ७७७, ७४५, ७४७ र ४९ को क्षेत्रफल क्रमशः ०-२-२-८ (वि.क.धु.क.), ०-१-१८-० (वि.क.धु.क.), ०-०-१५-८ (वि.क.धु.क.), ०-२-२-८ (वि.क.धु.क.), ०-१-१८-० (वि.क.धु.क.) र ०-५-१-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

६. ऋणी रियल हाईजिन नेपाल प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्तिहरु र हक हस्तान्तरण सम्बन्धी सम्झौतापत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

७. धनी यस माछापुच्छ्रे बैंक लि. र रियल हाईजिन नेपाल प्रा.लि. को नाममा धितो सुरक्षण बापत दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन :
कम्पनीको नाम : Maruti Suzuki, सवारी मोडल : V. Brezza 2X1+, सवारीको रङ्ग : Pearl M. White
दर्ता नं. : प्र २ ०२००१ च ०८३९, इन्जीन नं. : K15BN1206658, च्यासीस नं. : MABNVFJ15MF790545

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, जनकपुर

डाडी ग्रुप पावर लि.

केन्द्रिय कार्यालय, महाराजगञ्ज, काठमाडौं
फोन नं. ०१-५७०५१५५, ५७०५६०८

दसौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/९/३

श्री शेयरधनी महानुभावहरु,

मिति २०८०/०९/०२ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम डाडी ग्रुप पावर लि.को दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय

स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाडौं।
मिति : २०८०/०९/२५ गते बुधबार (तदनुसार जनवरी १०, २०२४)
समय : बिहान ९:३० बजे।

छलफलका लागि प्रस्तावित विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
(३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने।
(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने।

(ख) विशेष प्रस्ताव :

(१) कम्पनी गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धि विशेष प्रस्ताव सम्बन्धमा।

(ग) विविध

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारणसभा सम्बन्धी थप जानकारी:

१. साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१२ गते विहिबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तकाबन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको वार्षिक साधारण सभामा भाग लिन सक्नेछन्।
२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।
३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९:०० वजे देखि खुल्ला रहनेछ।
४. वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन।
५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रति

धनगढीमा जग्गा प्लटिङ गर्दा सडकको चौडाइ १० मिटर हुनुपर्ने

धनगढीमा **तेजराज भट्ट**

जग्गा प्लटिङ गर्दा सडकको चौडाइ कम्तीमा १० मिटर हुनुपर्ने मापदण्डसहित धनगढी उपमहानगरपालिकाले जग्गा प्लटिङसम्बन्धी कार्यविधि, २०८० जारी गरेको छ।

स्थानीय राजपत्रमा प्रकाशित कार्यविधिअनुसार अब नगरभित्र नयाँ प्लटिङ गरिएको जग्गामा १५ सेन्टिमिटर मोटाइमा पानी, पिच गरेको १० मिटर चौडा सडक, नाला खनेको र विद्युत्का पोल राखेको हुनुपर्नेछ। धनगढीमा यसअघि जग्गा प्लटिङ गर्दा सडकको चौडाइ कम्तीमा ६.०९६ मिटर हुनुपर्ने मापदण्ड थियो।

मेयर गोपाल हमालले उपमहानगरमा नयाँ बन्ने बस्ती व्यवस्थित गर्न सडकको चौडाइ बढाइएको बताए। 'पहिले बनाएका बाटाले अहिले समस्या हुन थालेको छ। बाटो विस्तार गर्न खोज्दा अदालतमा मुद्दा हालेर काम रोकिएको छ,' हमालले भने, 'नयाँ बस्ने बस्ती व्यवस्थित होस् भनेर यो मापदण्ड ल्याइएको हो। दमकल, एम्बुलेन्स पनि भित्री बस्तीसम्म पुऱ्याउन सकिने गरी सडकको चौडाइ बढाइएको हो। यसले फुटपाथ व्यवस्थित बनाउन पनि सहयोग पुग्छ।'

प्लटिङ गर्दा अनिवार्य रूपमा खुला ठाउँ छोडेको हुनुपर्ने व्यवस्था उपमहानगरले गरेको छ। पानी निकासको व्यवस्था गरिएको हुनुपर्ने, खोला भएको ठाउँमा प्लटिङ गर्दा खोलाबाट बस्ती जोगाउन खोलातर्फ वृक्षरोपण गरेको हुनुपर्ने, खोलातर्फ बाटो बनाउनुपर्ने पनि कार्यविधिमा तोकिएको छ। बाटोको मोडको चौडाइ बाटोभन्दा २० प्रतिशतले बढी हुनुपर्ने व्यवस्था गरिएको छ।

अब धनगढीमा घडेरीको चौडाइ न्यूनतम ८.५ मिटर र लम्बाइ न्यूनतम २० मिटर हुनुपर्ने, घडेरीको क्षेत्रफल सहरी क्षेत्रमा कम्तीमा सात धुर, कृषि क्षेत्रमा दुई कट्ठा र अन्य क्षेत्रको घडेरीको क्षेत्रफल न्यूनतम १० धुर हुनुपर्नेछ। तर, पैत्रिक सम्पत्तिको अंशबन्डा र पुरानो बाटोलाई छोएको ठाउँमा गरिने कित्ताकाटमा भने नयाँ मापदण्ड लागू नहुने महानगरले जनाएको छ।

सहरी विकास तथा भवन निर्माण मापदण्ड, बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ५ को खण्ड (क)लाई आधार बनाएर जग्गा प्लटिङको नयाँ मापदण्ड कायम गर्न कार्यविधि जारी गरिएको उपमहानगरपालिकाले जनाएको छ।

चार गुणाले...

पृष्ठ १ बाट क्रमशः

अब भने अनलाइन परीक्षा पनि अनिवार्य गरेर कम्तीमा ५० अंक ल्याउनुपर्ने व्यवस्था गरेको छ।

तर, सरोकारवालाहरूले भने वैदेशिक रोजगार बोर्डबाट इजाजतप्राप्त अभिमुखीकरण तालिम केन्द्रहरूलाई नियमन नगरी तालिम शुल्क बनाएर श्रमिकमाथि थप शोषण गर्न खोजेको आरोप लगाएका छन्। तालिम केन्द्रहरूले विनातालिम श्रमिकसँग पैसा उठाएर प्रमाणपत्र दिने गरेको प्रवासी नेपाली समन्वय समिति (पिएनसिसी)का पूर्वअध्यक्ष कुलबहादुर कार्कीको आरोप छ। 'शुल्क वृद्धि गर्दैमा श्रमिकले अनिवार्य तालिम लिने सुनिश्चित हुँदैन। तसर्थ, पहिला तालिमलाई नियमन गर्नुपऱ्यो,' उनले भने, 'शुल्क मात्रै वृद्धि गरेर सरकारले चलखेल गर्ने अवस्था सिर्जना गरिदिएको छ। यो व्यवस्थाले कामदार झनै ठगिनेछन्।'

कार्कीले अभिमुखीकरण तालिमको जिम्मा नै गलत निकायलाई दिइएकोसमेत बताए। स्वतन्त्र निकायलाई तालिमको जिम्मा दिनुपर्ने उनको सुझाव छ। 'सरकारले श्रीमकलाई अभिमुखीकरण तालिम दिने जिम्मा नै व्यवसायीको हातमा दिएको छ। कतिपय म्यानपावर कम्पनीले नै त्यस्तो तालिम केन्द्र चलाएका छन्। अनि त्यस्ता व्यवसायी आफैंले सही जानकारी दिन सक्लान् त ? यसमाथि तालिम शुल्क वृद्धि गर्नु भनेको कामदारलाई थप शोषण गर्नु हो,' उनले भने। श्रमिकलाई अभिमुखीकरण तालिम दिन देशका विभिन्न ठाउँमा एक सय ३९ तालिम केन्द्र छन्।

श्रम मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी भने हालको शुल्कमा तालिम दिन सक्ने अवस्था नभएपछि वृद्धि गरिएको बताउँछन्। शुल्क वृद्धिसँगै तालिम अवधि बढाएर व्यवस्थित गरिने पनि उनको दाबी छ। 'अहिलेको शुल्कले तालिम दिन नसक्ने अवस्था भयो। त्यसैले तालिम शुल्क वृद्धि गरिएको हो। तालिम शुल्कको साथमा समय पनि थप गरिएको छ,' उनले भने।

तर, वैदेशिक रोजगारीमा जाने कामदारलाई सकेसम्म निःशुल्क तालिम दिनुपर्ने वैदेशिक रोजगार बोर्डको धारणा छ। मन्त्रालयले निर्देशन दिए निःशुल्क तालिम उपलब्ध गराउन बोर्ड तयार रहेको कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए।

संशोधित कार्यविधिअनुसार प्रत्येक प्रशिक्षण कक्षामा ८४ इन्चका दुई स्मार्ट बोर्ड, कम्प्युटर प्रिन्टर र विभागको फेमिस प्रणालीसँग मेल खाने आइरिस रेटिना हाजिर मेसिनको व्यवस्था गर्नुपर्नेछ। कार्यविधिअनुसार तालिम केन्द्रको संरचना बनाएर विवरण बुझाउन वैदेशिक रोजगार विभागले तालिम केन्द्रहरूलाई परिपत्र पठाइसकेको छ। विभागको परिपत्रअनुसार १९ मंसिरभित्र तालिम केन्द्रहरूले कार्यविधिअनुसारको संरचना बनाइसक्नुपर्नेछ। तोकिएको समयमा विवरण नबुझाएका तालिम केन्द्र खारेज गरिने पनि विभागको परिपत्रमा उल्लेख छ।

यसअघि वैदेशिक रोजगारीमा जाने कामदारले पूर्वप्रस्थान अभिमुखीकरण तालिम नै नलिईकन विदेश गएको विभिन्न गुनासो बढ्न थालेपछि मन्त्रालयले तालिम नै खारेज गर्ने योजना बनाएको थियो। तालिम केन्द्र तथा म्यानपावर व्यवसायीको अनुगमन गर्नुको सट्टा मन्त्रालयले तालिमको औचित्य नै नरहेको भन्दै खारेज गर्ने प्रक्रिया अगाडि बढाएको थियो। तर, तालिम नै खारेज गर्ने विषयबारे चौतर्फी आलोचना भएपछि मन्त्रालयले तालिम अनलाइनमार्फत प्रदान गरिने वा स्थानीय निकायबाट नै तालिम दिने व्यवस्था गरिने चर्चा चलाएको थियो।

अभिमुखीकरणसँगै अब अनलाइन परीक्षामा ५० अंक ल्याउनुपर्ने व्यवस्था

श्रमिकलाई अभिमुखीकरण मात्रै होइन, अब अनलाइन परीक्षा दिनुपर्ने र कम्तीमा ५० अंक अनिवार्य ल्याउनुपर्ने नियम संशोधित कार्यविधिमा राखिएको छ। कार्यविधिको दफा ५ मा परीक्षासम्बन्धी थप व्यवस्था गरिएको हो। कामदार आफैंले वा तालिम केन्द्रले अनलाइन परीक्षा दिन वा दिलाउन सक्नेछ। कामदारले तालिम केन्द्रमा गई रेटिना रजिस्ट्रार गरेपछि मात्र परीक्षा दिन योग्य हुने कार्यविधिमा उल्लेख छ। परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था तालिम महासंघले प्रक्रिया पूरा गरी आफैंले वा सहकार्य गरी सञ्चालन गर्न सक्ने कार्यविधिमा व्यवस्था गरिएको छ। अनलाइन भाषा व्यवस्थापनसमेत सोही सफ्टवेयरमार्फत हुनेछ।

तर, परीक्षाको व्यवस्था नहुँदा त प्रमाणपत्र खरिद-बिक्री हुने गरेकोमा परीक्षा प्रणालीले झनै घुसपैठ मौलाउने पिएनसिसीका पूर्वअध्यक्ष कार्कीले बताए। 'कामदारलाई विदेश जाँदा सरकारले सरल र सहज बाटो बनाउनुपर्नेमा परीक्षाको व्यवस्था गरेर झनै कठिन बनाइदिएको छ,' उनले भने, 'यसको अन्तिम परिणाम कामदारलाई आर्थिक भार थपिनु हो।'

कामदारले दुईदिने तालिम पनि लिन नसकेको अवस्थामा झन् बढाएर पुऱ्याइयो तीन दिन

श्रम मन्त्रालयले अनिवार्य गरेको दुईदिने पूर्वप्रस्थान अभिमुखीकरण तालिम असफलप्रायः भइसकेको छ। वैदेशिक रोजगारीमा जाने ९० प्रतिशत कामदारले तालिम नलिईकन नै विदेश जाने गरेको अध्ययन नै सार्वजनिक भएका छन्। कामदारले दुई दिनको तालिम पनि लिन नसकेका वेला मन्त्रालयले भने तालिमको अवधिलाई बढाएर तीन दिन बनाएको छ।

मन्त्रालयले गरेको नयाँ व्यवस्थाअनुसार तालिम सञ्चालन अवधि दैनिक ६ कार्यघन्टाको दरले लगातार तीन दिन (१८ घन्टा) हुनेछ। प्रत्येक तीन घन्टाको दरले जम्मा नौ घन्टा प्रारम्भिक भाषा कक्षा, प्रत्येक दिन तीन घन्टाको दरले नौ घन्टा पूर्वप्रस्थान अभिमुखीकरणसहित गन्तव्य मुलुकको भूगोल, धर्म, संस्कृति, सामाजिक मूल्य-मान्यताबारे जानकारी दिइनेछ।

तालिम संस्थाले तीन दिनको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको अन्त्यमा डिजिटल प्रणालीमार्फत परीक्षामा समावेश गरी ५० प्रतिशत अंक ल्याई उत्तीर्णलाई विभागको अनलाइन प्रणालीमा पठाएपश्चात् तालिमको प्रमाणपत्र प्रदान गर्नेछ। परीक्षासम्बन्धी व्यवस्थापन विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आबद्ध भई महासंघमार्फत व्यवस्थापन गर्नेछ।

वैदेशिक रोजगारमा कामदारहरू जाने देशहरूलाई आधार मानी क्लस्टरअनुसार मलेसिया, गल्फ कोपरेसन काउन्सिल (जिसिसी) मा आबद्ध देशहरू, जिसिसीमा आबद्ध नभएका देशहरू, जापान र दक्षिण कोरिया, इजरायल, टर्की, साइप्रसलगायत अन्य देशहरू समावेश गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।

हालको व्यवस्थाअनुसार कामदारले ११ घन्टाको दुई दिन तालिम लिनुपर्नेछ। तालिममा प्रवेश गर्दा र तालिम सकिएपछि कामदारले औंठा छाप लगाएर इलेक्ट्रोनिक हाजिर पनि गर्नुपर्ने व्यवस्था छ। एउटा कक्षामा २५ जनासम्म राख्न पाउँछन्। दिनमा दुई सिफ्ट कक्षा सञ्चालन गर्न पाउँछन्। एउटा केन्द्रले दिनमा दुईवटा कक्षा सञ्चालन गर्न पाउँछ।

६५ वर्षमा...

पृष्ठ १ बाट क्रमशः

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा पर्यवेक्षक पठाएर पहिलोपटक सहभागी भएको हो। सेनाले सन् १९७३ देखि इजरायल र इजिप्टको सीमा साइनाईमा फौज पठाएको थियो। त्यहाँ खटिएको पुरानो गोरख गण नै शान्ति स्थापक मिसनमा नेपालको पहिलो फौजी मिसन हो। नेपाली सेनाका अनुसार ६५ वर्षमा कुल ४४ मिसनमा नेपाली सैनिकले काम गरेका छन्। राष्ट्रसंघीय मिसनमा धेरै सैनिक पठाउनेमा नेपाल दोस्रो मुलुक हो।

मालीमा शान्ति मिसन बन्द, १६ नेपाली सैनिक फर्किन बाँकी

पश्चिम अफ्रिकाको मालीस्थित संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसन (युनाइटेड नेसन्स मल्टिडाइमेन्सनल इन्टिग्रेटेड स्टेबलाइजेसन मिसन इन माली) १५ पुसपछि बन्द हुने भएको छ। त्यहाँ खटिएका एक सय ८२ नेपाली सैनिकमध्ये पहिलो चरणमा ९३ जना र दोस्रो चरणमा सोमबार ५९ जना फिर्ता भएका छन्। बाँकी १६ जना सैनिक निकट भविष्यमै फिर्ता हुने सैनिक प्रवक्ता भण्डारीले जानकारी दिए। इन्जिनियरिङ गुल्म नवौं डफ्काका शान्ति सैनिकहरू सेनानी (मेजर) प्रज्ज्वल थापाको नेतृत्वमा हातहतियार तथा बन्दोबस्तीका सामग्रीहरूसहित सोमबार स्वदेश फर्केका छन्।

माली मिसन बन्द भए पनि राष्ट्रसंघीय मिसनमा धेरै सैनिक पठाउने दोस्रो मुलुकको स्थान भने नेपालले जोगाउनेछ। तर, अहिले सबैभन्दा धेरै सैनिक पठाउनेमा पहिलो बंगलादेश तेस्रो स्थानमा र हाल तेस्रो स्थानमा रहेको भारत पहिलो स्थानमा पुग्नेछन्।

सैनिक प्रवक्ता सहायकरथी भण्डारीका अनुसार हाल माली मिसनमा बाँकी रहेकासहित विश्वका १२ शान्ति स्थापक मिसनमा पाँच हजार आठ सय ९७ नेपाली सैनिक कार्यरत छन्। माली मिसन बन्द भएपछि बाँकी ११ मिसनमा पाँच हजार आठ सय ८१ सैनिक रहनेछन्। 'अहिलेको अनुपात हेर्दा माली मिसनबाट हाम्रो फौज फिर्ता भइसकेपछि पनि राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा धेरै सैनिक पठाउने मुलुकमा हामी दोस्रो स्थानमा यथावत् रहनेछौं,' उनले भने।

बंगलादेशले शान्ति स्थापक मिसनमा ६ हजार नौ सय ५६ सैनिक खटाएकोमा माली मिसनबाट एक हजार सात सयजना फिर्ता हुँदै छन्। अब बंगलादेशका पाँच हजार दुई सय ५६ सैनिक बाँकी रहनेछन्। हाल पहिलो ठूलो संख्याबाट बंगलादेश तेस्रो बन्दै छ। भारतले बंगलादेशलाई उछिन्दै छ। माली मिसनमा भारतीय सैनिक छैनन्। अन्यत्रका शान्ति स्थापक मिसनमा ६ हजार ७३ भारतीय सैनिक खटिएका छन्। १५ पुसपछि भारत पहिलो स्थानमा पुग्नेछ।

नेपालले राष्ट्रसंघको मागअनुसार तत्कालै परिचालन गर्न सक्ने अवस्थामा दुई कम्पनी फौज तयार राखेको छ। वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा तालिमपछि बन्दोबस्तीका सामानसहित दुई कम्पनी तयारी अवस्थामा राखेको छ। मिसनमा तैनाथीका लागि पाँचखालस्थित तालिम केन्द्रमा तीनवटा कम्पनी र एउटा बटालियनस्तरका सैनिक पनि तालिमरत छन्।

शान्ति मिसनको बजेट ६.१ अर्ब डलर

राष्ट्रसंघको प्रशासनिक तथा बजेट हेर्ने निकाय (फिफ्थ कमिटी)ले आगामी एक वर्ष (२०२४ जुनसम्म) का लागि सबै शान्ति स्थापक अप्रेसनका लागि ६.१ अर्ब डलर विनियोजन गरेको छ। सक्रिय रूपमा नौवटा मिसन, तीनवटा सेवा केन्द्र र राष्ट्रसंघ मुख्यालयमा स्टाफका रूपमा खटिने शान्ति सैनिकदेखि सबै स्टाफको तलबभत्ता र सैनिक सामग्रीहरूको भुक्तानीका लागि यो रकम विनियोजन भएको राष्ट्रसंघको वेबसाइटमा उल्लेख छ। चालू बजेट गत वर्षको भन्दा ४.९ प्रतिशत बढी

■ बहुराष्ट्रिय शान्ति अभ्यास

नेपालमा २२ देशका सैनिक आउँदै

काठमाडौं / नेपाली सेनाको निमन्त्रणामा आगामी फागुन पहिलो साता २२ देशका सैनिक संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनामा पेसागत दक्षता र समन्वयात्मक क्षमता अभिवृद्धिसम्बन्धी अभ्यासका लागि आउने भएका छन्। नेपालमा यसअघि तीनपटक आयोजना भइसकेको बहुराष्ट्रिय अभ्यास 'शान्ति प्रयास'को चौथो संस्करणका लागि २२ देशका सैनिक आउन लागेका हुन्।

सेनाको आयोजनामा ८ देखि २१ फागुनसम्म अभ्यास सञ्चालन हुनेछ। यो अभ्यास अमेरिकी सरकारको ग्लोबल पिस अपरेसन इनिसिएटिभ (जिपिओआई)को सहयोगमा सञ्चालन हुने सैनिक प्रवक्ता सहायकरथी कृष्णप्रसाद भण्डारीले जानकारी दिए। अभ्यासको पूर्वतयारीस्वरूप २५ देखि २९ मंसिरसम्म वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा नेपाल, अमेरिका, अस्ट्रेलियालगायतका प्रतिनिधिहरू सम्मिलित योजना सम्मेलन भएको सेनाले जनाएको छ। नेपाल, बंगलादेश, श्रीलंका र अमेरिकाका सैनिकको सहभागितामा नेपालमा सन् २००० मा पहिलोपटक अभ्यास शान्ति सञ्चालन भएको थियो। सन् २०१३ मा २३ राष्ट्रका ८५० सैनिकको सहभागीतामा दोस्रो, सन् २०१७ मा २९ राष्ट्रका ११३५ सैनिकको सहभागितामा तेस्रो संस्करण अभ्यास भइसकेको छ।

'अभ्यास शान्ति प्रयासको चौथो संस्करणमा नेपालसहित २२ राष्ट्रका सैनिकहरूको सहभागिता रहने प्रारम्भिक योजना छ,' सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ। स्टाफ ट्रेनिङ इभेन्ट, फिल्ड ट्रेनिङ इभेन्ट र क्रिटिकल इन्याबलर एन्ड क्यापासिटी इन्ह्यान्समेन्ट गरी तीन प्रकारका गतिविधि समावेश हुने सेनाले जनाएको छ।

दैनिक करिब...

पृष्ठ १ बाट क्रमशः

सोमेन्द्रसिंह राठौरले बताए। उनले भने, 'प्रमाणले भेटेसम्म कसैलाई छाड्दैनौं।' अध्यागमनभित्र संस्थागत रूपमै भिजिट भिसाको सेटिङ हुने र लेनदेन हुने गरेको पर्याप्त आधार भेटिएको प्रहरी स्रोतको दाबी छ।

अध्यागमनमा तीन सिफ्टमा ड्युटी खटाइएको हुन्छ। कार्यालय प्रमुखसहितको टिमले यसको निर्णय गर्छ। कतिपय अवस्थामा यसरी ड्युटी खटाउने वेलामा मिलेमतो हुने गरेको स्रोत बताउँछ। हरेक दिन ड्युटी फरक परे पनि सेटिङ निरन्तर चल्ने भएकाले यसमा संस्थागत रूपमै मानवतस्करी हुने गरेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्।

कर्मचारीलाई हरेक हप्ता नयाँ मोबाइल

अनुसन्धानबाट जोगिन अध्यागमनका कर्मचारीले छुट्टै मोबाइल बोक्ने गर्थे, त्यो मोबाइल पनि हरेक हप्ता परिवर्तन हुन्थ्यो। अपराध अनुसन्धान कार्यालयका अधिकारीकाहरूका अनुसार हरेक एजेन्टहरूले नयाँ सिम र मोबाइल अध्यागमनका कर्मचारीलाई उपलब्ध गराउँथे। तिनै मोबाइलमा भिजिट भिसामा जानेहरूको सूची ह्वाट्सएपमा पठाइन्थ्यो। त्यहीअनुसार अध्यागमनका कर्मचारीले सेटिङका व्यक्तिलाई प्रस्थान अनुमति दिन्थे। पक्राउ परेका अधिकृत नरवीर खड्काको मोबाइलमा ६६ जनाको लिस्ट भेटिएको छ। कर्मचारीले विमानस्थल आपपासका होटेल र रेस्टुरेन्टलाई पैसा लेनदेनको अखडा बनाएका थिए। अनुसन्धानबाट जोगिनका लागि सीधै पैसा लिँदैन थिए। होटेल तथा रेस्टुरेन्टका काउन्टरबाट धेरैले पैसा लिने गरेको र बाँडफाँट गर्दै आएको प्रहरीले जनाएको छ।

तस्करीमा केही एयरलाइन्स कम्पनीहरूको समेत मिलेमतो देखिएको प्रहरी दाबी छ। नेपाल एयरलाइन्सका त कर्मचारी नै पक्राउ परेका छन्। उनीहरूले नक्कली दुईतर्फी टिकटकै आधारमा बोर्डिङ पास उपलब्ध गराएर मानवतस्करीमा सघाउँदै आएको प्रहरीले जनाएको छ। जसबापत प्रतिव्यक्ति करिब १० हजार रुपैयाँ लिँदै आएका थिए।

अध्यागमनमा संस्थागत भ्रष्टाचार नै देखिँदा पनि गृह मन्त्रालयले भने आन्तरिक छानबिनमा चासो दिएको छैन। प्रहरी पनि गृह मन्त्रालयमातहतकै भएकाले प्रहरीबाटै यसमा विस्तृत अनुसन्धान हुने गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। मन्त्रालयले शुक्रबार लामो समयदेखि अध्यागमनमा बस्दै आएका केही अधिकृतलाई पनि हटाएको छ।

अध्यागमनमा एक सय ३० अधिकृत कार्यरत छन्। पहुँचवाला कर्मचारीको मात्र अध्यागमनमा सरुवा हुने गरेको मन्त्रालयका अधिकारी बताउँछन्। भिजिट भिसाकै सेटिङका लागि अध्यागमन लामो समयदेखि बदनाम छ। विगतका वर्षमा पनि कर्मचारीकै मिलेमतोमा तस्करी भएको विषयमा छानबिन भए पनि कसैलाई कारबाही भएको थिएन।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन सी.सी.बैंक लि.) शाखा कार्यालय हेटौंडाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०६/०४ मा दर्ता नं. २७२३७३/०७८/०७९ कायम भई नेपाल सरकार उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा. द.प्र.पं. २-२२-२६०-६५८५/२०७८/७९ मा मिति २०७८/०९/१३ मा दर्ता भई पर्सा जिल्ला, वीरगञ्ज म.न.पा. वडा नं. २०, स्थित रजिष्ट्रार कार्यालय रही करदाता सेवा कार्यालय आन्तरिक राजस्व कार्यालय, हेटौंडा मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०१००३७४ को प्रमाणपत्र प्राप्त **पाथवे इनर्जीज् प्रा.ली.**।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरु विवरण:

१. भवनाथ न्यौपानेको नाति, विष्णु प्रसाद न्यौपानेको छोरा, सावित्री न्यौपानेको पति, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स.वडा नं. ०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १८ बस्ने **खेमनाथ न्यौपाने** (ना.प्र. नं. १४४७३ जारी मिति २०४५/१२/२७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. विष्णु प्रसाद न्यौपानेको बुहारी, साधुराम खनालको छोरी, खेमनाथ न्यौपानेको पत्नी, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स.वडा नं. ०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १८ बस्ने **सावित्री न्यौपाने** (ना.प्र.नं. ३११०१४/४२८६४, जारी मिति २०६४/०१/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. बलभद्र न्यौपानेको नाति, भवनाथ न्यौपानेको छोरा, सुभत्रा न्यौपानेको पति, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स.वडा नं. ०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १८ बस्ने **विष्णु प्रसाद न्यौपाने** (ना.प्र. नं. ९१२ जारी मिति २०४२/०१/२१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. भवनाथ न्यौपानेको बुहारी, लोक बहादुर नेपालको छोरी, विष्णु प्रसाद न्यौपानेको पत्नी, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स.वडा नं. ०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १८ बस्ने **सुभत्रा न्यौपाने** (ना.प्र.नं. ७१९४, जारी मिति २०४४/०३/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण

१. **विष्णु प्रसाद न्यौपाने**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ८ (हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १८) स्थित कित्ता नं. २११७ को क्षेत्रफल ०-१६-१४ (वि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **सुभत्रा न्यौपाने**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ८ (हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १८) स्थित कित्ता नं. ६०३७ को क्षेत्रफल ०-१५-१४ (वि.क.धु) जग्गा र सो जग्गामा निर्माणाधिन घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय हेटौंडा फोन नं. ०५७-५२४१४३

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

वोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०३

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका सडक निर्माण/स्तरोन्नति कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/02/080-81 अन्तर्गत विभिन्न प्याकेजहरुमा बोलपत्र आव्हान गरिएको र सो सम्बन्धि सूचनाहरु https://bolpatra.gov.np/egp/ मा मिति २०८०/०९/०३ गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको तेस्रो बार्षिक साधारणसभा बस्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/९/३

यस कम्पनीको संचालक सर्मातिको मिति २०८०/८/२६ को निर्णयानुसार तेस्रो बार्षिक साधारणसभा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु।

सभाको मिति, समय तथा स्थान

मिति : २०८०/९/२४
समय : बिहान ११:०० बजे
स्थान : नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं

आज्ञाले
विनय विजुक्छे
सचिव, सञ्चालक समिति
नेपाल डिजिटल पेमेन्ट्स कं. लि.

यस बारे विस्तृत विवरण हाम्रो आधिकारिक वेबसाईट www.ndpc.com.np/notices मा हेर्न सक्नुहुनेछ।

Bateshwor Rural Municipality
Office of Rural Municipal Executive
Bateshwor, Dhanush
Madhesh pradesh, Nepal

Invitation for Bids

First Date of publication: 19/12/2023 (2080-09-03)

S. N.	Contract id no	Descriptions of works	Bid validity period	Estimated Amount with VAT and PS	Bid bond Amount	Non refundable fee	Remarks
1	01/BRM/ Works/NC B/ 2080/081	Construction Of 8 Rooms School Building in Janpriya Secondary School work	90 days	Rs. *1,26,63,651.47*	Rs. 2,80,400	Rs. 3000	

Further Information to bidders:-

Last date and Time bid Submission	**18/01/2024 (2080/10/04)upto 12Noon**
Date,Time and place of bid opening	**18/01/2024 (2080/10/04)2pm at** Bateshwor Rural Municipality, Office of Rural Municipal Executive , Bateshwor, Dhanusha
Bid security Validity period	**30 days beyond bid validity period**
Account No. for bid document purchase	**Name of the Bank:** NMB Bank **Name of Office:** Bateshwor Rural Municipality, Bateshwor, Dhanusha. **Rajaswa (revenue) Account No.:-** 1020067636300013
Account No. for Bid Security Deposit	**Name of Office:** Bateshwor Rural Municipality, Bateshwor, **Name of Bank:** NMB Bank, Bateshwor Branch, Dhanusha, **Dharauti (Deposite) Account No.:** 1020067636300172

1. Bidders shall submit their Bids e-copy only,For e-bidding visit PPMO's egp portal http://bolpatra.gov.np/egp and further information contact Bateshwor Rural Municipality, Office of Rural Municipal Executive, Bateshwor, Dhanusha, ito.bateshwormun@gmail.com. bateshwormun@gmail.com,9854050902
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
3. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

Chief Administrative Officer

एन्फा राजनीति

असन्तुष्ट समूह छाडेर तुलाधर बने सिइओ

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले असन्तुष्ट रहेका पूर्वमहासचिव इन्द्रमान तुलाधरलाई प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा नियुक्त गरेको छ। सातदोबाटोस्थित एन्फा मुख्यालयमा सोमबार भएको कार्यसमिति बैठकले तुलाधरलाई सिइओमा नियुक्त गरेको हो। वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कासहित नौ सदस्यले उनको नियुक्ति अवैधानिक भन्दै विवाद गरेका थिए। यसअघि एन्फाले रिक्त रहेको सिइओका लागि खुला प्रतिस्पर्धामा आवेदन दिनका लागि निर्णय गरेको थियो। तर, तुलाधरलाई कार्य समितिको बैठकले सीधै सिइओमा नियुक्त गरेपछि वरिष्ठ उपाध्यक्ष खड्कासहित अन्य सदस्यले विरोध जनाएका हुन्। उनीहरूले नेतृत्वलाई नियम पालना गर्न अनुरोध गरेका छन्।

अध्यक्ष पंकजविक्रम नेम्वाङसहित ११ सदस्यको बहुमतले तुलाधरलाई सिइओको जिम्मेवारी सुम्पिएको छ। असन्तुष्ट समूहकै सदस्य पेमा लामाले कार्य समितिको बैठकमा महिलाको अपमान भएको दाबी गर्दै माइन्युटमा हस्ताक्षर नगरी बाहिरिएकी थिइन्। एन्फाको बैठक निर्धारित समयमा भन्दा एक घन्टा ढिला सुरु भएको थियो।

तुलाधरले एन्फामा पटक-पटक सिइओ र महासचिवको अनुभव बटुलेका छन्। ०७९ को ६ असारमा भएको एन्फा निर्वाचनमा तुलाधरले तत्काल एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पालाई सहयोग गरेका थिए। नेम्वाङको समूहले एन्फा निर्वाचनमा निर्वाचित भएपछि तुलाधर बाहिरिए। लगभग डेढ वर्ष एन्फाबाट बाहिर रहेका उनी सिइओ पाउने भएपछि पुनः फर्किएका हुन्। गत साता सिइओ पाउने पक्कापक्की भएपछि तुलाधरले एन्फाका महासचिव किरण राईसँग संयुक्त पत्रकार सम्मेलन गर्दै आफू नेतृत्वलाई सहयोग गर्न तयार भएको बताएका थिए।

अवैधानिक रूपमा बैठक चलाएको आरोप

एन्फा केन्द्रीय सदस्य रूपेश अधिकारीले अवैधानिक रूपमा नेम्वाङले बैठक चलाएको आरोप लगाएका छन्। 'यस बैठकमा पूर्वाग्रह राखेर जिम्मेवारी खोसिएको छ, उपेन्द्रमानजस्तो खेलाडीको क्लबलाई पूर्वाग्रह राखेर कारबाही भएको छ। 'यतिसम्म निर्लज्ज अवैधानिक कार्यसमिति बैठक बसेको थिएन,' अधिकारले नयाँ पत्रिकासँग भने। पदपूर्ति समितिका उपाध्यक्ष विराटजंग शाहीको स्थानमा महासचिव राई आएका छन्। केन्द्रीय सदस्य अनिल मल्लले यसको विरोध गरेका छन्। 'यो कानुन र विधानसम्मत छैन। कुनै पनि तलबी कर्मचारी समितिमा बस्न पाउँदैनन्। यो अवैधानिक छ,' मल्लले भनेका छन्। प्रतियोगिता संयोजकमा वरिष्ठ उपाध्यक्ष खड्काको स्थानमा दीपक खतिवडा आएका छन्।



फाइल तस्बिर

गत २५ भदौमा अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईलाई बर्खास्तको मागसहित एन्फामा निवेदन दिएका संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरले सिइओ पाएपछि शेर्पाको समूह परित्याग गरे

नेतृत्वलाई सघाउन तयार छु : तुलाधर

हामीले अविश्वासको प्रस्ताव हालेका थियौं, हेर्दौंडाको विशेष साधारणबाट अध्यक्ष नेम्वाङ वैधानिक हुनुभयो। विशेष साधारणसभापछि पनि अदालत र अख्तियार जाने काम भयो। मलाई यसबारेमा केही थाहा भएन। महासचिवले फुटबललाई सबै मिलेर चलाऔं भन्नुभयो। म फुटबलमा रमाउने व्यक्ति हुँ। कसैले अवसरवादी भने भन्नु केही छैन।

सदस्य अधिकारीले आफूअनुकूल पद बाँडेर नेपाली फुटबल ढाल्ने काम भएको आरोप लगाए। एन्फाले प्रशासन प्रमुख वसन्त रिजाललाई बर्खास्त गरेको छ। सहिद स्मारक बी डिभिजन लिगको मध्यपुर युथ एसोसिएसनलाई विधानविपरीत कार्य गरेको भन्दै अर्को निर्णय नभएसम्म फुटबलका गतिविधिमा सहभागी हुन नदिने निर्णय गरेको छ।

९७ दिनमा फेरिएका तुलाधर

'ए' डिभिजन क्लब संकटाका अध्यक्ष समेत रहेका तुलाधरले गत २५ भदौमा एन्फाका अध्यक्ष नेम्वाङ र महासचिव राई निलम्बनमा परेको घोषणा गरेका थिए। उनले एन्फाका ८७ मध्ये ४९ सदस्यको हस्ताक्षरसहित अध्यक्ष र महासचिवको बर्खास्त गर्न १९ आरोपसहित वरिष्ठ उपाध्यक्ष खड्कालाई निवेदन बुझाएका थिए। 'यो नेतृत्व खत्तम भयो, विधानसम्मत कुनै कार्य भएन, हामीले अविश्वासको प्रस्ताव इमेल गरेका छौं,' त्यसवेला तुलाधरले भनेका थिए, 'इमेल गरेसँगै अध्यक्ष र र महासचिव निलम्बन भइसक्नुभयो।' पूर्वअध्यक्ष शेर्पासँगै तुलाधरलगायतले अध्यक्षविरुद्धको अविश्वासको प्रस्ताव फेस गरेपछि एन्फाले २३ कात्तिकमा मकवानपुरमा विशेष साधारणसभा आह्वान गरेको थियो।

तुलाधरले एक्कासी 'यु टर्न' गर्दै नेम्वाङ पक्षसँग सहकार्य गर्ने वाचा गरे। तुलाधरको यसै निर्णयसँगै नेम्वाङले आफूविरुद्धको अविश्वासको प्रस्ताव प्रतिरक्षा गर्न सफल भए।

स्रोतअनुसार सिइओ पाउने भएपछि तुलाधरले शर्पा समूह परित्याग गरी नेम्वाङसँग सहकार्य गरेका हुन्। 'हामीले अविश्वासको प्रस्ताव हालेका थियौं, मकवानपुरबाट अध्यक्ष वैधानिक हुनुभयो, महासचिवले फुटबललाई सबै मिलेर चलाऔं भन्नुभयो, म फुटबलमा रमाउने व्यक्ति हुँ, कसैले अवसरवादी भन्छन् भने मेरो केही भन्नु छैन,' तुलाधरले नयाँ पत्रिकासँग भने। एन्फा स्रोतअनुसार सिइओ बनेका तुलाधरले एक लाख २५ हजार रुपैयाँ प्रतिमहिना पारिश्रमिक पाउनेछन्।

हामी अदालत जान्छौं

वीरबहादुर खड्का, वरिष्ठ उपाध्यक्ष, एन्फा



यो नियुक्ति प्रक्रिया नै गलत छ। खुला प्रतिस्पर्धाबाट ल्याउनुपर्ने कर्मचारी नियमावलीमा स्पष्ट छ। यो नियुक्तिमा हामी नौजनाले असन्तुष्टि जनाएका छौं। म पहिला खेलकुद परिषद्मा गएर उजुरी दिन्छु। त्यहाँपछि खेलकुद मन्त्रालय जान्छु।

त्यहाँ पनि सम्बोधन नभए अदालत जान्छु। पदपूर्ति समितिमा विराटजंग शाहीजस्तो व्यक्तिलाई हटाएर महासचिव आफैं बसेका छन्। पूर्वअध्यक्षले नराम्रो गर्नुभयो भनी पंकजजी र मैले नै विरोध गरेका थियौं, अहिले यही दोहोरिएको छ। महासचिव पदेन सदस्य मात्र हुन्। महासचिवले कुनै नियुक्ति दिन पाउँदैनन्।

सधैं पदकै लोभ

एन्फाका पदाधिकारी फुटबल विकासभन्दा पनि आन्तरिक द्वन्द्वमै रमाइरहेका छन्। पदको लोभकै कारण एन्फाभित्र सधैं राजनीतिक खिचातानी चलिरहेको छ। दुई दशक एन्फामा बिताइसकेका तुलाधरले विभिन्न पक्षसँग सहकार्य गरेका छन्। आकर्षक पद र पारिश्रमिक पाउँदा उनको बोली फेरिनु नयाँ इतिहास होइन। यसैकारण, उनलाई एन्फा र फुटबल वृत्तमा पदमा लोभिने अवसरवादी व्यक्तित्व भनेका हुन्।

०६३-६४ सालमा तत्कालीन एन्फा अध्यक्ष गणेश थापाविरुद्ध उनले आन्दोलन सुरु गरेका थिए। त्यतिवेला राष्ट्रिय खेलकुद परिषद्ले नेपाल फुटबल संघ नै गठन गरेको थियो। यस समूहको हर्ताकर्ता नै तुलाधर थिए। राखेपले गठन गरेको फुटबल संघमा उनी महासचिव बने। थापाले फुटबल विवाद सल्टाउन आफू अध्यक्ष र तुलाधरलाई सिइओ दिने प्रस्ताव राखे। तुलाधरले सहजै थापाको प्रस्ताव स्वीकार गरे।

यसैगरी, ०७१ सालमा शेर्पा समूहले अध्यक्ष थापाविरुद्ध 'चेन्ज एन्फा' नारा दिएर आन्दोलन सुरु गरेको थियो। यतिवेला तुलाधर एन्फाका सिइओ थिए। उनले अध्यक्ष थापाको बचाउ गरिरहेका थिए। फिफाले थापालाई कारबाही गरेपछि नरेन्द्र श्रेष्ठ कार्यवाहक अध्यक्ष बने। कर्माछिरिङ शेर्पा र श्रेष्ठबीचको भएको अध्यक्ष निर्वाचनका लागि तुलाधर श्रेष्ठकै पक्षमा लागेका थिए।

०७२ सालमा तुलाधर शेर्पाको समूहमा छिरे। अर्कोपटकको एन्फा निर्वाचनमा तुलाधरको साथ पाउँदा शेर्पा अध्यक्षमा निर्वाचित भए। शेर्पाको कार्यकालमा तुलाधर महासचिव बने। डेढ वर्षअघिको निर्वाचनमा शेर्पा र तुलाधरको समूह नेम्वाङसँग पराजित भएको थियो। अहिले क्याम्प परिवर्तन गरेका तुलाधर नेम्वाङकै समर्थन गरी सिइओ बन्न सफल भएका छन्।

खेल संक्षेप

प्याब्सन बास्केटबल शुक्रबारदेखि

काठमाडौं/ प्याब्सन मध्य क्षेत्रीय समिति काठमाडौंको आयोजनामा १२औं प्याब्सन मध्य क्षेत्रीय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। समितिमा आबद्ध १८ विद्यालयका ५० टोलीको सहभागिता रहने सोमबार आयोजक समितिका अध्यक्ष दिनेशकुमार पाण्डेले जानकारी दिएका छन्। सिनियर पुरुष र महिलामा समान १६ टोली रहने पाण्डेले बताए। उनका अनुसार जुनियर पुरुषमा १८ टोलीको सहभागिता रहनेछ। चैतन्य, स्पाङ्गल, इन्नोभेटिभ, सूर्योदय, स्वप्न वाटिका, सृजनशील, लिटिल फ्लावर, लिभरपुल, एसियन पब्लिक, हेम्स, सनसाइन, अल्बर्ट, काठमाडौं इंग्लिस स्कुल, काठमाडौं जेभियर्स पब्लिक, भद्रा घले, अक्षर एकेडेमी, एआइए र डेनेब फ्लोरिडा रहेका छन्। प्रतियोगिता खेल लिग कम नकआउट आधारमा हुने छ। काठमाडौं जेभियर्समा समूह चरण खेल हुनेछ।

समृद्धि यू- १९ बास्केटबल आजदेखि

काठमाडौं/ समृद्धि स्कुलको सहकार्यमा नेपाल बास्केटबल संघले समृद्धि यू- १९ राष्ट्रिय बास्केटबल प्रतियोगिता मंगलबारदेखि त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सुरु हुँदै छ। पुरुषमा २० तथा महिलामा पाँच टोलीको सहभागिता रहने राष्ट्रिय महिला बास्केटबल टोलीका प्रशिक्षक एवं प्रतियोगिता संयोजक विकास शाहीले सोमबार जानकारी गराए। पुरुष टोलीलाई आठ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ। महिलाको प्रतिस्पर्धा एकल राउन्ड रोबिनका आधारमा हुनेछ। दुवै समूहका विजेताले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँ दिने शाहीले बताए। पुरुष र महिलाका 'मोस्ट भेलुएबल प्लेयर'लाई जनही पाँच हजार नगदबाट पुरस्कृत गरिनेछ। १० पुसमा फाइनल हुनेछ। नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरुङले कोभिडपछि बास्केटबलको गतिविधिले बिस्तारै लयमा फर्किएको बताए। समृद्धिका अध्यक्ष मनोहरकुमार भट्टराईले समृद्धिले खेलकुदलाई प्राथमिकता दिएकै कारण बास्केटबल प्रतियोगिता आयोजनामा सहकार्य गरेको बताए।

अन्तर्राष्ट्रिय पदक विजेता फर्किए

काठमाडौं/ मलेसियामा भएको ३४औं अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा दुई रजत र दुई कांस्य जितेका नेपाली खेलाडी सोमबार फर्किएका छन्। पुरुषतर्फ ५१ किलो तौलमा प्रबल उप्रेती र ५७ किलो तौल समूहमा छिरिङ वाङ्दी शेर्पाले रजत पदक जितेका थिए। ६० किलोमा शुलभ माली र ५४ किलो तौल समूहमा सिंहबीर लिम्बूले कांस्य पदक हात पारेका थिए। नेपाली टोलीलाई नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेलगायतले स्वागत गरेका छन्।

ओलम्पिकको प्रारम्भिक छनोट सुरु



नयाँ पत्रिका

सन् २०२४ मार्चमा इटलीमा हुने ओलम्पिक क्वालिफाइङ बक्सिङ प्रतियोगिताका लागि सोमबारदेखि प्रारम्भिक छनोट खेल सुरु भएको छ। छनोटको पहिलो दिन महिलातर्फ ५४ किलो तौल समूहमा बक्समान्दुकी अञ्जली तेलीले एपिएफकी शर्मिला तामाङलाई ५-० को युनानिमस डिसिजनका आधारमा पराजित गरेकी छिन्। पुरुषतर्फ ५१ किलो तौल समूहमा नेपाल आर्मीका सुशील थापाले एचटुओका रविन थापालाई स्प्लिट डिसिजन ३-२ को आधारमा हराए। सोही तौल समूहमा बक्समान्दुका लक्ष्मण राईले रुपन्देहीका अमृत ठाडाराईलाई आरएससीका आधारमा तेस्रो राउन्डमा पराजित गरे।

सोही तौल समूहमा नेपाल प्रहरीका चन्द्रबहादुर थापाले रुकुमका अजय पुनमगरलाई युनानिमस डिसिजनका आधारमा ५-० ले हराए। यसै समूहमा अल्फाका विशेष बुढामगरले जेनेक्सका कमल थापामगरमाथि ५-० ले जित निकाले। प्रतियोगिताअन्तर्गत पुरुष ५७ किलो तौल समूहमा भाइब बक्सिङ क्लबका निराजन मोक्तानले एपिएफका प्रदीप महर्जनलाई स्प्लिट डिसिजन ३-२ ले हराए।

७१ किलो तौल समुहमा भाइब बक्सिङका कुशल गुरुङमाथि भूपू बक्सिङ कास्कीका निशान गुरुङले ४-१ ले हराएका छन्। ७१ किलो तौल समूहमै नेपाल आर्मीका दानबहादुर दर्लामीले नक्सालका अश्विन धीरन श्रेष्ठलाई युनानिमस डिसिजनका आधारमा ५-० ले पाखा लगाएका छन्।

टाइम्सलाई नखिपोट बास्केटबल उपाधि

काठमाडौं/ टाइम्स र रोयलले दोस्रो नखिपोट खुला बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन्। टाइम्स पुरुष तथा रोयल महिला यू- २३ तर्फ च्याम्पियन बनेका हुन्। नखिपोटस्थित आयोजक नखिपोट युवा क्लबको कभर्ड हलमा भएको पुरुष फाइनलमा टाइम्सले बुढानीलकण्ठलाई ८४-७१ ले पराजित गऱ्यो। टाइम्सको जितमा मनीष केसीले २८ स्कोरको योगदान गरे। महिलाको उपाधि भिडन्तमा रोशनी श्रेष्ठको १९ स्कोरको सहयोगमा रोयलले बुढानीलकण्ठलाई ४८-३९ ले हरायो।

टाइम्सले बुढानीलकण्ठविरुद्ध पहिलो क्वार्टरमा १८-१४ को अग्रता लिएको थियो। टाइम्सले दोस्रोमा १९-२० ले पछि पऱ्यो। टाइम्सले तेस्रो क्वार्टरमा गरेको ३०-१६ को प्रदर्शन जितका लागि महत्त्वपूर्ण साबित भयो। अन्तिम तथा चौथो क्वार्टरमा बुढानीलकण्ठले २१-१७ को अग्रता बनाए पनि जित हात पार्न सकेन। प्रतियोगिताको विजेताले एक लाख पाँच हजार तथा उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। 'मोस्ट भेलुएबल प्लेयर' टाइम्सका सदिश प्रधानले २५ हजार रुपैयाँ पाए। महिलातर्फ पहिलो भएको रोयलले ५० हजार तथा उपविजेता बुढानीलकण्ठले २५ हजार नगद पुरस्कार पाए। 'मोस्ट भेलुएबल प्लेयर' चुनिएकी रोशनी श्रेष्ठले १० हजार नगद पुरस्कार पाइन्।

नेपाल सुपर लिग

काठमाडौं र धनगढी बराबरीमा

काठमाडौं/ साबिक विजेता काठमाडौं रेजर्स र उपविजेता धनगढी एफसीले नेपाल सुपर लिग (एनएसएल) दोस्रो संस्करणमा १-१ को बराबरी खेल्दै अंक बाँडेका छन्। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार धनगढीले सुरुवाती अग्रता जोगाउन नसक्दा अंक बाँड्न बाध्य भएको हो। धनगढीका लागि लेबनानका अहमद हिजाजी तथा काठमाडौंका लागि क्यामरुनका ओलिभर किन्गुईले गोल गरे।

बराबरीसँगै अपराजित धनगढीले ६ खेलमा १२ अंक जोड्दै पहिलो स्थानमै रह्यो। अंक बाँडेपछि प्रशिक्षक युगल किशोर राई भने रेफ्रीमाथि आक्रोशित रहे। उनले रेफ्रीकै कारण बराबर खेल्नुपरेको र निर्णय चित्त नबुझेको बताए। 'हामीले हाम्रो खेलमा नवीन्द्र महर्जन हुनुहुँदैन भनेका छौं। उहाँ काठमाडौंको हो। तर, भन्दाभन्दै



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

पनि हाम्रो सुनुवाइ भएन,' राईले आक्रोशित हुँदै भने, 'मैले पहिले पनि दुई पेपर लेखेर आयोजकलाई बुझाएको छु। तर, सुनुवाइ भएन,' राईले भने।

यसअघि खेल फिफा रेफ्री प्रज्वल क्षेत्रीलाई खेलाएका थिए। तर, पहिलो हाफमा ह्यामस्ट्रिङ भए पनि प्रज्वलको स्थान लिँदै दोस्रो हाफमा नवीन खेल खेलाएका हुन्। फोर्थ रेफ्रीमा श्याम दुनुवार आए। काठमाडौं पाँच खेलमा ९ अंकका साथ चौथो स्थान यथावत् छ। काठमाडौंले बाँकी दुई खेलमा नै जित निकाल्नुपर्छ। प्रशिक्षक बालगोपाल महर्जनले सुरुमै गोल गर्ने योजना रहे पनि अन्तिममा मात्रै गोल निस्किएको बताए।

उनले पछिल्ला खेलमा प्रदर्शन स्तरीय भएको प्रतिक्रिया दिए। 'हामी सुरुबाटै गोल गर्न चाहन्थ्यौं। तर, अन्तिममा मात्रै भयो। एक अंक भए पनि आएको छ। पछिल्लो दुवै खेल जित्नुपर्ने दबाब बढेको छ,' प्रशिक्षक महर्जनले भने। दोस्रोपटक रक्षक अञ्जन राईलाई कप्तानी जिम्मेवारी दिएका हुन्। यसअघि मार्की हिसुब थपलिया र कुलदीप कार्कीले आर्म ब्यान्ड लगाएका थिए।

हिजाजीको अग्रता

आक्रामक खेल प्रदर्शन गरेको धनगढीले खेलको १५औं मिनेटमा अग्रता बनायो। काठमाडौंका रक्षक आन्द्रेश नियाको गल्ती फाइदा उठाउँदै हिजाजीले गोल गरेका हुन्। हिजाजीले नियाबाट बल खोस्दै गोलरक्षक एन्जल श्रेष्ठलाई बिट गराएका हुन्। एन्जलले पनि दोस्रोपटक अवसर पाएका छन्। ६६औं मिनेटमा काठमाडौंले बराबरी गोल गऱ्यो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com